# लेखापरीक्षण प्रतिवेदन

# शैल्यशिखर नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# शैल्यशिखर नगरपालिका, दार्चुला

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**

**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/515

श्रीमान् नगर प्रमुखज्यू,
शैल्यशिखर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, दार्चुला ।

**बिषय - <u>लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा</u> ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष-२०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(थवराज अधिकारी)
नायब महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौ**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/515

श्री नगरप्रमुखज्यू ,

शैल्य शिखर नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय

गोकुलेश्वर, दार्चुला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तर सरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रु.१ अर्व ५१ करोड ६२ लाख ५८ हजारको लेखापरीक्षणबाट रु. ४ करोड १० लाख ०८ हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु. १ लाख ५२ लाख ७० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ करोड ४० लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६४ लाख ६३ हजार, नियमित गर्नुपर्ने रु.५४ लाख ८४ हजार र पेश्की बाँकी रु.१३ लाख ९३ हजार गरी जम्मा रु. २ करोड ७३ लाख ८७ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु. ४८ करोड ०२ लाख ६५ हजारमा यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु. ५० करोड ७६ लाख ५२ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा** - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।



( थवराज अधिकारी )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| १२६ | १७६ | ४,१०,०८,१४२ | ० | ३९ | १,५२,६९,८१८ | १६,४८,३५३ | १२६ | १३७ | २,७३,८६,६७७ | १,४०,४७,२४८ | ५४,८३,५१२ | ६४,६३,०८६ | ० | ० | १,१९,४६,५९८ | १३,९२,८३२ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| दार्चुला | ५३,८५,५२,००० | ० | ५,८२,८६,५१८ | ४८,०२,६५,४८२ | ० | २,७३,८६,६७७ | ५०,७६,५२,१५९ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ९५.१०, ९५.२९,९५.३४,९५.३५,९५.३६ | शिक्षातर्फ | ९,७२,४१९ |
| २ | २०८१/८२ | ४३.५,४३.६ | रोजगार सेवा केन्द्रतर्फ | ४३,६३८ |
| ३ | २०८१/८२ | ८५.१,८५.२ | प्रशासकिय भवन निर्माण | १,३९,२०,६९३ |
| ४ | २०८१/८२ | ८४.४ | उपभोक्ता समितितर्फ | २,६४,७४३ |
| ५ | २०८१/८२ | ४४ | इन्धन बिल | ६८,३२५ |
| ६ | २०८०/८१ | ३२ | बालबालिका सहयोग कार्यक्रम | १,००,००० |
| ७ | २०८०/८१ | २७ | बढी तलब भुक्तानी | १,३२,२६४ |
| ८ | २०८०/८१ | ६८ | बढी तलबभत्ता निकासा: | २८,९२८ |
| ९ | २०८०/८१ | २२ | पेश्की बाँकी | २१,४५,००० |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८०/८१ | ५३ | खर्च पुष्टयाईको प्रमाण | ३,६६,०२६ |
| ११ | २०८०/८१ | २८ | कानुनी सल्लाकार | ५,८५,००० |
| १२ | २०८०/८१ | ६१ | एकमुष्ट अनुदान: | १,४८,००० |
| १३ | २०७९/८० | ९३ | विविध खर्च | २७,४६,६२५ |
| १४ | २०७९/८० | ३१ | राष्ट्रपति रनिङ शिल्ड | ४१,८७,३६८ |
| १५ | २०७९/८० | ४८ | भ्रमण खर्च | ६,७६,४३६ |
| १६ | २०७९/८० | ७३ | पेश्की बाँकी | ३,२५,००० |
| १७ | २०७९/८० | ६७ | पेश्की असुल | १,४०,००० |
| १८ | २०७९/८० | ६३ | तलव भत्ता | २,३९,६४,५०८ |
| १९ | २०७९/८० | १३ | कारोबारको भुक्तानी | १६,३४,५४१ |
| २० | २०७८/७९ | २४ | सेनेटरी प्याड खरीद तथा वितरण | ९,६३,२७० |
| २१ | २०७८/७९ | ३३ | मातृ स्वास्थ्य कार्यक्रम | ५,००,००० |
| २२ | २०७८/७९ | ३५ | बढी भुक्तानी तथा निःशुल्क औषधी वितरण | ३८,००० |
| २३ | २०७८/७९ | ३ | बढी भुक्तानी | १३,५८,३८३ |
| २४ | २०७८/७९ | ५२ | असुल गर्नुपर्नेः | ९३,३४,३९३ |
| २५ | २०७७/७८ | ७१ | पेश्की | ४८,१४,००० |
| २६ | २०७६/७७ | ३०.१ | प्रमाण कागजात पेश नभएको | ४०९८७७६ |
| | | | **जम्मा** | **७,३५,५६,३३६** |

# शैल्यशिखर नगरपालिका, दार्चुला

# ( ८०७७३४०२३०० )

# शैल्यशिखर नगरपालिका , दार्चुला

# परिचय

१

**(क) कार्यालयको परिचय** - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा, ११७.८१ वर्ग किलोमिटर क्षेत्रफल तथा २१८०७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।९ देखि २०८२।५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय-व्ययतर्फ रु. १ अर्ब ५१ करोड ६२ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु** - लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न

छ । अनुसूचि-२ मा उल्लेखित बितिय बिवरणमा अन्तर सरकारी बित्तिय हस्तान्त्रणको रकम समावेश छैन ।

**(ज) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५ हजार असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | दाखिला गर्ने व्यक्ति/ संस्थाको नाम | मिति/ भौ.नं. | वापत | रकम रु. |
|---|---|---|---|---|
| १ | उत्तम बहादुर पाल | २०८२।०५।१२-८६१७२७३० (रा.वा.बै) | बढी ग्रेड भुक्तानी | १८,९२८ |
| २ | रमेश बहादुर खडायत | २०८२।०५।१० नगदी रसिद (ने.इ.मेगा बैं) | अन्य दस्तुर | ५,२२० |
| ३ | रमेश राज बिष्ट | २०८२।०५।१०-नगदी रसिद (ने.इ.मेगा बैं) | अन्य दस्तुर | १,००० |
| | | | **जम्मा** | **२५,१४८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ४ मा स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको समग्र आय र व्ययको एकीकृत विवरण तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको आर्थिक वर्ष २०८१/८२ को आर्थिक कारोकारको एकीकृत वित्तीय प्रतिवेदन देहाय अनुसार रहेको छ । उक्त प्रतिवेदनको आय रू. ७६८५६२५९२।११ रहेकोमा व्यय रू. ७६८५५१५५९।५३ रहेको छ। व्यय भन्दा आय रू. ११०३२।५८ बढी देखिएको छ। पालिकाले आय र व्यय विवरण अद्यावधिक गरी हिसाब मिलान हुनुपर्दछ ।

| आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण | | | | | |
|---|---|---|---|---|---|
| आयतर्फ | | | व्ययतर्फ | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| **सुरु मौज्दात** | | **१०८८९६१६.८२** | **चालु खर्च** | | **४१९१४५२६६.०४** |
| १.संचित कोष | ८७६८७६३.७४ | | १. पालिकातर्फ | १४७४७९६१९.४५ | |
| २.धरौटी | २१२०८५३.०८ | | २. संघीय सशर्त | २६६३०९५१०.१४ | |
| ३.कार्यसञ्चालन कोष | ०.०० | | ३. संघीय विशेष | ०.०० | |
| ४. अन्य कोष | | | ४. प्रदेश सशर्त | १२९९६६.०० | |
| **यस वर्षको आय** | | **५११५३८९१.९३** | ५. प्रदेश विशेष | ५२२६१७०.४५ | |
| १.आन्तरिक आय | ५११५३८९१.९३ | | **पुँजीगत खर्च** | | **१५९८७७४३९.४०** |
| **२. वित्तीय हस्तान्तरण (संघ)** | | **५११५६७२२५९.०३** | १. पालिका तर्फ | ८७९४२१७९.३४ | |
| क) समानीकरण अनुदान | ११५५२५८४०.०० | | २. संघीय सशर्त | २६२५१९४५.२६ | |
| ख) राजस्व बाँडफाँट | ९०६५६४५४.०३ | | ३. संघीय विशेष | ०.०० | |
| ग) सशर्त अनुदान | ३०५२२६०००.०० | | ४. संघीय समपुरक | ४२५५३७६.४९ | |
| घ) समपुरक अनुदान | ४२६३९६५.०० | | ५. प्रदेश सशर्त | २८७९७३९५.३१ | |
| ङ) विशेष अनुदान | ०.०० | | ६. प्रदेश विशेष | ०.०० | |
| च) रोयल्टी | ०.०० | | ७. प्रदेश समपुरक | १२६३०५४३.०० | |
| छ) अन्य | ०.०० | | **अन्तर सरकारी अख्तियारी (संघ)** | | **१४६२२५९९७.१४** |
| **३. वित्तीय हस्तान्तरण (प्रदेश)** | | **६४०८३९२१.१२** | क सामाजिक सुरक्षा | ८९८१३९१५.०० | |
| क) समानीकरण अनुदान | ११९४३०००.०० | | ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ४८००००००.०० | |
| ख) राजस्व बाँडफाँट | ४४३९०४०.१२ | | ग) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ०.०० | |
| ग) सशर्त अनुदान | २९८३००००.०० | | घ) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ३८३८८३१.३३ | |
| घ) समपुरक अनुदान | १२६३०५४३.०० | | ङ) उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ४२६८२५०.८१ | |
| ङ) विशेष अनुदान | ५२४१३३८.०० | | च) औद्योगिक पुर्वाधार विकास कार्यक्रम (बिशेष आर्थिक क्षेत्र) | ०.०० | |
| च) रोयल्टी | ०.०० | | छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३०५०००.०० | |
| छ) अन्य | ०.०० | | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | ० | ० |
| **४. अन्तर सरकारी अख्तियारी (संघ)** | | **१४६२२५९९७.१४** | ऋण फिर्ता(साँवा) | ०.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| क सामाजिक सुरक्षा | ८९८१३९१५.०० | | ऋणको ब्याज भुक्तानी | ०.०० | |
| ख) स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम | ४८००००००.०० | | **धरौटी फिर्ता तथा सदर स्याहा** | **२१४३५३६.७२** | **२१४३५३६.७२** |
| ग) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | ०.०० | | **कार्यसञ्चालन कोषबाट भएको खर्च** | **१७६०१३९२.००** | **१७६०१३९२.००** |
| घ) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | ३८३८८३१.३३ | | अन्य कोषबाट भएको खर्च | ०.०० | |
| ङ) उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार कार्यक्रम | ४२६८२५०.८१ | | गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ०.०० | |
| च)औद्योगिक पुर्वाधार विकास कार्यक्रम (बिशेष आर्थिक क्षेत्र) | ०.०० | | अन्य सहयोगमा सञ्चालित योजना | ०.०० | |
| छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३०५०००.०० | | अन्य खर्च भएमा | ०.०० | |
| ५. **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | | | **अनुदान फिर्ता** | | **१३५९०९३९.३५** |
| ६. ऋण/ वित्तीय व्यवस्था | ०.०० | | १. संघ तर्फ | | |
| **७. धरौटी आय** | **८९३५४९४.०७** | **८९३५४९४.०७** | क) सशर्त अनुदान | १२६६४५४४.६० | |
| **८. कार्यसञ्चालन कोष आय** | **१७६०१४१२.००** | **१७६०१४१२.००** | ख) विशेष अनुदान | ०.०० | |
| ९. अन्य कोषको आय | ०.०० | | ग) समपुरक अनुदान | ८५८८.५१ | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | ०.०० | | २. प्रदेश तर्फ | | |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | ०.०० | | क) सशर्त अनुदान | ९०२६३८.६९ | |
| १२. अन्य आय भएमा | ०.०० | | ख) विशेष अनुदान | १५१६७.५५ | |
| | | | ग) समपुरक अनुदान | ०.०० | |
| | | | **अन्तिम मौज्दात** | | **९९६६९८८.८८** |
| | | | १. संचित कोषको मौज्दात | १०५४१५८.४५ | |
| | | | २. धरौटी | ८९१२८१०.४३ | |
| | | | ३. कार्यसञ्चालनकोष | २०.०० | |
| | | | ४. अन्यकोष | ०.०० | |
| **जम्मा** | **७६८५६२५९२.११** | **७६८५६२५९२.११** | **जम्मा** | **७६८५५१५५९.५३** | **७६८५५१५५९.५३** |

३ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार यो वर्षको अन्त्यमा आन्तरिक राजस्व खातामा रू. २४३३२४।७४ मौज्दात रहेको देखियो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

## ४ बैङ्क हिसाब विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ। सोही बमोजिम पालिकाले कारोवारको बैङ्क हिसाब मिलान विवरण (म.ले.फा.नं. २७० को टिप्पणी ६.२) तयार गरी हिसाब भिडान गर्नु पर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार देहाय बमोजिम यो वर्षको अन्त्यमा स्रेस्ता अनुसार मौज्दात रू. १०४९१९३२।८० र बैङ्क अनुसार मौज्दात रू १३७२३१२१।६८ देखियो। पालिकाले तोकिए बमोजिम बैङ्क हिसाव मिलान विवरण तयार गरी पेश गरेको छैन। बैकमा बढी रू. ३२३११८८।८८ भएको विषयमा यथार्थ अवस्था यकिन गरी हिसाव मिलान गर्नुपर्दछ।

| संकेत | कोष खाता | गत बर्षको मौज्दातरकम | घट/ बढ नगद | मौज्दात रकम | नगद मौज्दात | बैक स्टेटमेन्टअनुसार |
|---|---|---|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | ५,०७,८९९.३४ | ५,०७,८९९.३४ | २,४३,३२४.७४ | ०.०० |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | | ० | ० | ० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | | ० | ० | ० |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | ० | | ० | ० | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | ८७,६८,७६३.७४ | -७७,१४,६०५.२९ | १०,५४,१५८.४५ | ० | १०५४१५८.४५ |
| ग ३.१ | स्धानीयतह धरौटी खाता | २१,२०,८५३.०८ | ६७,९१,९५७.३५ | ८९,१२,८१०.४३ | | ८९१२८१०.४३ |
| ग २.२ | चालूखर्च खाता- जोर वर्ष | ० | ६,०१२.०० | ६,०१२.०० | | ० |
| ग २.४ | पुँजीगतखर्च खाता- जोर वर्ष | ० | ११,०३२.५८ | ११,०३२.५८ | | ० |
| ग २.७ | विविधखर्च खाता | ० | २०. | २०. | | ३७५६१५२.८ |
| **जम्मा** | | **१,०८,८९,६१६.८२** | **१,१७,०७,२०,४९०.५४** | **१,०४,९१,९३२.८०** | **२,४३,३२४.७४** | **१,३७,२३,१२१.६८** |

## ५ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको म.ले.प.फा.नं. २७० अनुसार रू. १,१५,५६,७८३।९७ मौज्दात रहेकोमा यो वर्ष रू. १०८८९६१६.८२ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ६६७१६७।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नु पर्ने रू..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,६७,१६७ |

## ६ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। सोही प्रणालीबाट स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गरिएको छ। पालिकाले स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम चालु मा रू.३०५०००।००, स्वास्थय क्षेत्र सुधार कार्यक्रम पुँजीगतमा रू. ३८३८८३१.३३ स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रममा रू. ४८००००००।००, उच्च पहाडी एवम् हिमाली क्षेत्र स्वरोजगार तथा आर्थिक सशक्तिकररण कार्यक्रममा रू ४२६८२५०.८१ समाजिक सुरक्षा तथा संरक्षणको रू. ८९८१३९१५।०० समेत गरी

रू.१४६२२५९९७।१४ सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाबाट भएका सबै कारोबारहरु वित्तीय विवरण (म.ले.प.फा.न. २७०) मा समावेश गर्नुपर्दछ।

७ **आन्तरिक नियन्त्रण**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ र नियमाबली २०७७ को ८१ बमोजिम कार्यालयले आन्तरीक नियन्त्रण प्रणाली तयार गरी प्रकाशन एवम् लागु गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली,२०८० नियम ७९ मा प्रदेश तहका सबै निकायहरुले निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । आन्तरिक नियन्त्रण प्रणालीमा देहाय अनुसारको कमी कमजोरी रहेको पाइयो । कार्यालय प्रमुखले कानुनको परिपालना गरि आन्तरिक नियन्त्रण प्रणालीको यथोचित व्यवस्थापन द्वारा कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ ।

- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको भए तापनि पूर्ण रुपमा कार्यान्वयनमा नरहेको,
- तोकिए बमोजिम अन्तर सरकारी बित्तीय हस्तान्तरण र पालिकाको आर्थिक कारोबारको आन्तरिक लेखारीक्षण नगराएको,
- दरबन्दी अनुसार पदपूर्ति नभएको,
- सवारी लगबुक, सवारीसाधन तथा उपकरण मर्मत रजिष्टर नराखेको,
- आन्तरिक स्रोतको परिचालन प्रभावकारी रुपमा गर्न नसकेको,
- जिन्सी मालसामनको निरिक्षण भए पनि निरिक्षण प्रतिवेदनमा उल्लेख भएको लिलाम बिक्री गर्नुपर्ने मालसामन प्रतिबेदन प्राप्त भएको १ महिनाभित्र लिलामको प्रकृया शुरु नगरेको साथै समयमा मर्मत तथा लिलाम बिक्रीको प्रक्रिया शुरु नगर्दा नोक्सानी भएको,
- चियापान, मनोरञ्जन, अतिथी सत्कार जस्ता बिबिध कार्यक्रम सञ्चालनको नर्म्स र मापदण्ड तयार गरिएपनि पूर्ण रुपमा कार्यान्यनमा नआएको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको पाइएन,
- सबै जिन्सी सामान आम्दानी बाँध्दा स्पेसिफिकेसन समेत खुलाउनु पर्नेमा खुलाएको पाईएन र
- परामर्श सेवामार्फत गरिएको अध्ययन अनुसन्धानबाट प्राप्त प्रतिवेदनको कार्यान्वियन नगरेको ।

पालिकाले आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन ऐन, नियममा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ

८ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू. ५६६१७९१।२७ राजस्व बाँडफाँडबाट रू.९५०९५४९४।१५, अनुदानबाट रू.४८४६६०६८६।०० तथा अन्य प्राप्ती रू.२६५३६९०६।०७ लगायत रू. ६२२८४४४९४।३१ प्राप्ती भएकोमा चालु तर्फ रु. ४१९१४५२६६।०४ तथा अन्यकोष तर्फको भुक्तानी रू. ३३३३५८६८।०७ र पुँजीगत तर्फ रू. १५९८७७४३९।४० समेत रु. ६१२३५८५७३।५१ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय तथा राजस्व बाँडफाँडको रकमबाट ६८.४५ प्रतिशत चालु र २६.११ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

९ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत

खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५९८७७४३९.४० | २२७००००००.०० | ६५५७५८४.५० | ३६४३३८१४.३४ | ९४१८६०४०.५६ | ५४९३५२७९.६५ |
| **प्रतिशत** | **१००.००** | **१४.२०** | **४.१०** | **२२.७९** | **५८.९१** | **३४.३६** |

जस अनुसार यो वर्ष पुँजिगत खर्च रू.१५ करोड ९८ लाख ७७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रू.२ करोड २७ लाख अर्थात १४.२० प्रतिशत, दोस्रो त्रैमासिकमा रू. ६५ लाख ५७ हजार अर्थात ४.१० प्रतिशत, तेस्रो त्रैमासिकमा रू.३ करोड ६४ लाख ३४ हजार अर्थात २२.७९ प्रतिशत र चौथो त्रैमासिकमा रू. ९ करोड ४१ लाख ८६ हजार अर्थात ५८.९१ प्रतिशत खर्च गरेको देखियो। यसरी नै आषाढ महिनामा मात्र रू. ५ करोड ४९ लाख ३५ हजार अर्थात ३४.३६ प्रतिशत खर्च देखिनुले बर्षान्तमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित हुने गरी खर्च व्यवस्थापन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप बर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## १० वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार पालिकाको कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय तहको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) निम्नानुसार रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा १० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ११ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ६६ र ६७ मा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बिषयक्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने र सोही सीमा भित्र रहि बजेट तथा कार्यक्रमको प्राथमिकिकरण गरी बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखियो। उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.३४ प्रतिशत र सुशासनमा सबै भन्दा घटीमा १.९७ प्रतिशत रहेको छ। पालिकाले आफ्नो आवधिक योजना बनाई दिगो विकासका अल्पकालिन तथा दिर्गकालिन लक्ष्य तय गरी बजेट कोडिङ मार्फत प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गर्नु पर्दछ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,५३,६५,०००.०० | २,३२,३२,८१८.५६ | ४.०१ |
| २ | सामाजिकविकास | ३२,०९,५२,०००.०० | २९,१४,६४,०५०.०४ | ५०.३४ |
| ३ | पूर्वाधारविकास | १४,०२,६४,०००.०० | ११,४२,७८,०६२.८८ | १९.७४ |
| ४ | सुशासनतथा अन्तरसम्बन्धित क्षेत्र | १,१५,१९,०००.०० | १,१४,३५,५९१.८५ | १.९७ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १४,१२,०४,०००.०० | १३,८६,१२,१८२.११ | २३.९४ |
| | **कुल जम्मा** | **६३,९३,०४,०००.००** | **५७,९०,२२,७०५.४४** | **१००.००** |

## १२ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

### १३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१/०३/०७ मा रु. ६१ करोड ५२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।०३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियो । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

### १४ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्ष पछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुपर्ने व्यवस्था छ। साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। पालिकाले त्यस्तो समिति गठन गरेको देखिएन। ऐनमा व्यवस्था भए अनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्न सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

### १५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्न कुनै मापदण्ड तथा कार्यविधि तयार गरेको नदेखिएकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको परिपालनामा ध्यान दिनुपर्दछ।

### १६ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नु पर्दछ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रू. ५२५४१८१७।९२ भुक्तानी दिएको छ।आगामी वर्ष दायित्व सृजना गर्ने गरी बजेट व्यवस्थापन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

### १७ दायित्व बाकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १२ मा बजेट तर्जुमा गर्दा प्रचलित कानुन बमोजिम सृजित दायित्वको लेखाजोखा गर्नु पर्ने र अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को बुँदा न ४.१.३ मा बजेट अनुमान गर्दा गत वर्षको भुक्तानी दिन बाँकी दायित्वको लागि आवश्यक बजेट अनुमान गरे पश्चात मात्र अन्य पुँजिगत कार्यक्रमको लागि बजेट अनुमान गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार गत वर्षको भुक्तानी दिन बाँकी लगायत क्रमागत तथा अधुरो योजनाको शिर्षकमा रू ४२५८३६००।०० यो वर्ष बजेटमा राखि व्ययको अनुमान गरिएको देखियो। आगामी वर्षको लागि समेत दिर्घकालिन अवधिको लागि दायित्व सृजना हुने गरी कार्यक्रम तथा योजना छनौट गर्दा दिगो विकास हुने रोजगारमुलक प्रकृतिका आयोजना छनौट गर्नु पर्ने साना साना योजनाहरु छनौट गरी सोको लागि थोरै रकम विनियोजन गर्ने र अधुरो योजनाको रुपमा आगामी वर्ष समेत सोही साना योजनाहरुमा बजेट निरन्तर विनियोजन गर्न लगाउने प्रवृत्तिले बजेट खर्च उत्पादनमूलक नहुनुका साथै नयाँ नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत प्रभाव परेको देखीयो। अत यस प्रकारको बजेट व्यवस्थापनमा नियन्त्रण कायम हुनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा १७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## १८ शिर्षक फरक पारी खर्च

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा सरकारी रकम खर्च गर्दा सम्बन्धित शीर्षकबाट खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले कारार सेवा शुल्क शीर्षकबाट इन्धनमा रु.५,४६,१२१।४० खर्च लेखेको देखिन्छ । पालिकाले सम्बन्धित खर्च शीर्षक फरक पारी लेखिएको खर्च नियमसँगत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ५,४६,१२१.४ |

## १९ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। त्येसै गरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ मा प्रत्येक कार्यालयले त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरेको पाइएन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

## २० कर्मचारी व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकाले मिति २०८०।०६।२८ मा सभाबाट व्यवस्थापन सर्भेक्षण स्वीकृत भएकोमा देहायका दरबन्दी कायम गरीएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेको छ।

- पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २४८ दरबन्दी स्वीकृत रहेकोमा ४८ स्थायी पदपूर्ति १३६ जना करारमा र ७५ कर्मचारी रिक्त रहेको देखिन्छ।
- कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासन अधिकृत, लेखा अधिकृत, सि.डि.ई. रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।
- पालिकाले यो वर्ष नगरपालिका करार तथा स्वास्थ्यकर्मी लगायत विभिन्न पदमा १३६ कर्मचारीहरु करारमा राखी रू. ७५०२०७३७।९३ खर्च लेखेको छ। पालिकाले व्यवस्थापन सर्भेक्षण गर्दा आन्तरिक आय तथा पालिकालाई थप पार्ने आर्थिक दायित्व ध्यान दिएको देखिएन। अतः पालिकाले अनावश्यक स्वीकृत दरन्दी घटाई मितव्ययीता अपनाउनु पर्छ।

**(विस्तृत विवरण बेरूजु दफा २० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## २१ कानुन निर्माण एवम् कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। यस पालिकाले हालसम्म १४ वटा ऐन, ८ वटा नियमावली, ४१ कार्यविधि र निर्देशिका ८ लगायत ७१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। तसर्थ उक्त कानुनहरु गरी कार्यान्वियनमा ल्याउनु पर्दछ।

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप भएको १७ विवाद दर्ता भएकोमा १७ वटा फर्स्यौट भई देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| गत आ.व सम्म फछर्यौट नभएको विवाद संख्या | यो आ.व मा दर्ता भएको विवाद संख्या | यो आ.व. मा कुल फछर्यौट भएको विवाद संख्या | कुल फछर्यौट बाँकी विवाद |
|---|---|---|---|
| ० | १७ | १७ | ० |

२३ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था छ।पालिकाले फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२४ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

२५ **सेवा प्रवाहको स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (२) मा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिका तथा अन्तर्गतका वडाहरुबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेको छ। पालिकाबाट यो वर्ष नागरिकता सिफारिस, घरबाटो सिफारिस, जन्म तथा मृत्यु दर्ता, नाता प्रमाणित, बसाईसराई, सम्बन्ध बिच्छेद, बिवाह दर्ता र अन्य दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन। पालिकाले ऐन बमोजिम प्रवाह गरेका सेवाको अभिलेख व्यवस्थित गर्नु पर्दछ। पालिकाले वडा कार्यालयबाट सम्पादित सेवालाई सरल सहज र व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई सूचना प्रविधिमा आधारित सरल र प्रभावकारी बनाउनु पर्दछ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ६ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ५८७ |
| मृत्युदर्ता | १६८ |
| बसाईसराई दर्ता | ९८ |
| विवाह दर्ता | २०३ |
| सम्बन्धविच्छेद दर्ता | २ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ५ कि. मि. |

## २६ अनुदान फिर्ता

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०८० को नियम ४४ मा क्रमस सङ्घीय सञ्चित कोषबाट र प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा हस्तान्तरण भएको सशर्त, समपुरक र विशेष अनुदानको रकम सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको अवस्थामा उक्त रकम सम्बन्धित सङ्घीय ईकाइका कोषहरुमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार यो वर्ष संघ र प्रदेशबाट प्राप्त उल्लिखित अनुदानको रकमको विवरण निम्नानुसार छन । प्राप्त अनुदान मध्ये यो वर्ष भरी खर्च नभई बाँकी रहेको रकम मध्ये असार मसान्तमा देहाय बमोजिमको रकम फिर्ता गरेको छ।

| बजेटको श्रोत | बजेट शिर्षक | प्राप्त | खर्च | बाँकी | सुत्र अनुसार फिर्ता | भौचर अनुसार फिर्ता |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त अनुदान चालु | २७८९२६००० | २६६३०९५१०.१४ | १२६१६४८९.८६ | १२६१०४७७.८६ | १२३९३७७७.८६ |
| | शसर्त अनुदान पुँजीगत | २६३००००० | २६२५१९४५.२६ | ४८०५४.७४ | ४८०५४.७४ | २२२७१२ |
| | समपुरक अनुदान पुँजीगत | ४२६३९६५ | ४२५५३७६.४९ | ८५८८.५१ | ८५८८.५१ | ५६६४३.२५ |
| | **जम्मा** | **३०९४८९९६५** | **२९६८१६८३१.८९** | **१२६७३१३३.११** | **१२६६७१२१.११** | **१२६७३१३३.११** |
| प्रदेश सरकार | शसर्त अनुदान चालु | १०३०००० | १२९९६६ | ९०००३४ | ९०००३४ | ९१५२०१.५५ |
| | शसर्त अनुदान पुँजीगत | २८८००००० | २८७९७३९५.३१ | २६०४.६९ | २६०४.६९ | २६०४.६९ |
| | विषेश अनुदान चालु | ५२४१३३८ | ५२२६१७०.४५ | १५१६७.५५ | १५१६७.५५ | ० |
| | समपुरक अनुदानपुँजीगत | १२६३०५४३ | १२६३०५४३ | ० | ० | ० |
| | **जम्मा** | **४७७०१८८१** | **४६७८४०७४.७६** | **९१७८०६.२४** | **९१७८०६.२४** | **९१७८०६.२४** |
| | **कुल जम्मा** | **३५७१९१८४६** | **३४३६००९०६.६५** | **१३५९०९३९.३५** | **१३५८४९२७.३५** | **१३५९०९३९.३५** |

## २७ अनुदानको अनुगमन

समपुरक तथा बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा न ११ र सुदूर पश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ को बुदा नं. १२ मा अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको

सम्बन्धमा सम्बन्धित स्थानीय तहको प्रमुखको नेतृत्वमा गठित समितिले नियमित अनुगमन गर्नुपर्ने र सोको चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश नीति तथा योजना आयोगले तोकेको विद्युतीय प्रणालीमा प्रविष्टि गरी सम्बन्धित मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी अनुदानबाट संचालित योजनाहरुको गुणस्तरको सम्बन्धमा लाभान्वित वर्ग र समुदाय तथा सार्वजनिक सुनुवाई मार्फत नागरिक समाजबाट समेत निगरानी गर्ने प्रणालीको विकास गर्नुपर्ने व्यवस्था छ। यस पालिकाबाट निम्नानुसार योजनाहरु विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालन भएकोमा उल्लिखित कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाइने प्रणालीको विकास गरेको छैन। त्यसै गरी नागरिक समाज तथा सार्वजनिक सुनुवाई मार्फत निगरानी हुने प्रणलीको विकास गरेको देखिदैन। तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना गरी संचालित योजनाको गुणस्तर तथा सोबाट प्राप्त हुने लाभमा अभिवृद्धि गराउनु पर्दछ।

| अनुदान | कार्यक्रम | खर्च रकम |
|---|---|---|
| सघीय समपुरक | बगौरा रानीशिखर देथला सडक | ४२५५३७६.४९ |
| प्रदेश समपुरक | देथला तौकीसडक निर्माण | २४५६५२०.६४ |
| | झुलेगडी खोल्सी सडक क्रमागत | २१६१८१४.९५ |
| | बलाँच भुइकाडा सैनवन थला सडक क्रमागत | २२३५८४९.८७ |
| | वडा नं. ३५७ र ८ को कार्यालय भवन निर्माण | ५७७६३५७.५४ |
| प्रदेश विशेष अनुदान | बोहरीगाँ उप स्वास्थ्य चौकी बर्थिङ सेन्टर निर्माण | २७७९६५३.४५ |
| | सत्यप्रकाश मा वि देथला भवन निर्माण | २४४६५१७. |

## २८ अवकास कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन। कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास रकम भुक्तानी गर्दा पालिकालाई थप आर्थिक व्ययभार पर्ने देखिएकोले कानुन बमोजिम उक्त कोष स्थापना गरी उक्त कोषबाट मात्र अवकास रकम भुक्तानी हुनु पर्छ।

## २९ अनुदान वितरण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष पालिकाको चालुगत बजेट शिर्षकबाट निम्नानुसार व्यक्ति तथा फर्महरुलाई विभिन्न कृषिजन्य तथा आय आर्जन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले रकम तथा वस्तुगत अनुदान उपलव्ध गराएको छ। यसरी रकम खर्च गर्दा अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको विधि पारदर्शी तथा स्पष्ट नीतिगत व्यवस्था तयार भएको देखिएन। त्यसैगरी प्रदान गरिएका अनुदान रकमबाट परेको प्रभावको मूल्याङ्कन समेत गरेको अभिलेख पेश भएन। तसर्थ अनुदान वितरणको स्पष्ट कार्ययोजना, लक्षित गन्तव्य, अनुदान प्राप्त गर्ने व्यक्ति तथा फर्म छनौटको निश्चित र वस्तुगत मापदण्ड र प्रभावकारी अनुगमन संयन्त्र मार्फत कार्यक्रमको नियमित प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गरी बजेट खर्चलाई नतिजामूखी बनाउनु पर्दछ। वितरित अनुदान रकम उपयोग गरी थप रोजगारी सृजना गरेको, राजश्वमा योगदान पुर्याएको, अनुदान रकमबाट अनुकरणीय व्यवसाय सञ्चालन गरी अन्य व्यक्ति वा समुदायलाई अनुदान पाए अनुसार सहुलियत दरमा सेवा प्रबाह गरिरहेको सुनिश्चितता गर्नु पर्छ।

| सि.नं. | फर्मको नाम | कार्य्रम | रकम |
|---|---|---|---|
| १ | आदर्श कृषि पशुपालन उद्योग | कुखुरा चल्ला खरिद तथा अन्य खरिद | १००००० |
| २ | बाख्रा पालन नसल सुधार उ.स. | १२ वटा बाख्रा र २ वटा बोका खरिद | २००००० |
| ३ | भुमिराज बहुउदेश्यीय कृषि तथा पशुपालन फर्म | गोठ सुधार कार्य | ११३७११.११ |
| ४ | मठैराज बालिचन बहुउदेशीय कृषि तथा पशु फर्म | २ वट भैसीखरिद तथा अन्य कार्य | १९२००० |
| ५ | लटिनाथ पशुपंन्छी फर्म | कुखुरा चल्ला खरिद तथा अन्य खरिद | ५०००० |
| ६ | दलित बस्तिमा बाख्रापालन उ.स. | १६ वटा ब्राखा खरिद १ बोका खरिद | ५०००० |
| | **जम्मा** | | **७०५७११** |

३० **योजना तर्जुमा तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफलमुखी योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष निम्नानुसार रू.१ लाख भन्दा साना ९५ योजनामा रू. ६६ लाख ८८ हजार र रू.१ लाख देखि ५ लाख सम्मका १०३ योजनामा रू.२ करोड ४४ लाख ९८ हजार खर्च गरेको देखियो। साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धि नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी दिगो प्रतिफल प्राप्त हुने योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ। यो वर्ष पालिकाबाट सम्पन्न योजनाहरूको संख्यात्मक विवरण निम्नानुसार छन।

| विवरण | योजना संख्या | बजेट खर्च रु |
|---|---|---|
| रु.१ लाख सम्म | ९५ | ६६८७८२० |
| रु.१ देखि ५ लाख सम्म | १०३ | २४४९७९३२ |
| रु.५ देखि १० लाख सम्म | २२ | २०१५७०४८ |
| रु.१० देखि २० लाख सम्म | ६ | ९१४९७०८ |
| रु.२० देखि ५० लाख सम्म | १५ | ५३०८९८८७ |
| रु.५० लाख देखि माथी | ५ | ४६२९५०४५ |
| **जम्मा** | **२४६** | **१५९८७७४३९** |

३१ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३५(१)मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाएको देखिएन। बजेट खर्च गर्ने जिम्मेवारी प्राप्त पदाधिकारीले बजेट खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाउन पालिकाको ध्यान जानुपर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शून्यप्रगति | १-२५% | २५-५०% | ५०-७५% | ७५-१००% | कुल खर्च |
| २२५२२ | ८६ | २१ | ० | १ | २ | ६२ | २४९३००४७.६२ |
| ३११०० | २४६ | ० | १ | १ | ६ | २३८ | १५९८७७४३९.४ |
| **जम्मा** | **३३२** | **२१** | **१** | **२** | **८** | **३००** | **१८४८०७४** |

- पालिकाबाट प्राप्त उल्लिखित विवरण अनुसार ३३२ कार्यक्रम तथा आयोजना मध्ये शुन्य प्रगती हुने २१ योजना तथा कार्यक्रम छ। ७५ प्रतिशत भन्दा बढी प्रगती हासिल गर्ने योजना तथा कार्यक्रमको संख्या ३०० रहेको छ।
- शुन्य प्रगती हासिल हुनुको कारण बजेट नै अर्को कार्यक्रम तथा योजनामा रकमान्तर गरी लाने तथा बजेट भएपनि कार्यक्रम कार्यान्वयन नगरेको कारण शुन्य प्रगति भएको देखिन्छ।
- ३३२ योजना मध्ये २१ योजना बाहेक ३११ योजना तथा कार्यक्रममा रू.१८ करोड ४८ लाख ७ हजार खर्च गरेको छ।

लक्ष्य अनुसारको प्रगती हासिल गर्न पालिकाको ध्यान दिनुपर्छ ।

३२ **खरिद योजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रू.१० करोडभन्दा बढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ मा वार्षिक रू.१० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष विभिन्न शीर्षक अन्तर्गत रू.१५ करोड ९८ लाख ७७ हजार पुँजीगत खर्च/खरिद तथा निर्माण कार्य गरेको देखियो। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नु पर्दछ।

३३ **कर विजक**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ २(क) मा बीस हजार भन्दा बढीको कारोबार गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएको फर्मबाट कारोबार गर्नु पर्ने व्यवस्था छ। पालिकाले विविध खर्च अन्तर्गत गोश्वार भौचर नं. १११ मिति २०८१/०९/०२ बाट देवु होटल एण्ड रेष्टुरेन्टलाई रू ७५०००।०० भुक्तानी गर्दा PAN बिल राखी भुक्तानी भएको देखियो। पालिकाले यसरी टुक्रा- टुक्रा गरी खरिद गर्दा मु.अ.कर प्राप्त नहुने हुदा मु.अ.करमा दर्ता भएका सगँ मात्र खरिद कार्य गर्ने तर्फ ध्यान दिनु पर्छ।

३४ **कर दायित्व**

पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रू. १७०४४।५८ देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन। अत: उक्त रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,०४४ |

३५ **सूचना प्रकाश खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न रु. २० लाखसम्म शिलबन्दी दरभाउपत्र र सो भन्दा माथीको लागि बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले पत्रपत्रिकालाई सूचना प्रकाशन, शुभकामना सन्देश, विज्ञापन प्रकाशन लगायत अन्य कार्यको लागि चालुगत शिर्षकमा रू २१७१८१२।०० र पुँगीगत शिषर्षकमा रू. ६२४४४४।७८ गरी रू २७९६२५६।७८ भुक्तानी गरेको छ। यसरी पटक पटक एकै प्रकृतिको सेवा खरीद गर्दा सार्वजनिक खरीद कानुनको पालना भएको देखिएन। यस्ता खर्चलाई मितव्ययिता अपनाई नियत्रन्त्रण गर्नु पर्छ।

३६ **वृतचित्र निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष देहायको वृत चित्र निर्माण गर्दा रू ६७४०००।०० खर्च गरेको छ। खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्दै यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | फर्मको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | मालिकार्जुन डिजिटल मिडीया प्रा.ली | सास्कृतिक संरक्षण कार्यक्रमको वडा नं. गौरा पर्वकोभिडीयो | ५०००० |
| २ | खलंगा मिडिया नेटर्वक प्रा.ली. | वडा नं. ७ को वृतचित्र निर्माण | १४९००० |
| ३ | दृष्टी मिडिया प्रोडोक्सन | पर्यटन सम्बन्धी श्रव्य दृष्य सामग्री निर्माण | ४७५००० |
| | जम्मा | | ६७४००० |

३७ **विद्यालय उदघाटन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभाबाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले भारतीय सरकारको अनुदानमा निर्माण भएका विद्यालय उदघाटन गर्नका लागि रू ४४९३२६।०० खर्च गरेको छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्दै विकास निर्माण योजनामा खर्च गर्नु पर्छ।

३८ **झोलुङ्गे पुल हेरालु**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले यस वर्ष देहायका पुल हेरालु नियुक्ती गरी रू. ४३२०००।०० वार्षिक खर्च गरेको छ। पालिकालाई दिर्घकालिन आर्थिक व्यभार पार्ने गरी कर्मचारी नियुक्ती गर्नु हुदैन। खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्दै यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| सि.नं. | नाम | मासिक |
|---|---|---|
| १ | गोमित दमाई | ६००० |
| २ | नन्दि ओड | ६००० |
| ३ | लक्ष्मी दत | ६००० |
| ४ | विस्रा लोहार | ६००० |
| ५ | सुनिता दमाई | ६००० |
| ६ | हरिकृष्ण लुहार | ६००० |

३९ **म्याद नाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले देहायका व्यक्ति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.१६११३५४९।२२ बाँकी रहेको छ । पेश्की मध्ये रू. १,४७,२०,७१७.२२ गत वितगका लेखापरीक्षण

प्रतिवेदनमा कायम भैसकेको र बाँकी रहेको रू. १३,९२,८३२।०० लगती कायम नभएको देखिन्छ । म्याद नाघेको फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ३९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १३,९२,८३२ |

४० **पदाधिकारी सुविधा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रू. १,०७,९१,७३०।१६ खर्च गरेकोमा पालिकाको आन्तरिक आय रू. ५६,६१,७९१।२७ रहेको छ।जुन आन्तरिक आयको १९०.६१ प्रतिशत हुन जान्छ। पालिकाले आफ्नो आन्तरिक आयको आकार र कर्मचारी तथा पदाधिकारी सुविधा बीचमा आवश्यक तादम्यता मिलाई चालु खर्चलाई व्यवस्थित र मापदण्डमा आधारित बनाउनु पर्दछ।

४१ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्वान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। पालिकाले यो वर्ष देहायका कर्मचारीलाई प्रोत्साहन भत्ता वापत रू. ३,४६,८००।०० भुक्तानी भएको अवस्थामा उल्लिखित व्यवस्था अनुसार कार्यविधि तथा मापदण्ड नबनाई कार्यपालिकाको निर्णय गरी खर्च लेखेको देखियो। निश्चित मापदण्ड र कार्यविधि बनाएर पालिकाको आन्तरिक स्रोत तथा कार्य बोझ समेतको विश्लेषण गरी कर्मचारीलाई प्रोत्साहत स्वरुप अतिरिक्त भुक्तानी गर्नु पर्नेमा अतिरिक्त समय काम गरेको अभिलेख समेत नराखी भत्ता उपलब्ध गराएको पाईयो । यसरी मापदण्ड र कार्यबिधि नबनाई साथै आन्तरिक श्रोतले समेत नथेग्ने गरी बित्तरण भएको भत्ता नियमसँगत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ३,४६,८०० |

४२ **डाक्टर पठन छात्रवृती**

शैल्यशिखर नगरपालिका एम.बी.बी.एस. अध्ययनको लागि छात्रवृति कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ मा यस ना.पा. भित्र संचालनमा रहेका सामुदायिक मा.वि.हरू वा अन्य सामुदायिक विद्यालयहरूबाट पढेका जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका कारण अध्ययन पूरा गर्न नसक्ने अवस्थामा रहेका विद्यार्थीहरूलाई अध्ययन गर्न छात्रवृती प्रदान गर्ने र अध्ययन सम्पन्न पश्चात कम्तिमा ९ महिना देखी बढी २ वर्षसम्मा अनुवार्य रूपमा नगरपालिकामा स्वयंमसेवक हैसियतमा काम गर्नु पर्ने र अनुसूचीमा १ बमोजिम कबुलियत नामा कारार गर्नु पर्ने व्यवस्था छ। पालिकाले धनी साउदलाई एम.बी.बी.एस. पढन ५०००००।०० छात्रवृती सहयोग प्रदान गरेको छ। यसरी छात्रवृती वापत रकम प्रदान गर्दा कबुलियत नामा कारार गरेको पाइएन तथा अभिलेख समेत राखेको देखिएन। पालिकाले निजसँग कबुलियत नामा कारार गरी २ वर्ष सेवा गरेको प्रमाण पेश गर्नु पर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४३ **रोजगार सेवा केन्द्रतर्फ**

स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन रहेको छ।

४३.१ **बेरोजगारको प्राथामिकिकरण** - प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २१ बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सुचीमा समावेश प्राथामिकीकरण गरी प्राथामिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले बेरोजगारको सूचिमा १७५४ जनालाई सुचिकृत गरेको छ । समावेश भएका मध्ये प्राथामिकिकरण गरे पनि प्राथमिकताका आधारमा रोजगार प्रदान गरेको छैन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी धेरै संख्यामा योजना छनोट भएको पूर्वाधार एवम अन्य विकास

निर्माणका लागि अधिकांश योजना छनोट नभई अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनोट भएका छन। साथै श्रमिकको संख्या पनि धेरै रहेकोले कार्यक्रमको उद्धेश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वियन भएको पाइएन। सो को उद्धेश्य अनुसार कार्यान्वियन गर्नुपर्दछ ।

४३.२ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २२ मा रोजगार प्राप्त व्यक्तिले काम गर्न इन्कार गरेमा मात्र रोजगार सेवा केन्द्रले बेरोजगार व्याक्तिको सुचिबाट हटाउन सक्ने व्यवस्था छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वियन गर्न सशर्त अनुदान निकासा सम्बन्धी प्रेश विज्ञप्ति २०७६ फागुन २ को बुँदा (५) बमोजिम निर्णय गर्दा प्राथमिकताक्रममा परेका बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्ति र प्राथमिकता क्रममा परेका आयोजना फरक फरक वडामा पर्न गएमा त्यस्ता बहुसंख्यक सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा खटाउने गरी कार्यपालिकाको निर्णयबाट त्यसभन्दा तल्लो प्राथमिकताक्रममा रहेका आयोजनाहरु समेत कार्यान्वियन गर्न सकिने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ९ वडाको ९ योजना छनौट गरी ५ वडामा यो बर्ष ४१ जनालाई रोजगारी उपलव्ध गराई प्रति दिन रू.६६८ को दरले रू.२७३८८००।०० ज्याला खर्च गरेको विवरण पालिकाले उपलब्ध गराएको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले योजनामा दोहोरोपना नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।

| वडा न. | बेरोजगार संख्या | रोजगार प्राप्त गरेको संख्या | रोजगार प्राप्त गरेको दिन | प्रति व्याक्ति रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | १११ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | ८ |
| २ | २५३ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | ३.५५ |
| ७ | १७३ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | ५.२ |
| ८ | २०९ | ९ | ९०० | १०० | ६०१२०० | ६६८०० | ४.३ |
| ९ | १८९ | ५ | ५०० | १०० | ३३४००० | ६६८०० | ४.७६ |
| | **जम्मा** | **४१** | | | **२७३८८००** | | |

४३.३ **विश्च बैंक रोजगारी कार्यक्रम -** युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार कम्तिमा १०० दिनका लागि रोजगारी प्रदान गर्नुपर्ने तथा परिच्छेद ५ को दफा ३२ मा १०० दिन मध्ये ५० दिन सिप विकास तालिम प्रदान गर्नुपर्ने व्यवस्था छ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार ज्याला प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले विश्व बैंकको (आइडिए) कार्यक्रम अन्तर्गत ५ वडाहरुमा ७ योजना छनौट गरी ४० जनालाई ५० दिन सिप विकास तालिम तथा ५० दिन रोजगार प्रदान गरी प्रति दिन रू.६६८।०० ज्याला दरले रू.२६७२०००।०० खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले योजनामा दोहोरोपना नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।

| वडा न. | सुचिकृत बेरोजगार संख्या | रोजगार प्राप्त गरेको संख्या | सिप विकास तालिम सहभागी दिन | रोजगार प्राप्त गरेको दिन | कुल खर्च | प्रति व्यक्ति औषत रोजगारी आय | रोजगार प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| ३ | १८७ | ८ | ५० | ५० | ४३४४०० | ६६८०० | ४.२७ |
| ४ | ३४९ | ९ | ५० | ५० | ६०१२०० | ६६८०० | २.५७ |
| ५ | १११ | ९ | ५० | ५० | ६०१२०० | ६६८०० | ८.१ |
| ६ | १६१ | १० | ५० | ५० | ६६८००० | ६६८०० | ५.५९ |
| ९ | १८९ | ४ | ५० | ५० | २६७२०० | ६६८०० | ४.७६ |
| **जम्मा** | | **४०** | | | **२६७२०००** | | |

४३.४ **बढी दर विश्लेषण गरी भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा तोकिएको नर्म्स भित्र रही गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका भौचरबाट रोजगारी सृजना कार्यक्रमका योजनामा भुक्तानी गर्दा Dry stone soiling कार्यमा ज्यामी दर ६६८।०० हुनुपर्नेमा ७००।०० राखि दर विश्लेषण गर्दा रु.२०१७५।०० बढी भुक्तानी भएको हुँदा थप व्ययभार देखिएकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | योजनाको नाम | परिमाण | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | पनढुङ्गा देखि लटिनाथ मन्दिर खोल्सीसम्म बाटो निर्माण-७ | ५२.७४ | ४० | २११० |
| २ | तल्लोबेलायत देखि मल्लो बेलायत पालडसम्म बाटो निर्माण-९ | ७०.८८ | ४० | २८३५ |
| ३ | जामीरसैन देखि वडा ४को सिमानासम्म पदमार्ग र पौराडी खानेपानी निर्माण-३ | ४८.३ | ४० | १९३२ |
| ४ | कठपते मल्लोरोड सोलिङ बाटो निर्माण-९ | १९.७८ | ४० | ७९१ |
| ५ | पैराडी देखि चुवाडसम्म घोरेटो बाटो निर्माण-५ | ४०.५ | ४० | १६२० |
| ६ | मालिकार्जुन मा वि र वार्ड कार्यालय घेरवार निर्माण-४ | २१.४५ | ४० | ८५८ |
| ७ | पन्नेबाज टिकाधर बाटो निर्माण-६ | २८.३५ | ४० | ११३४ |
| ८ | छोयापानी बाटो निर्माण-६ | २५.५ | ४० | १०२० |
| ९ | मसानघाट प्रतिक्षालय निर्माण-१ | १३.५ | ४० | ५४० |
| ९ | बलाचदेखि थला सम्म बाटो निर्माण-१ | ५१.३ | ४० | २०५२ |
| १० | सिमलखोला देखि वार्ड ४ ठुलिगाड बाटो निर्माण-२ | ७२.६ | ४० | २९०४ |
| ११ | कल्वबगड देखि सिउडा हुदै धुन्याडसम्म बाटो निर्माण-२ | ५९.४८ | ४० | २३७९ |
| | **जम्मा** | | | **२०१७५** |

| असुल गर्नुपर्ने | २०,१७५ |
|---|---|

४३.५ **कार्यस्थलमा सुरक्षा सामाग्री** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१५,८७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

४३.६ **स्थानीय भत्ता कट्टी -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१४,७७७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-९** को निर्णयले रू **५,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-८-९** को निर्णयले रू **५,०७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **२,८४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४४ **इन्धन बिल**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६८,३२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४५ **अतिरिक्त खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं.१४१-०८१।०९।०७ मा प्रमुख प्रशासकीयको निजी प्रयोजनको लागि बार्षिक घर भाडा वापत रु. ८४,४८०।०० र प्रमुख प्रशासकीय अधिकृत निवासका लागि मासिक विविध खर्चसहित रू.७५०००।०० गरी रू.१५९४८०।०० भुक्तानी भएको देखिन्छ। सार्बजनिक स्रोतको रकम निजि प्रयोजनको लागि खर्च गर्नु मनासिव देखिदैन। अतः पालिकाले यस्ता खर्च नियन्त्रण गर्नु पर्छ । यसरी भएको खर्च नियमसगत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,५९,४८० |

४६ **मर्मत सम्भार खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ मा कुनै मालसामान मर्मत गर्नुपर्दा नियम १३ अनुसार लागत अनुमान तयार गर्नुपर्ने, प्रतिस्थापित पार्टपुर्जा दाखिला गर्नुपर्ने, नियमावलीको प्रक्रीया अवलम्बन गरी पार्टपुर्जा खरिद गर्नुपर्ने तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। त्यसै गरी म.ले.प.फा.नं. ४१४ र ४१४(क) बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत २ पाङ्ग्रे ३० थान, भाडाको जिप २ थान, व्याकहोल्डर, जेनेरेटर, ट्रीपर र जीप एक एक थान रहेकोमा उल्लिखित सवारी साधनहरुको मर्मतमा रु. ५,८८,०००।०० खर्च गरेकोमा मर्मत आदेश फारम, मर्मत सम्पन्न फारम, मर्मत अभिलेख खाता तयार नगरी खर्च लेखेको पाइयो। तोकिएका फारमहरुको प्रयोग गरेको नदेखिएकोले मर्मत खर्चको यथार्थता परीक्षण गर्न सकिएन। मर्मतलाई मितव्ययी बनाउन तोकिएको ढाँचामा अभिलेखाङ्कन गरी अध्यावधिक गर्नुपर्ने तर्फ पालिकाको ध्यान दिनु पर्छ।

४७ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष खाना, खाजा,

सभा संचालन तथा अन्य विविध शिर्षकमा रू. ३४,८२,४५७।०९ खर्च गरेको छ। विविध खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानु पर्दछ।

४८ **ईन्धन खर्च**

शैल्यशिखर नगरपालिका सवारी साधन सञ्चालन कार्यविधि २०७९ मा मा सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा ईन्धन उपलब्ध गर्न सकिने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार २ पाङ्ग्रे ३० थान, भाडाको जिप २ थान, व्याकहोल्डर, जेनेरेटर, , ट्रीपर र जीप एक एक थान रहेकोमा इन्धन कार्यालय प्रयोजन शिर्षकमा रू.१३५०९८३।८९ र इन्धन अन्य शिर्षकमा रू.१४९९९९।०० गरी जम्मा रू. १५००९८३।८४ इन्धनमा खर्च गरेको छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरुले प्रयोग गरेको ईन्धनको अभिलेख र दमकल, ब्याकहो लोडर जस्ता मेशिनको प्रयोग अवधि र उक्त मेशिनहरुले खपत गर्ने ईन्धनको मापदण्ड समेत नबनेकोले ईन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। ईन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी ईन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ।

४९ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ३ मा खरिदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने व्यवस्था छ। नियम ८ मा खरिद योजना बनाउदा खरिदको सम्भावित प्याकेज बनाउनु पर्ने र नियम ९ मा खरिद सम्बन्धी सम्पुर्ण काम एउटै सम्झौताबाट हुन सक्ने नसक्ने एकिन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पालिकाले विभिन्न समयमा पटक पटक गरी रू. ३६,९९,९२९।२५ को कार्यालय मालसमान खरिद गरेको देखियो। खरिदलाई खुला र प्रतिस्पर्धात्मक बनाई खर्चमा मितव्ययिता अपनाउनु पर्ने तर्फ ध्यान दिनु पर्छ।

५० **सवारी साधन भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार मालसामान खरिद, अन्य सेवाको खरिद गर्न रु. २० लाख सम्म शिलबन्दी दरभाउपत्र र सो भन्दा माथिको लागि बोलपत्र माग गरी प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले सवारी साधन भाडामा लिई रु २९४५०००।०० खर्च गरेको छ । यसरी पटक पटक एकै प्रकृतिको सेवा खरीद गर्दा सार्वजनिक खरीद कानुनको पालना भएको देखिएन। उक्त सवारी साधन भाडामा लिदा सार्वजनिक खरीदको कानूनको पालना गरी प्रतिस्पर्धा गराई मात्र सवारी साधन भाडामा लिनु पर्छ । यसरी एक बर्ष भित्र पटक पटक भाडा बापत हुने खर्चबाट सवारी साधन खरिद गर्न सकिने अवस्था देखिएको हुँदा पालिकाले यसतर्फ समेत ध्यान दिनुपर्दछ ।

५१ **करार शिक्षकको तलव भत्ता**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट आर्थिक वर्ष २०८०।८१ को लागि स्वीकृत तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वियन पुस्तिकाको खण्ड २ मा स्वीकृत दरवन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र शिक्षण राहत अनुदान कोटामा कार्यरत शिक्षक तथा प्रारम्भिक वाल विकास शिक्षकको तलब भत्ताको लागि वित्तीय हस्तान्तरण मार्फत जाने सशर्त अनुदानबाट खर्च लेख्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाको कार्यक्षेत्र तथा कार्यबोझ समेतको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी र सेवा करारमा लिइने दरवन्दी प्रस्ताव तयार गर्नुपर्ने व्यवस्था छ। अस्थायी प्रकृतिको दरवन्दी सिर्जना गर्न नहुने व्यवस्था छ। पालिकाले दरबन्दी स्वीकृत नगरी निम्नानुसार विद्यालयहरुमा १४० शिक्षक करारमा नियुक्त गरी यो वर्ष समानीकरण अनुदानबाट रू. २०३८४०००।०० र आन्तरीक श्रोतबाट रू ९११६०००।०० गरी रू. २९५०००००।०० तलब भत्ता वापत भुक्तानी गरेको देखियो। कार्यबोझ र पालिकाको आफ्नो आयको आकार समेतको आधारमा विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातका आधारमा सर्वेक्षण गरेर मात्र शिक्षकको दरबन्दी सिर्जना गरी शिक्षकको तलव खर्च लेख्नुपर्दछ।

५२ **श्रेष्ता पेश नभएको**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७७(१) मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट गराउनु पर्ने व्यवस्था छ। पालिकाका देहायका भौचरबाट खर्च गरेको रकम रु श्रेष्ता पेश भएन। अतः श्रेष्ता पेश हुनु पर्ने रु

| गोश्वरा भौचर नं. | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| ६३४,६४१-२०८१/११/२५ | भुमीको बैज्ञानिक वर्गिकरण कार्य एभरेष्टइन्जिनियरिङ्ग कन्सल्टेन्सी | १३,०४,७००.०० |
| ३०४-२०८१/११/२५ | वडा डि.पि.आर.बाँकी रकम भुक्तानी | ४,८९,११५.२० |
| १७१-२०८१/०९/२१ | बलाँच खेलमैदान डीपीआर एभरेष्ट रितु ओन जेभीकन्सल्टेन्सी | ९,९४,०००.०० |
| | **जम्मा** | **२७,८७,८१५.२०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,८७,८१५.२ |

५३ **भ्रमण खर्च र अभिलेख**

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नम्बर, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मितिसमेत खुल्ने स्थान र बस, जिपको टिकटसमेत गरी अनुसूची ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखबाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष कर्मचारीलाई भ्रमणमा रू. १२३७५००।०० र पदाधिकारी भ्रमण खर्च रु. ५९६५१०।०० गरी जम्मा रू. १८३४०१०।०० खर्च गरेकोमा भ्रमण अभिलेख खाता प्रमाणित, कोष प्रमाणित, बस वा माईक्रो बसको टिकट, र अनुगमन प्रतिवेदन राखेको पाईएन। जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन। भ्रमण पश्चात अनिवार्य रुपमा कामको जिम्मेवारी र व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

५४ **अन्य निकायको कर्मचारीलाई तलब**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले ओमशान्ती वृद्धाश्रमको कर्मचारी श्री मानमती पन्तलाई लागि कर बाहेकको रकम रु २२१७६०।०० भुक्तानी गरेको छ। अतः अन्य निकायको कर्मचारीको पारिश्रमिक बाप्त भुक्तानी गरेको रकम भुक्तानी दिनेलाई जिम्मेबार बनाई असुल हुनु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,२१,७६० |

५५ **घर भाडा**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र औचित्य समेत कायम राख्न आवश्यक व्यवस्था मिलाउनु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(११) मा सार्वजनिक नियकाले वार्षिक पाँच लाख भन्दा बढी भाडा तिर्नुपर्ने गरी घर भाडामा लिनुपरेमा नियम ९४(४) बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहने समितिबाट घर भाडा निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजन उल्लेख गरी विभिन्न ठाउँमा घर भाडा लिई सम्झौता अनुसार रू. २२८९९४०।०० खर्च गरेको छ । पालिकाले कोठाको क्षेत्रफललाई आधार नलिई निर्धारण गरेको घरभाडा कानुन सम्मत देखिदैन । यस्तो कार्यमा सुधार गरी कानून बमोजिम भाडा निर्धारण गरी मितव्ययीता अपनाएर खर्च गर्नुपर्छ।

५६ **PAMS V2 को प्रयोग**

कार्यालयले जिन्सी ब्यबस्थापन प्रणाली PAMS V2 लागु भएपछि ईन्धन, कार्यालय सामान, मेशिनरी औजार लगायतका सामान तथा मर्मत खर्चको माग सम्बन्धित कर्मचारीको Personal ID बाट गर्नु पर्नेमा गरेको पाईएन । यसरी माग नगरी खर्च गरेको कारण खर्चमा नियन्त्रण भएको पाईएन । कार्यालयले PAMS V2 मा भएको प्रावधानलाई पुर्ण रुपमा प्रयोगमा ल्याउनु पर्दछ ।

५७ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवम् संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले आर्थिक सहायता प्रयोजन वापत यस वर्ष विभिन्न व्यक्तिलाई रू. २००९२६२।२५ आर्थिक सहायता वितरण गरेको देखियो। यस्तो विविध प्रकृतिको खर्चलाई आन्तरिक आयको आकार सँग तादम्यता कायम गरी खर्चको औचित्य समेत पुष्टि हुनेगरी निश्चित वस्तुगत मापदण्ड बनाई मितव्ययिता कायम गर्नुपर्दछ।

५८ **राजश्व दाखिला**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ। साथै सोहि नियम अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले २५ प्रातिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका अन्तर्गत ९ वटा वडा कार्यालयहरूले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको नपाएकोले उक्त संकलित राजस्व रकम ऐनमा भएको व्यवस्था बमोजिम बैङ्कमा तोकिएकै समयमा दाखिला गर्नुपर्दछ।

| वडा नं. | कुल संकलित रकम | बैङ्क मा जम्मा भएको रकम | दाखिला हुन बाँकी रकम |
|---|---|---|---|
| १ | ३०५९९४।०० | ३०५९९४।०० | ० |
| २ | ३६५४९९।०० | ३६५४९९।०० | ० |
| ३ | २५१८००।०० | २५१८००।०० | ० |
| ४ | ३०५८१२।०० | ३०५८१२।०० | ० |
| ५ | १७६७७१।०० | १७६७७१।०० | ० |
| ६ | २९४१४०।७० | २९४१४०।७० | ० |
| ७ | १५३१९१।७७ | १,५३,१९१।७७ | ० |
| ८ | १८४७१०।७८ | १८४७१०।७८ | ० |
| ९ | ७४७९८९।०० | ७४७९८९।०० | ० |
| **जम्मा रु.** | **२७८५९०८।२५** | **२७८५९०८।२५** | **०** |

५९ **रसिद नियन्त्रण खाता**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। जिन्सीबाट वडालाई नगदी रसिद कति दिएको तथा कति रसिद पालिकामा बुझाएको सोको अभिलेख पालिकामा भएको देखिएन। राजश्व दाखिला गर्न बाँकी रहे नरहेको यकीन गर्न समेत सकिएन। यसले वडाको आम्दानी यथार्थ मान्न सकिने आधार देखिएन। यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन हुनुपर्दछ। अतः कार्यालयले आगामी दिनमा रसिद प्रयोग निरुत्साहित गर्दै बिद्युतिय प्रमाणलीबाट राजश्व असुली गर्नेतर्फ ध्यानदिदै राजश्व असुली सम्बन्धमा विशेष ध्यान दिनु पर्छ ।

६० **राजस्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५९(४) कार्यालय राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भए तापनि त्यस्तो राजस्व स्वीकृत राजस्व वर्गीकरण लेखा अद्यावधिक गर्नु पर्ने व्यवस्था छ। पालिका र वडा कार्यालयहरुले संकलन गरेको राजस्वको विवरण अनुसार कुल राजस्व रु. ५६,६१,७९१।२७ देखिन्छ। पालिकाले संकलन गरेको राजस्व रु. २८,७५,८८३।०२ रहेकोमा शिर्षक अनुसार संकलनको रु.११,०४,२८२।६८ मात्र देखिन्छ। पालिका अनर्गतको बाँकी राजश्व रु.१७,७१,६००।३४ सम्बन्धित शिर्षक उल्लेख नगरी सिधै अनलाईन दाखिला भएको हुँदा शिर्षक अनुसार राजश्व संकलन गर्ने तर्फ ध्यान दिनु पर्छ।

## ६१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान जिन्सी निरिक्षण प्रतिबेदन प्राप्त भएको १ महिना भित्र प्रक्रिया शुरु गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गराएको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ६२ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यो वर्ष नेपाल सरकारबाट प्राप्त समानिकरण अनुदान र राजस्व बाँडफाटबाट प्राप्त रकमको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदान | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०६१८२२९४.०३ | ५६६१७९१.२७ | २.७५ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.७५ प्रतिशत मात्र रहेको छ। स्थानीय वित्तीय आधारलाई फराकिलो बनाउदै आन्तरिक आय सङ्कलन प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।

## ६३ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा निम्नानुसार आन्तरिक आयतर्फ रू. ८० लाख आय प्राप्त गर्ने अनुमान गरेकोमा रू. ५६ लाख ६२ हजार मात्र आय प्राप्त गरेको छ। अर्थात अनुमानको २९.२२ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ। करदाता कार्यालयमा दाखिला गर्न आएको अवस्थामा मात्र असुल गर्ने तर अनुगमन गरी सोको लगत राख्ने अभ्यास नभएकोले करदाताको लगत राखी राजस्व असुल गर्ने प्रमाणलीको विकास हुनुपर्दछ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | प्राप्ती |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १,५०,०००.०० | ३,६१,०३९.०० |
| २ | ११३१४ | भुमिकर/मालपोत | १८,००,०००.०० | ७,५७,३७४.२५ |
| ३ | ११३१७ | वहालकर | ५,००,०००.०० | ६,२८,२४०.६८ |
| ४ | ११४५१ | सवारीसाधन कर (साना सवारी) | ० | ६०,०००.०० |
| ५ | ११६११ | व्यवसायलेभुक्तानी गर्ने | ५,००,०००.०० | ४२,३८०.०० |
| ६ | ११६२१ | व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने | ५,००,०००.०० | ० |
| ७ | ११६३१ | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १,००,०००.०० | ८०,०५०.०० |
| ८ | ११६९१ | अन्यकर | ५,००,०००.०० | १,५४,६४६.८० |
| ९ | १४१२२ | व्यापारिकनिकायबाट प्राप्त लाभांश | ० | १००. |
| १० | १४१५१ | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ० | २०,४१९.०० |
| ११ | १४२१८ | विद्युतसेवा शुल्क | ० | ३६,५००.०० |
| १२ | १४२१९ | अन्यसेवा शुल्क तथा बिक्री | ० | ११,५००.०० |
| १३ | १४२२१ | न्यायिकदस्तूर | ० | २५०. |
| १४ | १४२२४ | परीक्षाशुल्क | ५०,०००.०० | ११,२००.०० |
| १५ | १४२२९ | अन्यप्रशासनिक सेवा शुल्क | ० | २,३३,७००.०० |
| १६ | १४२४२ | नक्सापासदस्तुर | ३,००,०००.०० | ६१,१४६.०० |
| १७ | १४२४३ | सिफारिशदस्तुर | ८,००,०००.०० | १४,१०,२८८.५४ |
| १८ | १४२४४ | व्यक्तिगतघटना दर्ता दस्तुर | २,५०,०००.०० | २,७०,७००.०० |
| १९ | १४२४५ | नाताप्रमाणित दस्तुर | १,५०,०००.०० | ३२,५५०.०० |
| २० | १४२४९ | अन्यदस्तुर | ७,५०,०००.०० | १,१८,७४१.०० |
| २१ | १४२५३ | व्यावसायरजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | ३,४६,४०४.०० |
| २२ | १४२६२ | विद्युतसम्बन्धी दस्तुर | ० | १०,४००.०० |
| २३ | १४२६३ | जलस्रोतसम्बन्धी अन्य दस्तुर | ० | ६०,३००.०० |
| २४ | १४२६५ | अन्यक्षेत्रको आय | ० | ७००. |
| २५ | १४३११ | न्यायिकदण्ड, जरिवाना र जफत | ० | ८,२५०.०० |
| २६ | १४३१३ | धरौटीसदरस्याहा | ० | ३१,४००.०० |
| २७ | १४५२९ | अन्यराजस्व | ० | १,७९,०९५.०० |
| २८ | १४६११ | व्यवसायकर | ० | ५९,४००.०० |
| २९ | १५१११ | बेरूजू | ११,५०,०००.०० | ६,७५,०१७.०० |
| **जम्मा** | | | **८०,००,०००.००** | **५६,६१,७९१.२७** |

६४ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५९४००।०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६५ **विज्ञापन कर**

नेपालको संविधानको अनुसूची ९ को बुदा नं. ४ मा विज्ञापन करको अधिकार क्षेत्र स्थानीय तहलाई तोकिएको छ। सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ५ मा विज्ञापन कर लगाउन र उठाउन पाइने अधिकार स्थानीय तहलाई दिइएको छ। पालिकाको आर्थिक ऐन, २०८० मा होर्डिङ् वोर्ड ब्यानर तथा माईकिङ् मार्फत गरिने विज्ञापनलाई मात्र कर लगाउने व्यख्या गरिएको भए पनि यो वर्ष विज्ञापन कर असुल गरेको देखिएन। त्यसै गरी पालिकाले सामाजिक सञ्जाल फेसबुक, युट्युव, ईन्सग्राम जस्ता विद्युतीय संजाल मार्फत गरिने विज्ञापनलाई करको दायरामा ल्याउन सकिएको देखिएन । समाजिक सञ्जाल तथा विद्युतीय प्लाटफर्म मार्फत गरिने विज्ञापनहरुलाई समेतलाई आर्थिक ऐनले समेटी उपयुक्त प्रणालीको विकास गरी करको दायरा फराकिलो बनाउनु पर्दछ ।

६६ **सामुदायिक वन क्षेत्रको वन पैदावर विक्री**

स्थानीय सरकार संचालन ऐन २०४७ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र सोही बमोजिम वन पैदावार विक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था छ । त्यसै गरी वन ऐन २०७६ मा वन पैदावार भन्नाले काष्ठ तथा गैर काष्ठ वस्तु र ढुंगा माटो नदी जन्य र खनिज जन्य पदार्थ समेतलाई सम्झनु पर्ने व्यवस्था उल्लेख छ । पालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिहरुले वन पैदावार विक्री गरेको हुन सक्ने देखिएता पनि वन उपभोक्ता समितिहरुले पालिकाबाट कार्ययोजना स्वीकृत गरेको देखिएन । यस सम्बन्धमा अनुगमन गरी सामुदायिक वन उपभोक्ताहरुको वन पैदावार विक्रीको आय नियमानुसार पालिकाको संचित कोषमा दाखिला हुनु पर्दछ।

६७ **अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

६८ **ठुलीसैनी गोधरी बसखेत सडक स्तरोन्नती**

पालिका र निर्माण व्यवसायी श्री शिखर लटिनाथ निर्माण सेवाबीच ठेक्का नं. SM/NCB/Work/02/079/80 ठुलीसैनी गोधरी बसखेत सडक स्तरोन्नती शैल्यशिखर-९, दार्चुलामा निर्माण गर्न मिति २०८०।१।२८ देखि २०८१।३।१८ सम्म कार्यसम्पन्न गर्न रू.३४,६८,३२०।९८ मा ठेक्का सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न छन् ।

६८.१ **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी श्री शिखर लटिनाथ निर्माण सेवाबीच ठेक्का नं. SM/NCB/Work/02/079/80 ठुलीसैनी गोधरी बसखेत सडक स्तरोन्नती शैल्यशिखर-९, दार्चुलामा निर्माण गर्न मिति २०८०।१।२८

देखि २०८१।३।१८ सम्म कार्यसम्पन्न गर्न रू.३४,६८,३२०।९८ मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले रू.११,७०,४९४।०० बराबरको कार्य गरी रू.२२,९७,८२७।०० बराबरको कार्य नगरी योजना अधुरो राखेको अवस्था छ । सम्झौताको अन्तिम म्यादपश्चात म्याद थप भएको छैन भने कार्यसम्पादन जमानतको म्यादसमेत सकिएको छ र निर्माण व्यवसायी पालिकासँग सम्पर्कमा समेत रहेको देखिएन । अतः पालिकाले सम्झौता बमोजिम कार्य गराउन ध्यान जानु पर्दछ अन्यथा ऐनमा भएको व्यवस्था बमोजिम असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

६८.२ **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)ग. मा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था गरेको छ । पालिका र निर्माण व्यवसायी श्री शिखर लटिनाथ निर्माण सेवाबीच ठेक्का नं. SM/NCB/Work/02/079/80 ठुलीसैनी गोधरी बसखेत सडक स्तरोन्नती शैल्यशिखर-९, दार्चुलामा निर्माण गर्न मिति २०८०।१।२८ देखि २०८१।३।१८ सम्म कार्यसम्पन्न गर्न रू.३४,६८,३२०।९८ मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले रू.११,७०,४९४।०० बराबरको कार्य गरी रू.२२,९७,८२७।०० बराबरको कार्य नगरी योजना अधुरो राखेको अवस्था छ । सम्झौताको अन्तिम म्यादपश्चात म्याद थप भएको छैन भने कार्यसम्पादन जमानतको म्यादसमेत सकिएको छ र निर्माण व्यवसायी पालिकासँग सम्पर्कमा समेत रहेको देखिएन । अतः सम्झौता बमोजिम तोकिएको कार्य गराउनुपर्दछ अन्यथा कालोसूचीको लागि सिफारिस गर्नुपर्दछ ।

६९ **देथला तौकिथाला वारिल सडक निर्माण**

पालिका र निर्माण व्यवसायी दुर्गा भवानी ट्रेडर्स एण्ड सप्लायर्स अनिता निर्माण एण्ड ढुवानी सेवा नौगाड दार्चुलाबीच मिति २०८०।१०।१८ मा ठेक्का नं. SM/NCB/Work/05/080/81 देथला तौकिथाला वारिल सडक निर्माण कार्यको लागि रू.४५,३५,५०१।०० मा ठेक्का सम्झौता भएकोमा हालसम्म निर्माण कार्य शुरू गरेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न छन् ।

६९.१ **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी दुर्गा भवानी ट्रेडर्स एण्ड सप्लायर्स अनिता निर्माण एण्ड ढुवानी सेवा नौगाड दार्चुलाबीच मिति २०८०।१०।१८ मा ठेक्का नं. SM/NCB/Work/05/080/81 देथला तौकिथाला वारिल सडक निर्माण कार्यको लागि रू. ४५,३५,५०१।०० मा ठेक्का सम्झौता भएकोमा हालसम्म निर्माण कार्य शुरू गरेको देखिएन । नगर कार्यपालिकाको मिति २०८१।३।२३ को निर्णय नं.८ बाट संघीय समपुरक कार्यक्रम अन्तर्गत सञ्चालन हुने योजना भएको र तोकिएको समयमा कार्यसम्पन्न नभएमा रकम फ्रिज हुने हुँदा पटक पटक सम्झौता बमोजिम कार्य गर्न ताकेता गरेकोमा निर्माण व्यवसायीले आलटाल गरेको कारणले रकम फ्रिज गएकोले निर्माण व्यवसायीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालोसूचीमा राख्नको लागि सिफारिस गर्ने निर्णय गरेको छ । तर उक्त निर्णय गरेको भएतापनि पालिकाले सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखि पठाएको छैन भने कार्यसम्पादन जमानत जफत समेत गरेको छैन । पालिकाले कार्यसम्पादन जमानतको अभिलेख राखेको छैन र कार्यसम्पन्न गर्नुपर्ने अन्तिम मिति २०८१।३।१५ सम्म भएकोमा सो पछि म्याद थप भएको छैन । निर्माण व्यवसायी पालिकाको सम्पर्कमा नरहेको अवस्था छ । अतः कार्यसम्पादन जमानतवापतको रकम यकिन गरि असुल गर्नु पर्दछ ।

६९.२ **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)ग. मा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख सक्ने व्यवस्था गरेको छ । पालिका र निर्माण व्यवसायी दुर्गा भवानी ट्रेडर्स एण्ड सप्लायर्स अनिता निर्माण एण्ड ढुवानी सेवा नौगाड दार्चुलाबीच मिति

२०८०।१०।१८ मा ठेक्का नं. SM/NCB/Work/05/080/81 देथला तौकिथाला वारिल सडक निर्माण कार्यको लागि रू.४५,३५,५०१।०० मा ठेक्का सम्झौता भएकोमा हालसम्म निर्माण कार्य शुरू नगरी पालिकासँग सम्पर्कविहिन रहेको अवस्था छ । अतः सम्झौता बमोजिम तोकिएको कार्य गराउनुपर्दछ अन्यथा कालोसूचीको लागि सिफारिस गर्नुपर्दछ ।

७० **बलाँच भुईकाडा सैनवन थला सडक निर्माण**

पालिका र निर्माण व्यवसायी जय माँ तुलसी निर्माण सेवा महाकाली नपा-५, दार्चुलाबीच मिति २०८१।९।२५ मा ठेक्का नं. SM/NCB/WORK/04/2081/082 बलाँच भुईकाडा सैनवन थला सडक निर्माण कार्यको लागि रू.८२,५२,०८९।०० मा ठेक्का सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न छन् ।

७०.१ **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुलउपर गर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी जय माँ तुलसी निर्माण सेवा महाकाली नपा-५, दार्चुलाबीच मिति २०८१।९।२५ मा ठेक्का नं. SM/NCB/WORK/04/2081/082 बलाँच भुईकाडा सैनवन थला सडक निर्माण कार्यको लागि रू.८२,५२,०८९।०० मा ठेक्का सम्झौता भएकोमा रू.४२,६८,१०९।०० बराबरको कार्य गरी पालिकासँग सम्पर्कमा नरहेको अवस्था छ । कार्यसम्पादन जमानत रू.१४,८९,३१०।०० को अवधि मिति २०८३।४।१० सम्म भएको भएतापनि कार्यसम्पन्न गर्नुपर्ने म्याद मिति २०८२।३।१० सम्म रहेकोमा सो पछि म्याद थप भएको छैन र निर्माण व्यवसायी पालिकाको सम्पर्कमा नरहेको अवस्था छ । अतः पालिकाले सम्झौता बमोजिम कार्य गराउन ध्यान जानु पर्दछ अन्यथा ऐनमा भएको व्यवस्था बमोजिम असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

७०.२ **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)ग. मा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख सक्ने व्यवस्था गरेको छ । पालिका र निर्माण व्यवसायी जय माँ तुलसी निर्माण सेवा महाकाली नपा-५, दार्चुलाबीच मिति २०८१।९।२५ मा ठेक्का नं. SM/NCB/WORK/04/2081/082 बलाँच भुईकाडा सैनवन थला सडक निर्माण कार्यको लागि रू.८२,५२,०८९।०० मा ठेक्का सम्झौता भएकोमा रू.४२,६८,१०९।०० बराबरको कार्य गरेको भएता पनि रू.२२,४३,१९५।०० बराबरको काम गर्न बाँकी राखि सम्पर्कमा नरहेको अवस्था छ । अतः सम्झौता बमोजिम तोकिएको कार्य गराउनुपर्दछ अन्यथा कालोसूचीको लागि सिफारिस गर्नुपर्दछ ।

७१ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(१०) कार्यालयले भुक्तानी दिनु अघि रित पुगेको वा नपुगेको जाँच गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले लटिनाथ कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.ली. शैल्यशिखर-०७, दार्चुलालाई ठेक्का नं.SM/NCB/WORK/WRB/7/2081/082 वडा नं.७ को वडा कार्यालय निर्माण कार्यवापत भुक्तानी गर्दा नापी किताबमा नाँपजाँच भएको कर कट्टी पश्चात रू.२२,९५,२७४।०० भुक्तानी हुनुपर्नेमा रू.२४,२४,५१६।०० अर्थात् रू.१,२९,२४२।०० बढी भुक्तानी भएको छ । अतः बढी भुक्तानी भएको सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२९,२४२ |

७२ **बीमा**

७२.१ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(१०) कार्यालयले भुक्तानी दिनु अघि रित पुगेको वा नपुगेको जाँच गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । गोकुलेश्वर नमुना मा.वि. भवन निर्माण शैल्यशिखर-०९, दार्चुलाको

लागि आर डि.बिल्डर्स शैल्यशिखर-०९, दार्चुलाले रू.८२,२५०।०० बीमा गरेको प्रमाण पेश गरेकोमा पालिकाले रू.१,००,०००।०० भुक्तानी गरेको छ । अतः बढी भुक्तानी भएको सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,१६५ |

७२.२ (२४-2082-02-01):

**ढिला बीमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढि मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ । त्यसरी गर्ने बीमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढि अवधिको हुनुपर्ने व्यवस्था छ । गोकुलेश्वर नमुना मावि भवन निर्माण शैल्यशिखर-०९, दार्चुलाको लागि आर डि.बिल्डर्स शैल्यशिखर-०९, दार्चुलाले रू.८२,२५०।०० बीमा गरेकोमा ठेक्का शुरू हुने मिति २०८१।१२।११ देखि कार्यसम्पन्न गर्नुपर्ने मिति २०८२।३।१५ बाट २०८३।४।१५ सम्मको बीमा अवधि भएको प्रमाण पेश गर्नुपर्नेमा ठेक्का सम्झौता शुरू भएको करिब ४ महिना ढिला र कार्यसम्पन्न गर्ने मिति २०८२।३।१५ भन्दा ८ दिन ढिला गरी मिति २०८२।३।२३ मा बीमा शुरु हुने मिति कायम गरेको प्रमाण पेश गरेको छ । ठेक्का सम्झौता अवधिमा पेश नभएको बीमाले श्रमिक, निर्माण सामग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चवापतको बीमा रकम दाबी गर्न नपाईने हुँदा यस्तो भुक्तानी मनासिब देखिदैन । अतः उक्त रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,२५० |

७३ **बगौरा रानिशिखर देथला सडक निर्माण**

पालिका र निर्माण व्यवसायी रोयल-नागार्जुन जेभी दशरथचन्द नपा-१, बैतडीबीच मिति २०८१/१०/१५ मा (ठेक्का नं.SM/NCB/WORK/02/2081/082) बगौरा रानिशिखर देथला सडक निर्माण कार्यको लागि रू.९५,१८,४४६।०८ मा ठेक्का सम्झौता भएकोमा रू.७८,२५,३२६।०० बराबरको मात्रै कार्य गरी रू.१६,९३,१२०।०० को काम गर्न बाँकी राखेको अवस्थामा पालिकाले कार्यस्वीकार गरेको छ। यस सम्बन्धमा देखिएका ब्यहोराहरू निम्न रहेका छन ।

७३.१ **खरिद सम्झौताको कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)(ग) मा खरिद सम्झौता कार्यान्वियन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख सक्ने व्यवस्था गरेको छ । पालिका र निर्माण व्यवसायी रोयल-नागार्जुन जेभी दशरथचन्द नपा-१, बैतडीबीच मिति २०८१।१०।१५ मा बगौरा रानिशिखर देथला सडक निर्माण कार्यको लागि रू.९५,१८,४४६।०८ मा ठेक्का सम्झौता भएकोमा रू.७८,२५,३२६।०० बराबरको मात्रै कार्य गरी रू.१६,९३,१२०।०० को काम गर्न बाँकी राखि निर्माणस्थल छोडि गएको अवस्था छ । अतः सम्झौता बमोजिम तोकिएको कार्य नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयलाई कालोसूचीमा राख्नको लागि लेखि पठाउनु पर्दछ ।

७३.२ **कार्यसम्पन्न** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ (२क) निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले उपनियम (२) बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम ११७(४) मा निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्नु नहुने व्यवस्था छ।पालिका र निर्माण व्यवसायी रोयल-नागार्जुन जेभी दशरथचन्द नपा-१, बैतडीबीच मिति २०८१।१०।१५ मा बगौरा रानिशिखर देथला सडक निर्माण कार्यको लागि रू.९५,१८,४४६।०८ मा ठेक्का सम्झौता भएकोमा रू.७८,२५,३२६।०० बराबरको मात्रै कार्य गरी अर्थात् ८२.२१ प्रतिशत मात्रै कार्य गरेकोमा मिति २०८२।३।१२ मा अधुरो कार्यस्वीकार गरेको छ । निर्माण व्यवसायीले उक्त निर्माणस्थलको मुख्य कार्य Providing and laying Plum concrete (boulder mixed concrete) 60% M15 concrete and 40% boulder/stones) आइटमको काम २५५ घनमिटर कार्य गर्न बाँकी रहेको

अवस्थामा कार्यस्वीकार गरेको छ । निर्माण कार्यको महत्त्वपूर्ण कार्य नगरेको हुँदा उक्त सडक प्रभावकारी ढङ्गले सञ्चालन भएको छ भनेर विश्वस्त हुन सक्ने अवस्था छैन । अतः सम्झौता बमोजिम कार्य गराउन पालिकाको ध्यान जानुपर्दछ ।

७३.३ (४८-2082-03-24):

**खन्ने कार्य** - स्ट्यान्डर्ड स्पेशिफिकेशन अफ रोड एण्ड ब्रिज, २०७८ (दोस्रो संशोधन) को सेक्शन ९१७(२) मा Earthwork Excavation को नापी गर्दा Average Ends Area Method अनुसार गर्नुपर्ने व्यवस्था छ । पालिकाले बगौरा रानिशिखर देथला सडक स्तरोन्ती कार्य (चेनेज ०+०२० देखि ०+३८०) मा २०/२० मीटरमा लम्बाई र चौडाईबीच औषत लिई लम्बाईले गुणा गरी ०.५ कोफिसेन्ट फ्याक्टरले गुणा गरी परिमाण (घनमिटर) निकाल्नुपर्नेमा लम्बाई र चौडाईबीचको औषत नलिई परिमाण (घनमिटर) निकालेको छ । फरक शुत्रको प्रयोगले निर्माण व्यवसायी रोयल-नागार्जुन जेभी दशरथचन्द नपा-१, बैतडीलाई ६९५५.३७ घ.मी. भुक्तानी हुनुपर्नेमा ७०८७.५ घ.मी. अर्थात् १३२ घ.मी. को सम्झौता दर रू. ४९ प्रति घ.मी. को दरले रू. ६४७४।३७ बढी भुक्तानी भएको रकम मू.अ.करसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,३१६ |

७३.४ **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी रोयल-नागार्जुन जे.भी. दशरथचन्द न.पा.-१, बैतडीबीच मिति २०८१।१०।१५ मा बगौरा रानिशिखर देथला सडक निर्माण कार्यको लागि रू.९५,१८,४४६।०८ मा ठेक्का सम्झौता भएकोमा रू.७८,२५,३२६।०० बराबरको मात्रै कार्य गरी रू.१६,९३,१२०।०० को काम गर्न बाँकी राखेको अवस्थामा पालिकाले कार्यस्वीकार गरेको छ । यस बिषयमा पालिकासँग बुझ्दा निर्माण व्यवसायीले अटेरी गरेको कारणले १७.७८ प्रतिशत कार्य बाँकी हुँदा नै कार्यस्वीकार गर्नुपरेको जनाएको छ । अतः सम्झौता कार्यान्वियन नगर्ने निर्माण व्यवसायीबाट कार्यसम्पादन जमानत वापतको रू.३७,४२,४२५।०० र कार्यसम्पन्न गर्न बाँकी रकम रू.१६,९३,१२०।०० सहित असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

७४ **गलैनाथ मा.वि. भवन निर्माण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.SM/2080/81/SB/1 गलैनाथ मावि भवन निर्माण कार्यमा निर्माण व्यवसायीन नमस्कार निर्माण तथा ढुवानी सेवा महाकाली-५, दार्चुलालाई एजबिल्ट नक्शाको लागि रू.५३,२५०।०० भुक्तानी भएकोमा एजबिल्ड नक्सा प्रतिवेदन पेश गरेको छैन। अतः प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,२५० |

७५ **कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (४) मा कार्यसम्पादन जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापत दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न योजनामा तोकिएको भन्दा कम रू. ८५,१९८।०० देखि रू. २,५४,७८४।०० सम्म कम कार्यसम्पादन जमानत लिएको छ । कार्यसम्पादन जमानत रकम कम लिँदा आयोजनाको जोखिम बढ्ने, यसले पालिकालाई वित्तीय नोक्सानी पुर्‍याउने, निर्माण व्यवसायी गैह्र जिम्मेवार बन्ने, आयोजनाको

सफलतामा नै गम्भीर असर पार्ने सम्भावनालाई बढावा दिने सम्भावना रहन्छ । अतः ठेक्का सम्झौताको सुरक्षा र आयोजनाको सफल कार्यान्वयनका लागि ऐनले तोके बमोजिमको पूर्ण कार्यसम्पादन जमानत लिन पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | पालिकाले लिएको कार्यसम्पादन जमानत (रू.) | लिनुपर्ने जमानत(रू.) | फरक परेको कार्यसम्पादन जमानत (रू.) |
|---|---|---|---|---|---|---|
| १ | SM/NCB/WORK/02/2081/082 | बगौरा रानिशिखर देथला सडक निर्माण | रोयल/नागार्जुनजेभि शैल्यशिखर-९, दार्चुला | ३७४२४२५ | ३९१९८२९ | १७७४०४ |
| २ | SM/NCB/WORK/01/2081/082 | झुलेगढीखोल्सी सडक निर्माण | जयमाँ तुलसी निर्माण सेवा महाकाली न पा-५, दार्चुला | १४८९३१० | १६०९३३९ | १२००२९ |
| ३ | SM/NCB/WORK/03/2081/082 | देथलातौकी सडक निर्माण | माहामयीनिर्माण सेवा शैल्यशिखर-६, दार्चुला | १६५०१०० | १७४५४६० | ९५३६० |
| ४ | SM/NCB/WORK/04/2081/082 | बलाँचभुईकाडा सैनवन थला सडक निर्माण | जयमाँ तुलसी निर्माण सेवा महाकाली न पा-५,दार्चुला | १४८९३१० | १५८६४८९ | ९७१७९ |
| ५ | SM/NCB/WORK/05/2081/082 | सत्यप्रकाशमा वि देथला भवन निर्माण | गलैनाथनिर्माण सेवा शैल्यशिखर-८, दार्चुला | ४७३०६२ | ५९२७३७ | ११९६७५ |
| ६ | SM/NCB/WORK/HB1/2081/082 | बोहरीगाँउस्वास्थ्य चौकी बर्थिङ्ग सेन्टर निर्माण | आनन्दनिर्माण सेवा शैल्यशिखर-८, दार्चुला | २६३९२६ | ३४९१२४ | ८५११९८ |
| ७ | SM/NCB/WORK/WRB3\2081/082 | वडाकार्यालय भवन निर्माण वडा नं ३ | दोगाडाभुमिराज निर्माण सेवा शैल्यशिखर-३, दार्चुला | ४७२०६७ | ७२६८५१ | २५४७८४ |
| ८ | SM/NCB/WORK/WRB5\2081/082 | वडाकार्यालय भवन निर्माण वडा नं ५ | कैलाशकन्स्ट्रक्सन मालिकार्जुन-३, दार्चुला | २१६७३० | ४७१५१३ | २५४७८३ |
| ९ | SM/NCB/WORK/WRB7/2081/082 | वडाकार्यालय भवन निर्माण वडा नं ७ | लटिनाथकन्स्ट्रक्सन एण्ड कन्स्ल्टेन्सी प्रा लि शैल्यशिखर-७, दार्चुला | ४०६८९७ | ६६१६८१ | २५४७८४ |
| १० | SM/NCB/WORK/WRB8/2081/082 | वडाकार्यालय भवन निर्माण वडा नं ८ | गोविन्दनिर्माण सेवा महाकाली-५, दार्चुला | २३३६२१ | ४८८४०४ | २५४७८३ |
| **जम्मा रू.** | | | | **१०४३७४४८** | **१२१५१४२६** | **१७१३९७८** |

७६ **फलामे डण्डीको बढी खपत**

सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्म्स भए त्यस्तो नर्मस बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । त्यस्तै सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने ब्यबस्था छ । पालिकाले निम्न योजनाको अन्तिम नापी तयार गर्दा प्रयोग हुने फलामे डण्डीको Bar Bending Schedule को आधारमा खपत हुने परिमाण गणना नगरी एकमुष्ट प्रतिशतका आधारमा परिमाण कायम गरेको पाईयो । उक्त भवनको संरचना (STUCTURE) को Drawing/Design अनुसार Bar Bending Schedule पेश नभएको अवस्थामा Concrete 1:1.5:3 को कार्य परिमाणको औषतमा बढीमा १.५ प्रतिशतसम्म

Reinforcement को परिमाण राख्नुपर्नेमा सो भन्दा बढी प्रतिशत राखेको पाईयो । बढी प्रतिशत राखेको कारण रू.१,७६,४०९।०० बढी भुक्तानी भएको छ । अतः Drawing/Design अनुसारको बार बेन्डिङ सेड्युल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| क्र.सं. | योजनाको नाम | भुक्तानी प्राप्तकर्ता | PCC for RCC Work को परिमाण | भुक्तानी भएको डण्डीको परिमाण | प्रयोग हुने डण्डीको परिमाण | BOQ दर | बढी भुक्तानी (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | गोकुलेश्वर नमुना मावि भवन निर्माण शैल्यशिखर-०९, दार्चुला | गोकुलेश्वर नमुना मावि भवन निर्माण शैल्यशिखर-०९, दार्चुला | ८०.५ | १०४४७.१८ | ९४७८ | १२० | ११६१९७ |
| २ | बोहरी गाउँ स्वास्थ्य चौकी बर्थिङ सेन्टर भवन निर्माण | आनन्द निर्माण सेवा आनन्द ट्रेडर्स एण्ड अडर सप्लायर्स शैल्यशिखर-०८, दार्चुला | ३८.४८ | ४९९४.१९ | ४५३१ | १३० | ६०२१२ |
| **जम्मा रू.** | | | | | | | **१७६४०९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७६,४०९ |

७७ **सार्बजनिक निर्माण ब्यबस्थापन**

सार्बजनिक निर्माण ब्यबस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:

७७.१ **उपभोक्ता समितिबाट कार्य -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर, लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । श्रममूलक प्रविधिमा आधारित रही श्रमको उपयोग र परिचालनलाई प्राथमिकता दिनु पर्ने, मेशीनरी उपकरणको प्रयोग गरेमा कारवाही गर्नुपर्ने, उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरूको कार्यसम्पन्न भएपछि सम्वन्धित निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकी उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने आदि व्यवस्थाहरु रहेका छन् । त्यसैगरी स्थानिय सीप, श्रोत र साधन उपयोग हुने र स्थानिय स्तरमा कार्य सम्पन्न गर्न सक्ने मात्र आयोजनाको कार्यान्वियन उपभोक्ता समिति मार्फत गर्न सकिने, उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्ने, अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्था मार्फत गर्न गराउन नपाइने र उपभोक्ता समितिको लगत अनुसूची १ मा तोकिएको ढांचामा अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ । उपभोक्ता समितिबाट कार्यहरु गराउँदा कानुनको पूर्णरुपले अनुशरण र पालना गरेर मात्र गराउने तर्फ ध्यान दिनु पर्छ ।

७७.२ **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । अतः निर्माण सम्पन्न भएका निर्माण कार्यहरूको प्राविधिकबाट त्रुटी सच्चाउने अवधि समाप्त भएपछि जाँच बुझ गराउने तर्फ ध्यान दिनु पर्छ ।

७७.३ **च्यानेज नखुलेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय १२३ मा रनिङ्ग बिल बिजक भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गतका बिभिन्न स्थानमा

फरक निर्माण व्यव्यासायीहरुबाट कार्य गराएको पाईयो । उक्त सडकको बिभिन्न स्थानमा बोलपत्र, शिलबन्दी दरभाउ पत्र र सोझै खरिद बिभिबाट सडक निर्माण तथा मर्मत सम्बन्धि कार्य गराएको पाईयो । यसरी एकै सडकको फरक फरक स्थानमा निर्माण तथा मर्मत कार्य गराउँदा चेनेज खुलाई लागत अनुमान तयार गर्नु पर्नेमा गरेको पाईएन । यसरी चेनेज तथा कार्य स्थल नखुलाएको कारण निर्माण कार्यको OVER LAPPING भई दोहोरो नापी हुन सक्ने, एउटा निर्माण ब्यबसायीको दायित्व भित्रको कार्य अर्को निर्माण ब्यबसायीबाट भई भुक्तानी हुने सम्भावना रहन्छ । उल्लेखित योजनाहरुको कार्यस्थलको DEMARCATION तथा चेनेज नखुलेको कारण सडकको फरक फरक खण्डमा कार्य भए नभएको एकिन गर्न सकिएन । यसमा कार्यालयले ध्यान दिनु पर्छ ।

७७.४ **अन्तरनिकाय समन्वय** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम १६ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने र जिल्लास्तरीय आयोजना अनुसूची-३ मा उल्लेख भए बमोजिम स्वीकृत गरी कार्यान्वियन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ। राष्ट्रिय यातायात नीति, २०५८ मा केन्द्रीय सडक प्रणाली अन्तर्गत रहेका राष्ट्रिय राजमार्ग, फिडर सडक, बढी सवारी चाप भएको शहरी सडक, बिद्युत, पर्यटन, उद्योग र महत्वपूर्ण स्थानमा जोडिने सडक बाहेक नगर र गाउँ क्षेत्रको सडक निर्माण, मर्मत तथा सुधारको सबै काम सम्बन्धित स्थानीय तहबाट जनसहभागिता जुटाई सञ्चालन गरिने उल्लेख छ। यद्यपी, संघीय सरकार अन्तर्गत सडक विभाग र मातहतका सडक डिभिजनहरु, प्रदेश मन्त्रालय र अन्तर्गतका पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहहरुबीच कार्यक्रम स्वीकृति र कार्यान्वयन गर्दा समन्वय हुने गरेको देखिँदैन। कार्यक्रम सञ्चालन गर्ने निकायबीच समन्वय नहुँदा एउटै सडक वा योजना स्थलमा एक भन्दा बढी निकायबाट कार्यक्रम सञ्चालन हुनसक्ने अवस्था रहन्छ। सञ्चालित सडक निर्माण तथा मर्मत कार्यहरुको चेनेज, लम्बाई, चौडाई आदि खुल्ने विवरण र कार्यक्रमगत खर्चको अभिलेख समेत राख्न सकेको छैन। यसका लागि संघीय सरकार अन्तर्गतका डिभिजन सडक कार्यालय र आयोजनाहरुको जिम्मेवारीमा रहने, प्रदेश पूर्वाधार विकास कार्यालयहरु र स्थानीय तहको जिम्मेवारीमा रहने सडकहरुको स्पष्ट रुपमा कार्यबिभाजन गरी काममा हुनसक्ने दाहोरोपनालाई नियन्त्रण गरिनु पर्दछ।

७७.५ **एजबिल्ट ड्रइङ** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित ठुला योजनाको एजबिल्ट ड्रइङ पेश भएको पाईएन । यस्तो प्रतिबेदन पेश गर्ने गराउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

७७.६ **निर्मित संरचनाको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि पूर्वाधार विकास कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रहेका पुल, कल्भर्ट, सडक लगायतका संरचनाहरुको निर्माण एवं संचालन अवस्था र लागत खुलाई अभिलेखाङ्कन अद्यावधिक गरी राख्नु पर्नेमा तद्अनुसार अभिलेख राखेको देखिएन। निर्मित संरचना खुल्ने गरी नापी किताब समेत अद्यावधिक छैन । निर्मित संरचना, निर्माणाधिन एवं प्रस्तावित संरचनाको अभिलेख, सो को संचालन अवस्था, मर्मत सम्भार कार्य योजनाका लागि आवश्यकता पहिचान सर्वेक्षण, डिटेल डिजाइन लागत अनुमान तयारी गर्दा चेनेज डिजाइनमा GPS को माध्यमले स्थान पहिचान र अभिलेख खुल्ने संयन्त्रको विकास गरी सिस्टमबाट नै अभिलेख राख्ने र हेर्न मिल्ने व्यवस्था मिलाउनु पर्दछ। अन्तर निकाय समन्वय, संरचना निर्माणमा दोहोरोपनाको अन्त्य र अभिलेख व्यावस्थापनका लागि GPS बाट अभिलेख (Geodetic Coordinate बाट Geographic Information System को माध्यमले अभिलेख) राख्ने व्यवस्था तत्काल मिलाउनु पर्दछ।

७७.७ **गुणस्तर परिक्षण** - सार्बजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न ठेक्काहरुमा प्रयोग हुने निर्माण सामाग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण ठुला केहि ठेक्काहरुमा गरेको प्रमाण पेश भए पनि अधिकांश साना ठेक्काहरु र

उपभोक्ता समितिहरुबाट भएका निर्माण कार्यको परिक्षण भएको पाईएन । जसबाट सार्बजनिक निर्माणमा प्रयोग भएका सामाग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्य तथा सामग्रीको गुणस्तर परीक्षण गर्नु पर्छ ।

७७.८ **डि.एल पि.अभिलेख** - सार्वजनिक खरिद नियमावलीको नियम, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्व अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीवाट जाँचवुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ।नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्‍याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी.मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचवुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन।यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको एकिन गर्ने सक्ने अवस्था रहेन।अतः यसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

७८ **कृषि उत्पादन तथा कोल्ड स्टोर**

पालिका र निर्माण व्यवसायी जय दुर्गे कन्स्ट्रक्सन शैल्यशिखर-२, दार्चुलाबीच ठेक्का नं. SM/NCB/Work/06/079/80 कृषि उत्पादन तथा कोल्ड स्टोर निर्माण गर्न मिति २०८०।१०।१८ मा रू. ८८,९२,१४२।०० मा ठेक्का सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न रहेका छन् ।

७८.१ **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)(ग) मा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था गरेको छ । पालिका र निर्माण व्यवसायी जय दुर्गे कन्स्ट्रक्सन शेल्यशिखर-२, दार्चुलाबीच ठेक्का नं. SM/NCB/Work/06/079/80 कृषि उत्पादन तथा कोल्ड स्टोर निर्माण गर्न मिति २०८०।१०।१८ मा रू.८८,९२,१४२।०० मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले निर्माण कार्य नगरी उक्त योजना अधुरो राखेको अवस्था छ । सम्झौताको अन्तिम म्यादपश्चात म्याद थप भएको छैन भने कार्यसम्पादन जमानतको म्यादसमेत सकिएको छ र निर्माण व्यवसायी पालिकासँग सम्पर्कमासमेत रहेको देखिएन । अतः सम्झौता बमोजिम तोकिएको कार्य गराउनुपर्दछ अन्यथा कालोसूचीको लागि सिफारिस गर्नुपर्दछ ।

७८.२ **सम्झौता कार्यान्वयन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी जय दुर्गे कन्स्ट्रक्सन शेल्यशिखर-२, दार्चुलाबीच ठेक्का नं.SM/NCB/Work/06/079/80 कृषि उत्पादन तथा कोल्ड स्टोर निर्माण गर्न मिति २०८०।१०।१८ मा रू.८८,९२,१४२।०० मा ठेक्का सम्झौता भएकोमा निर्माण व्यवसायीले निर्माण कार्य नगरी उक्त योजना अधुरो राखेको अवस्था छ । सम्झौताको अन्तिम म्यादपश्चात म्याद थप भएको छैन भने कार्यसम्पादन जमानतको म्यादसमेत सकिएको छ र निर्माण व्यवसायी पालिकासँग सम्पर्कमा समेत रहेको देखिएन । अतः पालिकाले सम्झौता बमोजिम कार्य गराउन ध्यान जानु पर्दछ अन्यथा ऐनमा भएको व्यवस्था बमोजिम असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

७९ **सडक निर्माण कार्य**

पालिका र निर्माण व्यवसायी नागार्जुन कन्सक्ट्रन शैल्यशिखर ९ दार्चुला बीच ३ योजना कोटाखोला अम्तोली पपडखोला देवथली सडक (क्रमागत आयोजना), ठुलशैनी गोधरी सडक र बजाड खतकडा सडक निर्माण कार्य गर्न मिति २०७९।१।१४ मा

रू.२,७१,४१,७३४।०० मा ठेक्का सम्झौता गरेकोमा रू.१,५०,६९,३२८।०० बराबरको निर्माण कार्य गर्न बाँकी राखि ३ योजनाहरू अधुरो राखेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्न रहेका छन् ।

७९.१ **सम्झौता कार्यान्वयनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) मा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्नेछ र ऐनको दफा ५९ (८) मा उपदफा (७) बमाजिम सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत हुनेछ व्यवस्था छ । र त्यसरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे-जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गर्ने व्यवस्था छ । पालिका र निर्माण व्यवसायी नागार्जुन कन्सक्ट्रन शैल्यशिखर ९ दार्चुला बीच ३ योजना कोटाखोला अम्तोली पपडखोला देवथली सडक (क्रमागत आयोजना), ठुलशैनी गोधरी सडक र बजाड खतकडा सडक निर्माण कार्य गर्न मिति २०७९।१।१४ मा रू.२,७१,४१,७३४।०० मा ठेक्का सम्झौता गरेकोमा रू.१,५०,६९,३२८।०० बराबरको निर्माण कार्य गर्न बाँकी राखि ३ योजनाहरू अधुरो राखेको देखिन्छ । निर्माण व्यवसायीको म्याद म्याद थप भएको छैन र कार्यसम्पादन जमानतको म्यादसमेत सकिएको छ । निर्माण व्यवसायी पालिकासँग सम्पर्कमा समेत रहेको देखिएन । अतः पालिकाले सम्झौता बमोजिम कार्य गराउन ध्यान जानु पर्दछ अन्यथा ऐनमा भएको व्यवस्था बमोजिम असुल गरी ठेक्का फरफारक गर्नुपर्दछ ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | कार्य सम्पादन जमानत | | सम्झौता मिति | सम्झौता (रू.) | कुल यथार्थ खर्च (रू.) | कार्य सम्पन्न गर्न बाँकी (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | म्याद सकिने मिति | | | | |
| १ | SM/NCB/WORKS/2/2078/079 | कोटाखोला अम्तोली पपडखोला देवथली सडक (क्रमागत आयोजना) | ३५२०००० | २०७९।०३।३० | २०७९।१।१४ | ८०१९६६३ | ६१७२१२७ | १८४७५३५ |
| २ | SM/NCB/WORKS/04/2078/079 | ठुलशैनी गोधरी सडक | पेश नभएको | पेश नभएको | २०७९।१।१४ | ९५५४०३० | ३३०२६७९ | ६२५१३५० |
| ३ | SM/NCB/WORKS/3/2078/079 | बजाड खतकडा सडक | पेश नभएको | पेश नभएको | २०७९।१।१४ | ९५६८०४२ | २५९७५९९ | ६९७०४४३ |
| **जम्मा रू.** | | | **३५२००००** | | | **२७१४१७३४** | **१२०७२४०५** | **१५०६९३२८** |

७९.२ **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ (१)(ग) मा खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य नगरेमा बोलपत्रदातालाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्ने व्यवस्था गरेको छ । पालिका र निर्माण व्यवसायी नागार्जुन कन्सक्ट्रन शैल्यशिखर ९ दार्चुला बीच ३ योजना कोटाखोला अम्तोली पपडखोला देवथली सडक (क्रमागत आयोजना), ठुलशैनी गोधरी सडक र बजाड खतकडा सडक निर्माण कार्य गर्न मिति २०७९।१।१४ मा रू.२,७१,४१,७३४।०० मा ठेक्का सम्झौता गरेकोमा रू.१,५०,६९,३२८।०० बराबरको निर्माण कार्य गर्न बाँकी राखि ३ योजनाहरू अधुरो राखेको छ । निर्माण व्यवसायीको म्याद म्याद थप भएको छैन र कार्यसम्पादन जमानतको म्यादसमेत सकिएको छ । निर्माण व्यवसायी पालिकासँग सम्पर्कमा समेत रहेको देखिएन । अतः सम्झौता बमोजिम तोकिएको कार्य गराउनुपर्दछ अन्यथा कालोसूचीको लागि सिफारिस गर्नुपर्दछ ।

८० **झुलेगडी खोल्सी सडक** (२९-2081-12-28):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं.

SM/NCB/WORK/01/2081/082 झुलेगडी खोल्सी सडक क्रमागतमा निर्माण व्यवसायी श्री जय माँ तुलसी निर्माण सेवा महाकाली नपा-५, दार्चुलालाई Providing and Laying of Plain cement concrete M10 (For 1:3:6) in Foundation को २० वटा सेक्सनमा १.५ मीटर चौडाई खन्ने कार्य गरेकोमा सुख्खा स्टोन सोलिङ (Dry stone soling) र PCC 1:3:6 खनेको भन्दा बढी १.७५ अर्थात् ०.२५ चौडाई बढी नापी गरी ४.१४ घनमीटर मात्रै भुक्तानी हुनुपर्नेमा ९.२५ घनमिटर रू.४५००।०० का दरले भुक्तानी गरेको छ ।५.११ घनमिटर बढी नाँपजाँच गरेको कारणले रू.२२९९५।०० बढी भुक्तानी भएको रकम मूअकरसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,९८४ |

८१ **झुलेगडी खोल्सी सडक** (२९-2081-12-28):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं. SM/NCB/WORK/01/2081/082 झुलेगडी खोल्सी सडक क्रमागतमा निर्माण व्यवसायी श्री जय माँ तुलसी निर्माण सेवा महाकाली नपा-५, दार्चुलालाई Providing and Laying of Plain cement concrete M15 (For 1:२:४) in Foundation को कार्य गर्दा खन्ने कार्य २० वटा १.५ मीटर चौडाई खन्ने कार्य गरेकोमा सुख्खा स्टोन सोलिङ (Dry Stone Soling) र PCC 1:3:6 खनेको भन्दा बढी १.७५ अर्थात ०.२५ चौडाई नाँपजाँच गरी बढी भुक्तानी गरेको छ । फरक नाँपजाँचको कारणले ७९.६८ घनमीटर भुक्तानी गर्नुपर्नेमा ८४.६८ घनमिटरको रू.५०००।०० का दरले भुक्तानी गरेको छ । फरक नाँपजाँचको कारणले ५ घनमिटरको रू.५०००।०० को दरले रू.२५०००।०० बढी भुक्तानी भएको रकम मू.अ.करसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,२५० |

८२ **सूचना प्रकाशन तथा पत्रपत्रिका खर्च**

सूचना प्रकाशन तथा पत्रपत्रिका खर्च सम्बन्धमा देखिएका मुख्य ब्यहोराहरुः

८२.१ **सोझै बिज्ञापन** - सार्बजनिक खरिद ऐन २०६३, को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिशपर्धा समित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नु हुदैन भनी उल्लेख छ । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) अनुसार सार्बजनिक निकायले एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक नियमावलीले तोकेको सिमा भन्दा बढी रकमको वा एउटै ब्यक्ति फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन । लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा यो वर्ष रु. 535696.00 भुक्तानी गरेकोमा विज्ञापन प्रकाशित गर्दा एकै प्रकृतिको बिज्ञापनमा समेत सून्य प्रतिशत देखी ५२ प्रतिशतसम्म छुट लिएकोमा मिडिया फर्महरु बीच कुनै प्रकारको प्रतिस्पर्धाको व्यवस्था गरेको देखिएन । सूचना प्रकाशन गर्दा फर्म तथा मिडियाहरुबीच प्रतिस्पर्धा गराई न्यून कवोल गर्ने र बढी प्रतिशत छुट दिने मिडिया फर्मसँग सेवा लिनेतर्फ कार्यालयको ध्यान दिएको पाईएन । नेपाल सरकारबाट बर्गिकृत बिज्ञापनको सुबिधा लिने प्रकासन गृहले सरकारी कार्यालयको सूचना प्रकासन गर्दा २५% छुट दिनुपर्ने प्रावधान रहेकोमा छुट दिएको पाईएन । यसरी छुट नदिएको वा घटी दिएको कारण पालिकालाई बिज्ञापन खर्चमा रू.१,०४,७६४।०० बढी ब्ययभार परेको पाईयो । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| **सि.नं.** | **विज्ञापन एजेन्सीको नाम** | **बापत** | **बिजक नं./मिति** | **कुल भुक्तानी (मू.अ.कर बाहेक) रु.** | **लिनु पर्ने छुट प्रतिशत** | **लिएको छुट प्रतिशत** | **छुट नलिएको** |
|---|---|---|---|---|---|---|---|
| १. | सिर्जना ईन्टरनेशनल मिडिया प्रा.लि., पानीपोखरी, काठमाण्डौ | ठेक्काको सुचना प्रकाशन | ११७०।०७८। १२।१५ | १९४४०० | २५% | १५% | १९४४० |
| २. | सिर्जना ईन्टरनेशनल मिडिया प्रा.लि., पानीपोखरी, काठमाण्डौ | ठेक्काको सुचना प्रकाशन | ६८०।०७८। ९।।२५ | १४१५९३ | २५% | ०% | ३५३९८ |
| ३. | अपि कम्युनिकेशन प्रा.लि., दार्चुला | बिभिन्न सुचना प्रकासन | २३।०८१।३। १८ | १९९७०३ | २५% | ०% | ४९९२६ |
| **जम्मा रू.** | | | | | | | **१०४७६४** |

८२.२ **गतबर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्न बाँकी रकम समावेस गरेर बजेट बनाउनु पर्ने व्यवस्था छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट भुक्तानी बाँकीको विवरण प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ तर पालिकाको हकमा पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्षको बजेटमा गतवर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी/नगरी आर्थिक बर्ष २०७८।०७९ को बिल भरपाई संलग्न राखि रू ७,३६,३०२।०० भुक्तानी दिएको छ। पालिकाले सम्बन्धित आर्थिक बर्षहरुमानै भुक्तानी दिए नदिएको सम्बन्धमा एकिन गरी प्रमाण पेश हुनुपर्दछ अन्यथा भुक्तानी दिएको रकम रु.७,३६,३०२।०० असुल गर्नु पर्ने रू

| सि.नं. | विज्ञापन एजेन्सीको नाम | बापत | बिजक नं./मिति | कुल भुक्तानी (मू.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| १. | सिर्जना ईन्टरनेशनल मिडिया प्रा.लि., पानीपोखरी, काठमाण्डौ | ठेक्काको सुचना प्रकाशन | ११७१।०७८।३।१५ | ४५१२८ |
| २. | सिर्जना ईन्टरनेशनल मिडिया प्रा.लि., पानीपोखरी, काठमाण्डौ | ठेक्काको सुचना प्रकाशन | ११७०।०७८।१२।१५ | २१९६७२ |
| ३. | सिर्जना ईन्टरनेशनल मिडिया प्रा.लि., पानीपोखरी, काठमाण्डौ | ठेक्काको सुचना प्रकाशन | ६८०।०७८।९।।२५ | १६०००० |
| ४. | अपि कम्युनिकेशन प्रा.लि., दार्चुला | बिभिन्न सुचना प्रकासन | २३।०८१।३।१८ | २२५६६४ |
| ५. | अपि बिज्ञापन एजेन्सी, महेन्द्रनगर | बिभिन्न सुचना प्रकासन | ८।०८१।८।२३ | ८५८३८ |
| **जम्मा रू.** | | | | **७३६३०२** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,३६,३०२ |

८२.३ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले नमुना परीक्षण गर्दा पत्रपत्रिकामा रित नपुर्‍याई खर्च गरेको छ । विज्ञापन एजेन्सीहरूले जति बिल पेश गरेको सोहीलाई सदर गरी भुक्तानी गरेको छ भने पालिकाबाट सूचना प्रकाशनको लागि सम्झौता र कार्यादेश नभएको, कुन-कुन सूचना प्रकाशन गर्ने भनि पालिकाबाट सूचनाको विवरण नदिएको पत्रिकालाईसमेत भुक्तानी दिएको छ । साथै पालिकाभित्र प्रकाशन, प्रसारण र विक्रि नहुने र यहाँको जनतालेसमेत सुन्न र पढ्न नपाउने सूचनाहरू प्रकाशन गरेको भनि पत्रपत्रिकालाई भुक्तानी गरेको छ । औचित्पुर्ण नभएको र अस्वभाविक रूपमा भएको भुक्तानी असुल गर्नुपर्दछ । अतः असुल गर्नुपर्ने रू.

| क्र.सं. | पत्रिकाको नाम | भुक्तानी रू. | असुल गर्नुपर्ने (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | मालिका अर्जुन डिजिटल मिडिया प्रा.ली. | १५४००० | २४००० | सौर्य राष्ट्रिय दैनिकमा बोलपत्र प्रति सिसीको रू.१४००।०० दर कायम गरी भुक्तानी गर्नुपर्नेमा रू.१६००।०० का दरले १२० सिसीको बोलपत्र आव्हानको सूचना प्रकाशन गरेवापतको भुक्तानी गरेको |
| २ | जय गोरखनाथ मिडिया प्रा.ली. भिमदत्त नपा-१८ भाँसी कञ्चनपुर । | १४१२२४ | ७२४५० | प्रभाव राष्ट्रिय दैनिकमा गोकुलेश्वर नमुना मा.वि. गोकुलेको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ५६ सिसि भएकोमा मिडियाले १२५ सीसीको बिल पेश गरी रू.१४००।०० का दरले रू.१४१२२४।०० (२५ प्रतिशत छुट पश्चात) भुक्तानी लिएकोमा बढी सिसि भुक्तानी भएको ६९ सिसिको रू.१४००।०० का दरले २५ प्रतिशत छुट पश्चात असुल हुनुपर्दछ । |
| ३ | अपी कम्युनिकेशन प्रा.ली. महाकाली-४, दार्चुला । | २९५५०० | १००८०० | सौर्य राष्ट्रिय दैनिकमा आर्थिक प्रस्ताव खोल्ने सूचनामा ६४ सीसी भएकोमा १०० सीसीको बिल पेश गरेको र वडा कार्यालय निर्माणको बोलपत्र आव्हानको सूचनामा १२० सीसी भएकोमा १८० को बिल पेश गरी रू.१४००।०० का दरले २५ प्रतिशत छुट पश्चात २९५५००।०० भुक्तानी भएकोमा ९६ सिसि बढी भुक्तानी भएको हुँदा रू.१४००।०० का दरले २५ प्रतिशत छुट पश्चात असुल गर्नुपर्ने रू. |
| ४ | अपी कम्युनिकेशन प्रा.ली. महाकाली-४, दार्चुला । | ११७०७५ | ३१५०० | सौर्य राष्ट्रिय दैनिकमा बोलपत्र स्वीकृत सम्बन्धी सूचनामा ७० सीसी भएकोमा १०० सीसीको बिल पेश गरेको । ३० सिसि बढी भुक्तानी गरेको रू.१४००।०० का दरले २५ प्रतिशत छुट पश्चात असुल गर्नुपर्ने रू. |
| ५ | अपी कम्युनिकेशन प्रा.ली. महाकाली-०४, दार्चुला । | २५११७५ | २३५००० | मानसरोवर राष्ट्रिय दैनिकमा “शैल्यशिखर नगरपालिकाद्धारा जनहितमा जारी सन्देश” ८ पटक प्रकाशन गरेवापतको भुक्तानी । औषतमा रू.२०००।०० को दरले भुक्तानी गरी बाँकी रकम असुल गर्नुपर्दछ । |
| ६ | उदाउने मिडिया | १२२१४ | १२२१४ | मिडियाले पेश गरेको प्रमाण हेर्दा सूचनाहरू वास्तविक रूपमा प्रकाशन गरेको देखिदैन पालिकाबाट कुन-कुन सूचना प्रकाशन गर्ने भनि कार्यादेश, सम्झौता र सूचनाको विवरण दिएको छैन । अतः असुल हुनुपर्दछ । |
| ७ | दार्चुला एडभरटाईजिङ विज्ञापन एजेन्सी महाकाली नपा-५, दार्चुला । | २०९७९० | ६३००० | सौर्य राष्ट्रिय दैनिकमा सिलबन्दी कोटेश्वन स्वीकृत सम्बन्धी सूचनामा १२० सीसी भएकोमा विज्ञापन एजेन्सीले १८० सीसीको बिल पेश गरी रू.१४००।०० का दरले २५ प्रतिशत छुट पश्चात रू.२०९७९०।०० भुक्तानी गरेको ।अतः २५ प्रतिशत छुट पश्चात ६० सिसि बढी भुक्तानी भएको असुल गर्नुपर्दछ । |
| ८ | दार्चुला एडभटाइजिङ विज्ञापन एजेन्सी महाकाली नपा-५, दार्चुला । | १५२१९७।५० | ३१५०० | सौर्य राष्ट्रिय दैनिकमा बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचनामा १०० सीसी भएकोमा विज्ञापन एजेन्सीले १३० सीसी पेश गरी रू.१४००।०० का दरले २५ प्रतिशत छुट पश्चात रू.१५२१९७।५० भुक्तानी गरेको । अतः २५ प्रतिशत छुट पश्चात ३० सिसि बढी भुक्तानी भएको असुल गर्नुपर्दछ । |
| **जम्मा असुल गर्नुपर्ने रू.** | | | **५७०४६४** | |

| असुल गर्नुपर्ने | ५,७०,४६४ |
|---|---|

## ८३ संघीय सशर्त अनुदानतर्फ

८३.१ **उपभोक्ता समितिमार्फत जटिल कार्य** - सार्वजनिक खरिद नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा सार्वजनिक निकायले उक्त काम श्रम मुलक प्रकृतिको हुनु पर्ने व्यवस्था छ । कार्यपालिकाको बैठक संख्या ५३ मिति २०८१।९।४ को निर्णय नं. ५ बाट निर्णय भई मेशीन उपकरणमार्फत गर्नुपर्ने र प्राविधिक दक्षता आवश्यक पर्ने जटिल प्रकृतिका काम उपभोक्ता समितिमार्फत गराएको देखिन्छ । यसरी प्राविधिक दक्षता आवश्यक पर्ने काम उपभोक्ता समितिमार्फत गराउँदा दिगो प्रभावकारी तथा उपयुक्तसमेत हुदैन साथै निम्न योजनामा गुणस्तर परीक्षण समेत गरेको छैन । अतः जटिल र प्राविधिक दक्षता आवश्यक पर्ने कामहरु उपभोक्ता समितिमार्फत सम्पन्न गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | उपभोक्ता समितिको नाम र ठेगाना | सम्झौता (रू.) | भुक्तानी (रू.) |
|---|---|---|---|---|
| १ | तल्ली धारी गाउँ बस्ती जाने भोलिया सल्याडी सडक स्तरोन्नती | तल्ली धारी गाउँ बस्ती जाने भोलिया सल्याडी सडक स्तरोन्नती उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | ४८००००० | ४६९७६६९।५० |
| २ | बसौरा देखि नयाँ गाउँ सकुन्तडसम्मको सडक स्तरोन्नती। | बसौरा देखि नयाँ गाउँ सकुन्तडसम्मको सडक स्तरोन्नती उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | ४८००००० | ४६९९७७८।४१ |
| ३ | मल्लागाउँ नकतड खर्कटोल मोटेसाल पारिगाउँ सौडे सडक स्तरोन्नती । | मल्लागाउँ नकतड खर्कटोल मोटेसाल पारिगाउँ सौडे सडक स्तरोन्नती शैल्यशिखर-९, दार्चुला । | ४८००००० | ४७२७०७१।०३ |
| **जम्मा रू.** | | | **१४४००००००** | **१४१२४५१८।९४** |

८३.२ **उपभोक्ता समितिमार्फतको कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक खरिद प्रक्रियालाई सम्भव भएसम्म प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्ने व्यवस्था छ । पालिकाले यसबर्ष संघीय सशर्त अनुदान अन्तर्गतका निम्न तीन योजनामा उपभोक्ता समितिमार्फत गराएको देखिन्छ । पालिकाबाट यसबर्ष खुला बोलपत्र गरेका ठेक्काहरूमा ३१.२५ प्रतिशतदेखि ५३.५७ प्रतिशतसम्म घटीमा ठेक्का सम्झौता गरी कार्य गराएको देखिन्छ । निम्न तीन योजनाको लागत अनुमान रू.१,४४,००,०००।०० भएकोमा यसबर्ष बोलपत्र भएका ११ ठेक्कामा घटेको प्रतिशतलाई आधार मान्दा औषत ४०.९२ प्रतिशत घटी हुँदा रू.५८,९२,४८०।०० बचत हुने देखिन्छ । उपभोक्ता समितिमार्फत कार्य गराउँदा एकातिर काममा गुणस्तर नहुने र लागत अनुमान बराबरमा कार्य गराउँदा पालिकामाथि थप व्ययभार बढ्न जाने देखिन्छ । अतः खुला बोलपत्रद्धारा खरिद प्रक्रियालाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | उपभोक्ता समितिको नाम र ठेगाना | सम्झौता (रू.) | भुक्तानी (रू.) |
|---|---|---|---|---|
| १ | तल्ली धारी गाउँ बस्ती जाने भोलिया सल्याडी सडक स्तरोन्नती | तल्ली धारी गाउँ बस्ती जाने भोलिया सल्याडी सडक स्तरोन्नती उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | ४८००००० | ४६९७६६९।५० |
| २ | बसौरा देखि नयाँ गाउँ सकुन्तडसम्मको सडक स्तरोन्नती। | बसौरा देखि नयाँ गाउँ सकुन्तडसम्मको सडक स्तरोन्नती उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | ४८००००० | ४६९९७७८।४१ |
| ३ | मल्लागाउँ नकतड खर्कटोल मोटेसाल पारिगाउँ सौडे सडक स्तरोन्नती । | मल्लागाउँ नकतड खर्कटोल मोटेसाल पारिगाउँ सौडे सडक स्तरोन्नती शैल्यशिखर-९, दार्चुला । | ४८००००० | ४७२७०७१।०३ |
| **जम्मा रू.** | | | **१४४००००००** | **१४१२४५१८।९४** |

## ८४ उपभोक्ता समितितर्फ

८४.१ **उपभोक्ताको अंश** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिका र निम्न उपभोक्ता समितिबीच उपभोक्ता

समितिको अंश १० प्रतिशत हुने भनि सम्झौता भएकोमा पालिकाले सो भन्दा कम प्रतिशत कट्टा गरेको छ । अतः कम कट्टी भएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| क्र.सं | उपभोक्ता समितिको नाम | सम्झौता र खुद काम भएको (रू.) | कट्टा गर्नुपर्ने (रू.) | कट्टा भएको (रू.) | कम कट्टी भएको (रू.) |
|---|---|---|---|---|---|
| १ | बर्थिङ सेन्टर निर्माण उपभोक्ता समिति शैल्यशिखर-३, लुइटा दार्चुला । | १९२०००० | १९२००० | १५२०००।०९ | ४०००० |
| २ | चौडेगाड घट्टेखेत सिंचाई कुलो निर्माण योजना उपभोक्ता समिति शैल्यशिखर-७, खोल्सी दार्चुला । | १४४०००० | १४४००० | ६१३८५।३६ | ८२६१५ |
| ३ | आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण उपभोक्ता समिति शैल्यशिखर-१, दार्चुला । | ३७३०५६० | ३७३०५६ | ३१०५४२।०७ | ६२५१४ |
| ४ | भुमीराज आधारभुत बिद्यालय, तल्लोकाँडापारी, दार्चुला | १३४३६८७ | १३४३६९ | ५९४७४ | ७४८९५ |
| ५ | श्री जगन्नथ लघु जलबिद्युत आयोजना मर्मत उ.स. | ४९६८७२ | ४९६८७ | ० | ४९६८७ |
| ६ | मनने खोला मेशिनरी वाल निर्माण उ.स. | ४०५२२९ | ४०५२३ | २२००० | १८५२३ |
| ७ | लटिनाथ आधारभुत बिद्यालय, बरिल निर्माण उ.स. | २७४५५८७ | २७४५५९ | ० | २७४५५९ |
| **जम्मा असुल गर्नुपर्ने रू.** | | | | | **६०२७९३** |

| असुल गर्नुपर्ने | ६,०२,७९३ |
|---|---|

८४.२ **बढी भुक्तानी** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्बजनिक निकायले निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, इंटा, माटो, बालुवा, क्रकंट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको योजनाहरुमा भवन विभागको नर्म्सको प्रयोग गर्दा नर्म्समा उल्लेख भएको भन्दा फरक Coefficient हरुको प्रयोग गरेको कारण सार्बजनिक निर्माणको दररेट बढ्न गएको पाईयो । यसरी कामको प्रकृति अनुसार स्वीकृत नर्म्सको प्रयोग नगरेको कारणबाट बढी भुक्तानी भएको रकम रु. ७,९६,६४८।०० मा उपभोक्ताको अंश रु.१,२८,१५७।०० कट्टी गर्दा हुन आउने रकम रु.६,६८,१०१।०० असुल गर्नुपर्ने रू.

| सि.नं. | योजनाको नाम | आईटमवाईज कार्य | कार्य परिमाण | लागत अनुमानको दर (मू.अ.कर सहित) | भुक्तानी हुनुपर्ने दर (मू.अ.कर सहित) रु. | बढी भुक्तानी भएको | उ.स.को अंश | खुद बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | तारुलीदेखि थामु सैनीसम्म बाटो सोलिङ्ग | Stone Soling Works | ७५.६० | ३५९५।०६ | २९८०.०६ | ४६४९४ | ७८६६ | ३८६२८ | भवन बिभागको नर्म्स नं. ६.५ अनुसार Stone Soling अदक्ष प्रति घन मिटर १.५ MD राख्नुपर्नेमा १.२५ MD, दक्षनर्मसमा नभएकोमा ०.८० MD राखेको कारण लागत बढेको ***(दार्चुला जिल्लाको जिल्लादररेट दक्ष-१२५०, अदक्ष-८४०)*** |
| २. | चुवाङ्ग पनेबाँज सोलिङ्ग बाटो निर्माण | Stone Soling Works | ५०.६० | ३५९५।०६ | २९८०.०६ | ३१११९ | ५२४७ | २५८७२ | ,, ,, |
| ३. | सत्याडीदेखि भटपते खोलासम्म सोलिङ्ग गरी बाटो निर्मण | Stone Soling Works | ४०.१६ | ३५९५।०६ | २९८०.०६ | २४६९८ | ४१३० | २०५६९ | ,, ,, |
| ४. | रोडदेखि रौटासम्म सोलिङ्ग बाटो निर्माण | Stone Soling Works | २६.३२ | ३५९५।०६ | २९८०.०६ | १६१८७ | २७५१ | १३४३५ | ,, ,, |
| ५. | कालीपाताल मौवामेला सोलिङ्ग बाटो निर्माण योजना | Stone Soling Works | ४१.४२ | ३५९५।०६ | २९८०.०६ | २५४७३ | ४५०१ | २०९७२ | ,, ,, |
| ६. | मल्ला घट्टेठा सोलिङ्ग बाटो निर्माण | Stone Soling Works | ६५.२५ | ३५९५।०६ | २९८०.०६ | ४०१२९ | ६९७४ | ३३१५५ | ,, ,, |
| ७. | सुन्दरपुर सडकदेखि मल्लागाउँ पि.सि.सी. बाटो निर्माण | Stone Soling Works | १३.१८ | ३७६७।९८ | ३१५२.९८ | ८१०६ | १५४० | ६५६६ | ,, ,, |
| ८. | भण्डारी घर आगन निर्मण | Stone Soling Works | १०.८६ | ३७६७।९८ | ३१५२.९८ | ६६७९ | १११० | ५५६९ | ,, ,, |
| ९. | ठुलीगाड चौतारो हुँदै सन्यासैन बाटो निर्माण | Stone Soling Works | २३.९३ | ४७७१।६१ | ४१५६।६१ | १४७१७ | ३५३२ | १११८५ | ,, ,, |
| १०. | छोला बगर मकन्ना सिचाई | Stone Soling Works | १०.६५ | ४०२१।५२ | ३४०६।५२ | ६५५० | ८७८ | ५६७२ | ,, ,, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | कुलो निर्माण | | | | | | | | |
| ११. | झकरुवा खोलादेखि जवलधार सोलिङ्ग बाटो निर्माण | Stone Soling Works | २५.१५ | ३५९५।०६ | २९८०।०६ | १५४६७ | २६११ | १२८५६ | ,, ,, |
| १२. | पनेबाजा खोदा सोलिङ्ग बाटो निर्माण | Stone Soling Works | ४५.१२ | ३५९५।०६ | २९८०।०६ | २७७४९ | ४६८७ | २३०६२ | ,, ,, |
| १३. | पनेबाज मेलारुख सोलिङ्ग बाटो निर्माण | Stone Soling Works | ४४.८८ | ३५९५।०६ | २९८०।०६ | २७७४९ | ४७१२ | २३०३७ | ,, ,, |
| १४. | ईजरमादेखि रुनेकिझाडी बाटो निर्माण | Stone Soling Works | १०.६२ | ३५९५।०६ | २९८०।०६ | ६५३१ | ७८४ | ५७४७ | ,, ,, |
| १५. | पपरथला पि.सि.सी.बाटो निर्माण | Stone Soling Works | ९.४१ | ३५९५।०६ | २९८०।०६ | ५७८७ | ९८४ | ४८०३ | ,, ,, |
| १६. | रोलदेखि सिमारसम्म रोलिङ्ग बाटो निर्माण | Stone Soling Works | ३९ | ४०२१।५२ | ३४०६।५२ | २३९८५ | २३९९ | २१५८६ | ,, ,, |
| १७. | चोरधार जिम्बाल घरदेखि दुबेडी भण्डारी घरसम्म बाटो निर्माण | Stone Soling Works | ३४.०२ | ३७३६।९२ | ३१२१।९२ | २०९२२ | ३३८५ | १७५३७ | ,, ,, |
| १८. | चोरधार बाटो निर्माण | Stone Soling Works | ४०.५६ | ३१६८।६० | २५५३।६० | २४९४४ | ३६१९ | २१३२५ | ,, ,, |
| १९. | जुँगेपानी बाटो निर्माण योजना | Stone Soling Works | ४०.५६ | ३१६८।६० | २५५३।६० | २४९४४ | ३६१९ | २१३२५ | ,, ,, |
| २०. | खत्री बस्ती बाटो सोलिङ्ग | Stone Soling Works | २६.८८ | ४९३१।९८ | ४३१७।०० | १६५३१ | १९७५ | १४५५६ | ,, ,, |
| २१. | पनेबाज चुवाङ्ग बाटो निर्माण | Stone Soling Works | ४७.४८ | ८१०४।०४ | ६१८५।२९ | ९११०२ | १४५६७ | ७६५३५ | भवन बिभागको नर्म्स नं. ६.५ अनुसार अदक्ष प्रति घन मिटर १.५MD राख्नुपर्नेमा १.२५MD, दक्षनर्मसमा नभएकोमा ०.८० MD राखेको साथै कार्यालयले तयार गरेको लागत अनुमानको दर रु. ६,१८५।२९ भएकोमा रु. ८१०४।०४ राखेको कारण लागत |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | बढेको ***(दार्चुला जिल्लाको जिल्लादररेट दक्ष- १२५०, अदक्ष- ८४०)*** |
| २२. | सल्लेधारदेखि औस्पालेकसम्म पि.सि.सी. बाटो निर्माण | Stone Soling Works | ३२.७६ | ५५५१।३६ | ३५३१।९४ | ६६१५६ | १३२३१ | ५२५२५ | भवन बिभागको नर्म्स नं. ६.५ अनुसार अदक्ष प्रति घन मिटर १.५MD राख्नुपर्नेमा १.२५MD, दक्षनर्मसमा नभएकोमा ०.८० MD राखेको कारण लागत बढेको साथै लागत अनुमानको दरभन्दा फरक दरराखिएको कारण लागत बढेको ***(दार्चुला जिल्लाको जिल्लादररेट दक्ष- १२५०, अदक्ष- ८४०)*** |
| २३. | नागार्जुन अर्डर सप्लायर्स, शैल्यशिखर-९, दार्चुला | एच. डि.पी. पाईप खरिद (63mm/PN-10) | ३३० र.मी. | ४२३।७४ | २९३।८५ | ४२८६४ | ६७१३ | ३६१५१ | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन ०.८८० प्रति र.मी. हुनेमा १.२६९ के.जी. राखिएको कारण दर फरक परेको |
| २४. | मट्युल धारमा सिचाई पाईप खरिद | एच. डि.पी. पाईप खरिद (63mm/PN-10) | १३१ र.मी. | ४२३।७४ | २९३।८५ | १७०१७ | २९४९ | १४०६८ | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन ०.८८० प्रति र.मी. हुनेमा १.२६९ के.जी. राखिएको कारण दर फरक परेको |
| २५. | बालिचन मलटी सप्लायर्स, शैल्यशिखर, दार्चुला | एच. डि.पी. पाईप खरिद | | | | | | | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन २० एम.एम. को ०.११३ के.जी. प्रति र.मी. हुनेमा ०.१३४ के.जी., २५ एम.एम. को ०.१६९ के.जी. प्रति र.मी.. हुनेमा ०.२०२ के.जी., ३२ एम.एम. को ०.२३४ के.जी. प्रति र.मी. हुनेमा ०.३३४ के.जी., ४० एम.एम. को ०.३६० के.जी. प्रति र.मी. हुनेमा ०.५१४ के.जी. राखिएको कारण दर फरक परेको |
| | | 40mm/10KG PN-10 | १५० र.मी. | १६८ | १२०।२१ | ७१६९ | ० | ४१२३४ | |
| | | 32mm/10KG PN-10 | ६०० र.मी. | १०९ | ७८।४७ | १८३१८ | | | |
| | | 25mm/10KG PN-10 | ६०० र.मी. | ६७ | ५६।४३ | ६३४२ | | | |
| | | 20mm/10KG PN-10 | १५०० र.मी. | ४४ | ३७।७३ | ९४०५ | | | |
| २६. | ईजराफेर खानेपानी पाईप खरिद | 25mm/10KG PN-10 | ४४० र.मी. | ६७।४५ | ५६।४३ | ४८४९ | ४०४० | १४८३९ | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन २० एम.एम. को ०.११३ के.जी. प्रति र.मी. हुनेमा ०.१३४ के.जी., २५ एम.एम. को ०.१६९ के.जी. प्रति र.मी.. हुनेमा ०.२०२ के.जी. राखिएको कारण दर फरक परेको |
| | | 20mm/10KG PN-10 | २००० र.मी. | ४४।७४ | ३७।७३ | १४०२० | | | |
| २७. | भित्तफोड सिचाई मर्मत योजना उ.स. | 50mm/10KG PN-10 | ६५० र.मी. | २६५।८० | १८५ | ५२५२० | ९०६० | ४३४६० | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन ५० एम.एम. को ०.५५४ के.जी. प्रति र.मी. हुनेमा ०.९० के.जी., प्रति र.मी. राखिएको कारण लागत बढेको |
| २८. | मौरीभिटा कोटबाटा लिफ्टीङ्ग | 25mm/10KG PN-10 | १२८० र.मी. | ६७।४५ | ५६।४३ | १४१०६ | २३६८ | ११७३८ | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन २५ एम.एम. को ०.१६९ के.जी. प्रति र.मी.. हुनेमा |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी योजना | | | | | | | | ०.२०२ के.जी. राखिएको कारण दर फरक परेको |
| २९. | बन्तोली लिफ्ट खानेपानी मर्मत योजना | 32mm/10KG PN-10 | ६७० र.मी. | १११।५३ | ७८।४७ | २२१५० | ३७६६ | १८३८४ | एच.डि.पी. पाईपको Weight Chart अनुसार औषत वजन ३२ एम.एम. को ०.२३४ के.जी. प्रति र.मी. हुनेमा ०.३३४ के.जी., राखिएको कारण दर फरक परेको |
| ३०. | ईजराफेर ठुलढुङ्गा पाईप खररिद | 32mm/10KG PN-10 | ४८० र.मी. | १११।५३ | ७८।४७ | १५८६९ | ४१५९ | ११७१० | ,, ,, |
| **जम्मा रू.** | | | | | | **७९६६४८** | **१२८१५७** | **६६८१०१** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,६८,१०१ |

८४.३ **दररेट विश्लेषणममा फरक -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सडक निर्माण र पदमार्ग निर्माणको कार्य गर्दा सडक विभागद्धारा स्वीकृत नर्म्स Norms For Rate Analysis Road And Bridge Works, 2075 बमोजिम दररेट विश्लेषण गर्नुपर्नेमा भवन विभागद्धारा स्वीकृत नर्म्सको प्रयोग गरी दररेट विश्लेषण गरेको छ । स्वीकृत नर्म्स भन्दा फरक नर्म्स प्रयोग भएको कारणले निम्न उपभोक्ता समितिलाई रू.२७,८९,८३०।०० बढी व्ययभार परेको छ । अतः लागत अनुमान तयार गर्दा अधिकतम मितव्ययी हुने गरी तयार गर्न पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | उपभोक्ता समितिको नाम | आइटमहरू | दररेट | | भुक्तानी भएको परिमाण | बढी भुक्तानी (रू.) |
|---|---|---|---|---|---|---|
| | | | पालिकाको | वास्तविक | | |
| १ | तल्ली धारी गाउँ बस्ती जाने भोलिया सल्याडी सडक स्तरोन्नती उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | Providing and laying of Plain Cement Concrete M5(1:2:4) | १५४१५.१७ | ११८०१ | २३.८८ | ८६३०४ |
| | | random rubble stone masonry (1:4) | १४३६०.८४ | १३२०८ | १५९.१ | १८३४२६ |
| | | Filling Dry Stone Soling | ५३४६.६ | ३५०० | ७२.१६ | १३३२५१ |
| | | PCC For RCC(1:1.5:3) | २०२८२.२५ | १४८०२ | १७.५ | ९५९१२ |
| २ | बसौरा देखि नयाँ गाउँ सकुन्तडसम्मको सडक स्तरोन्नती उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | Providing and laying of Plain Cement Concrete M15 1:2:4 | १५४१५.१७ | ११८०१ | ४३.५४ | १५७३५७ |
| | | PCC For RCC(1:1.5:3) | २०२८२.२५ | १४८०२ | २५.४७ | १३९५९४ |
| | | Filling Dry Stone Soling | ३६५२.६ | ३५०० | ९०.६२ | १३८२९ |
| ३ | मल्लागाउँ नकतड खर्कटोल मोटेसाल पारिगाउँ सौडे सडक स्तरोन्नती शैल्यशिखर-९, दार्चुला । | Providing and laying of Plain Cement Concrete M15 1:2:4for nominal mix) in foundation. | १५४१५.१७ | ११८०१ | १९ | ६८६६७ |
| | | Providing and Laying random rubble stone masonry in cement mortar(1:4) | १४३६०.८४ | १३२०८ | २१३.८५ | २४६५४८ |
| | | Filling Dry Stone Soling and Leveling in foundation of Wall. | ५३४६.६ | ३५०० | ७८.०४ | १४४१०९ |
| ४ | होप्खडे घुम्ति पार्क निर्माण उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | Stone masonry in (1:4) c/s Mortar | १५१६३.३५ | १२७६६ | ६० | १४३८२६ |
| ५ | बारिल देखि सैनबन हुँदै सिप्टिसम्म पदमार्ग उपभोक्ता समिति शैल्यशिखर-१, दार्चुला । | Stone Soling Work | ४८७४.४५ | ३५०० | ५५.१९ | ७५८५६ |
| | | PCC Work 1:3:6 | ११७८४.२४ | ८१६८ | ३२.१९ | ११६४०८ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | १२८२०.०१ | ९५१८ | १४.९९ | ४९४९३ |
| ६ | कठपते देखि इप्रका हुँदै नकतडसम्मको पदमार्ग निर्माण उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | PCC 1:2:4 | १३२६८.६१ | ९७२८ | २२.१५ | ७८४१८ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | ११४१२.३ | ९१६२ | ३०.१ | ६७७४७ |
| | | Stone Soling Work | ३५९५. | ३५०० | ९३.१ | ८८४५ |
| ७ | रतौडा भण्डारीगाउँ पदमार्ग उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | PCC 1:2:4 Work | १३१८९.३५ | ९९४४ | २१.२७ | ६९०१९ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | ११३७२.९२ | ९३७१ | ३५.४ | ७०८५५ |
| ८ | सतुगाड बेताल पदमार्ग निर्माण उपभोक्ता समिति शैल्यशिखर-८, दार्चुला । | PCC 1:2:4 Work | १२३६१.३५ | १०००३ | २४.८६ | ५८६१७ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | ११२३१.९८ | १००७८ | ५०.४२ | ५८१७१ |
| ९ | रूपाघर रिठिगाड चक्रपुर बस्ती संरक्षणउपभोक्ता समिति शैल्यशिखर-८, दार्चुला । | Stone Soling Work | ४८७४.४५ | ३५०० | १४.५५ | १९९९८ |
| | | PCC 1:2:4 Work | १३९१०.९३ | १०६०७ | २.२१ | ७३०२ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | १३०२५.७७ | १०३६७ | २२ | ५८४८५ |
| १० | सिन्नाडी दशरथपुर पदमार्ग उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | PCC 1:2:4 Work | १२३६१.३५ | १०६०७ | ११.७७ | २०६५१ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | कठपते देखि झ्प्रका हुँदै नकतडसम्म पदमार्ग निर्माण उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | | १०८०५.५२ | १०३६७ | ३१ | १३५८३ |
| | | Stone Soling Work | ३५९५.०६ | ३५०० | ४०.४७ | ३८४७ |
| | | PCC 1:2:4 Work | १३२६८.६१ | ९५०५ | ४० | १५२३१९ |
| | | Stone Masonry Work 1:4 c/s Mortar | ११४१२.३ | ९४२७ | २१२.३९ | ४२१६८३ |
| १२ | सकुन्तड सिन्नाडी बालीसैन पदमार्ग उपभोक्ता समिति शैल्यशिखर-९, दार्चुला । | Stone Soling Work | ३५९५.०६ | ३५०० | ४१ | ३९२१ |
| | | PCC 1:2:4 Work | १३१८९.३५ | ९५०५ | २५.२८ | ९३१४० |
| | | Stone Masonry Work 1:4 c/s Mortar | ११३७२.९२ | ९४२७ | ४९ | ९४८०५ |
| **जम्मा रू.** | | | | | | **२७८९८३०** |

८४.४ (३८-2082-03-20):

**ईट्टाको दर बिष्लेषण -**

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **२६४,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८४.५ **प्राकृतिक श्रोतको रोयल्टी** - सुदूरपश्चिम प्रदेश आर्थिक ऐन. २०८१ को दफा ८(१), अनुसुचि-६ को खण्ड (क) बमोजिम पालिकाले प्रदेश सरकारले तोकेको ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल, चट्टान, स्लेट. बालुवा र चिप्सको लागि रु.४ प्रति घन फिट, माटो, भरौट, बलौट र ईट्टा बनाउने माटो जस्ता निर्माण समाग्रीमा रु.३ प्रति घन फिटको दरले र दहत्तर/बहत्तरको रु. १ प्रति के.जी. का दरले रोयल्टी असुल गर्नु पर्ने ब्यबस्था रहेको छ।पालिकाले ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट लगायतका स्थानीय निर्माण सामग्रीहरुको रोयल्टी संकलनका लागि ठेक्का लगाएको छैन। बिभिन्न योजनाहरुमा स्थानीय खोलनाला र खानीहरूबाट संकलन गरिएको निर्माण सामग्री प्रयोग गरेको पाईएको हुँदा सो बापतको रोयल्टी रकम गणना गरी असुल गर्नु पर्नेमा सो समेत गरेको पाईएन । पालिकाबाट निम्नानुसारका बिभिन्न योजनामा प्रयोग भएको निर्माण सामग्रीबापतको रोयल्टी रकम एकिन गरी असुल गर्नु पर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८४.५ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८५ **प्रशासकिय भवन निर्माण**

पालिका र निर्माण व्यवसायी चाँदनी नमस्कार जे भि बीच प्रशासकिय भवन निर्माण (ठेक्का नं. SM/NCB/WORK/04/2079/080) को लागि मिति २०८०।३।९ मा २०८२।९।१६ भित्र कार्यसम्पन्न गर्ने गरी रू.१०,१९,६४,३४२।०० मा ठेक्का सम्झौता भएको देखिन्छ । यस सम्बन्धमा व्यहोराहरू निम्न रहेको छ ।

८५.१ **नभएको कामको भुक्तानी -**

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,६९५,८७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८५.२ **फलामे डण्डीको बढी खपत -**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-९** को निर्णयले रू **१०,२२४,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

८५.३ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(६) मा सार्वजनिक निकायले डिजाइन र निर्माण सम्झौताका माध्यमबाट खरिद कार्य गर्दा प्राकृतिक प्रकोपका कारण अप्रत्यासित रूपमा आयोजनाको भौतिक अवस्था परिवर्तन हुन गएमा, वा सार्वजनिक निकायले कुनै काम थप वा संशोधन गर्न लगाएको अवस्थामा जाँचबुझ गरी भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ । त्यसैगरी नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ठेक्का नं. SM/NCB/WORK/04/2079/080 प्रशासकिय भवन निर्माण कार्यको चौथो रनिङ बीलसम्ममा चाँदनी नमस्कार जे.भी.लाई भेरिएशन आदेशबेगर निम्न आइटमहरूको भुक्तानी गर्दा Bill of Quantities (BOQ) मा उल्लेख गरेको परिमाण भन्दा अस्वभाविक बढी भुक्तानी गरेको छ । निम्न आइटमहरू भेरिएशनबेगर भुक्तानी किन भएको भनी छलफल गर्दा थोरै परिमाणमा बढी भुक्तानी भएको जनाए पनि अस्वाभाविक रूपमा बढी परिमाण भुक्तानी भएको छ । यस सम्बन्धमा औचित्पूर्ण र स्पष्ट प्रमाण पेश गरेको छैन ।यसरी बिओक्युमा उल्लेखित कार्य परिमाण भन्दा बढी कार्यको भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू.

**(विस्तृत विवरण बेरूजु दफा ८५.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,०७,९६४ |

८५.४ (४-2082-03-22):

**प्लास्टरको कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं. SM/NCB/WORK/04/2079/080 प्रशासकिय भवन निर्माण कार्यमा चाँदनी नमस्कार जेभिलाई तेस्रो तलामा चौथौ रनिङ बिलमा प्लास्टरको कार्य गर्दा ३२ झ्याल र ढोकाको ६४.१३० बर्गमिटरसमेत गणना गरी रू.३००।०० को दरले रू.१९२३९।०० बढी भुक्तानी गरेको छ । त्यसैगरी Top floor को ६ झ्याल र ढोकाको ११ बर्गमिटरसमेत गणना गरी रू.३००।०० का दरले रू.३३००।०० बढी भुक्तानी भएको छ । यसरी कुल प्लाष्टरको क्षेत्रफलबाट झ्याल र ढोकाको क्षेत्रफल नघटाएको कारणबाट बढी भुक्तानी भएको रकम मू.अ. करसहित असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,४७० |

## ८६ बीमा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा बीस लाख रुपैया भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यववसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार तथा प्लाण्ट र निर्माण कार्यको पुर्ण प्रतिस्थापन खर्चको बीमा गराउनु पर्ने व्यवस्था छ। त्यसरी गर्ने बिमाको अवधि त्रुटी सच्याउने अवधि बराबर वा सो भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ। पालिकाबाट यो वर्ष संचालित योजनाहरुको नमुना परीक्षण गर्दा निम्नानुसार योजनाहरु तोकिएको मूल्य भन्दा बढी मूल्यको निर्माण कार्यको बीमा हुन गएको देखिएन । साथै नियमानुसार बीमाको म्याद समेत थप गराई जोखिम व्यवस्थापन गर्न लगाउन कार्यालयको ध्यान जानुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ८७ पालिका बाहिरको खर्च

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पुरा गरी तोकिएको प्रयोजनामा मात्र खर्च गर्नु पर्दछ । स्थानिय निकायका लागि बित्तीय सामान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट प्राप्त रकम छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले बिभिन्न

सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत भुक्तानी दिने गरेको पाईयो । यसरी सार्बजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन।यसरी हुने सार्बजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिनासमेत हुन सक्ने हुँदा यस्ता खर्चमा नियन्त्रण गरी नियमित गर्नुपर्ने रू.

| सि.नं. | भुक्तानी पाउने कार्यालय/संस्थाको नाम | प्रयोजन/कामको बिवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १. | अस्थाई प्रहरी चौकी तल्लो काडापारी | भान्सा मर्मत | १४१७१४।३० |
| २ | नेत्रज्योति कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, शैल्यशिखर | भवन प्लाष्टर तथा झ्याल ढोका निर्माण | ३८२४३४ |
| **जम्मा रू.** | | | **५२४१४८.३** |

| | |
|---|---|
| अनियमित भएको | ५,२४,१४८.३ |

## ८८ शीर्षक फरक पारी खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, नियम ४१ मा सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहे नरहेको सुनिश्चित हुनुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा खर्च लेख्दा तोकिएको खर्च शीर्षक अनुसार खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले तोकिएको निम्न शीर्षकहरूमा फरक पारी फरक खर्च शीर्षकमा खर्च गरेको पाईयो । यसरी खर्च शीर्षक फरक पारी लेखिएको खर्चलाई नियमसगँत नदेखिएको रू.

| क्र.सं. | बिनियोजित बजेटको शीर्षक | भुक्तानी प्राप्तकर्ता | भुक्तानी (रू.) | भुक्तानी भएको शीर्षक |
|---|---|---|---|---|
| १ | उपशिर्षक नं.३११५९ वडा नं.३,५,७ र ८ को कार्यालय भवन निर्माण | नागार्जुन कन्स्ट्रक्सन प्रा.ली. शैल्यशिखर-९, दार्चुला | १६००००० | कोटखोला अम्तोली पापडथला देभथली सडक, ठुलासैनी गोडघारी बासखेत सडक र बजड खतकडा शिखरधाम सडकको भुक्तानी |
| २ | उपशिर्षक नं.उपशिर्षक नं.३११५९ बलाँच भुइकाडा सैनवन थला सडक क्रमागत | नागार्जुन कन्स्ट्रक्सन प्रा.ली. शैल्यशिखर-९, दार्चुला | १५००००० | कोटखोला अम्तोली पापडथला देभथली सडक, ठुलासैनी गोडघारी बासखेत सडक र बजड खतकडा शिखरधाम सडकको भुक्तानी |
| **जम्मा रू.** | | | **३१०००००** | |

| | |
|---|---|
| अनियमित भएको | ३१,००,००० |

## ८९ नापी किताब

सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्न योजनाको अन्तिम बिल भुक्तानी गर्दा निम्नानुसारको आईटमवाईज कार्यको नापी किताब अनुसार वास्तबिक भएको कार्य परिमाणभन्दा कार्य सम्पन्न प्रतिबेदन तयार गर्दा बढी कार्य परिमाण उल्लेख गरी भुक्तानी दिएको पाईयो । यसरी कार्य परिमाण बढाई भुक्तानी भएको रकम रु.१,१६,७४६।०० असुल गर्नुपर्ने रू

| सि.नं. | योजनाको नाम | आईटमवाईज कार्यको बिवरण | भुक्तानी भएको कार्य परिमाण | नापी किताब अनुसार भुक्तानी हुनुपर्ने कार्य परिमाण | भुक्तानी दर | कुल बढी भुक्तानी | उ.स.को अंश कट्टी | खुद बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|---|---|
| १. | टुकाघट्ट आर.सि.सी. पुल निर्माण | PCC for RCC Work (1:2:4) | ४.३२घ.मी. | ३.६४ | १७१४७।१३ | ११६६० | १७३९ | ९९२१ |
| २. | पातल आर.सि.सी. पुल निर्माण | PCC for RCC Work (1:2:4) | ४.३२घ.मी. | ३.६४ | १७१४७।१३ | ११६६० | १७३९ | ९९२१ |
| ३. | लटिनाथ आधारभुत बिद्यालय, बरिल निर्माण | Two coat white washing on wall surface | ८५९.९८ | ६२६.७३ | ३५।५४ | ८२८९।७१ | ० | ८२९० |
| | | Two Coat apex paint (Weather coat) without primer) | ८५९.९८ | ६२६.७३ | ३७९।९१ | ८८६१४ | ० | ८८६१४ |
| जम्मा रु. | | | | | | | | **११६७४६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१६,७४६ |

९० **एम्बुलेन्स खरिद**

एम्बुलेन्स खरिद सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन:

९०.१ **एम्बुलेन्स प्राप्त नभई भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्बन्धित फर्मलाई सम्झौता अनुसारको सम्पूर्ण रकम रु.२०,०८,१००।०० (मू.अ.कर नलाग्ने) भुक्तानी गरेकोमा लेखापरीक्षण अवधिसम्म कार्यालयमा एम्बुलेन्स प्राप्त भएको छैन । एम्बुलेन्स प्राप्त भएपछि मात्र भुक्तानीको प्रक्रिया अगाडी बढाउनु पर्नेमा सामान प्राप्त नहुदै भुक्तानी गर्नु नियम सम्मत देखिएन। यसमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

९०.२ **अग्रिम आयकर** - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार भुक्तानीमा १.५ प्रतिशतका दरले कर कट्टी गरेर मात्र भुक्तानी दिनु पर्नेमा रु.२०,०८,१००।०० भुक्तानी दिदा कर रकम रु.३०,१२१।५० कट्टी नगरेको हुँदा असुल गरी राजश्व दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,१२१.५ |

९०.३ **प्रतिस्पर्धा बेगर खरिद** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख) मा उत्पादक वा अधिकृत विक्रेताद्वारा निधारित दरमा (क्याटलग सपिङ्ग) विधिवाट गरिने खरिदको कार्यविधिको बारेमा उल्लेख छ। सोही नियमको उप-नियम (१) मा सार्वजनिक निकायले हेभी इक्विपमेन्ट, सवारी साधन, औजार, मेशिनरी, उपकरण, एक्सरे वा एमआरआई जस्ता स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने उपचारजन्य यन्त्र वा यस्तै अन्य यान्त्रिक मालसामानहरू त्यस्तो समान स्तरको मालसामान उत्पादन वा वितरण गर्ने उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेतालाई कम्तिमा सात दिनदेखि बढीमा पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराई खरिद गर्नसक्ने व्यवस्था रहेको छ । नियमावलीमा भएको व्यवस्था विपरित कार्यालयले बिना प्रतिस्पर्धा अग्री ईन्कर्पोरेटेड प्रा.लि. सँग रु.२०,०८,१००।०० (मू.अ.कर नलाग्ने) मा एम्बुलेन्स क्याटलग सपिङ बिधीबाट सम्झौता गरि खरिद गरेको पाईयो । कार्यालय र फर्मका बिचमा MAHINDRA BALERO AMBULANCE 4 WD TYPE-‘B' खरिदका लागि मिति २०८१।०८।१९ मा सम्झौता भएको देखिन्छ। यसरी नियमावलीमा भएको व्यवस्था विपरित बिना प्रतिशपर्धा सोझै खरिद गर्नु नियमसम्मत देखिएन । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

९०.४

**धरौटीः** सार्वजनिक निकायले उपनियम (१) बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिल वा बिजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले अग्नी ईन्कर्पोरेटेड प्रा.लि. लाई रु.२०,०८,१००।०० भुक्तानी गर्दा ५ प्रतिशतले हुने धरौटी रकम रु.१,००,४०५।०० कट्टी गरेर मात्र भुक्तानी दिनु पर्नेमा कट्टी गरेको पाईएन । अतः धरौटी रकम कट्टा गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,४०५ |

९१ **बाख्रा तथा बोका खरिद अनुदान**

सुदुरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन निमावली, २०७९ को अनुसूची-९ मा उन्नत जातका गाई तथा भैसी खरिदमा अनुदान वितरण गर्दा अधिकतम ५० प्रतिशत अनुदान दिन सकिन्ने व्यवस्था छ। पालिकाले देहायका व्यक्ती तथा बाख्रा पालन उपभोक्ता समितिलाई बोका तथा बाख्रा खरिदका लागि दिएको अनुदानमा ५० प्रतिशत कट्टा गरेको देखिएन। अतः बोका तथा बाख्रा खरीदका लागि भुक्तानी भएका पच्चास प्रतिशत वढी अनुदान रकम असुल गर्नु पर्ने रू

| सि.नं. | नाम | बोका तथा बाख्रा खरिद रकम | ५० प्रतिशतले हुने रकम |
|---|---|---|---|
| १ | बाख्रा पालन नसल सुधार उ.स. | १७०००० | ८५००० |
| २ | दलित वस्ती बाख्रापलन उ.स. | ९५००० | ४७५०० |
| ३ | थेपा गोयल | ४०००० | २०००० |
| | **जम्मा** | | **१५२५००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,५०० |

९२ **मौरी घार**

सार्वजनिक निकाएले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।नियमावली को ११ मा सार्बजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधिनमा रहि तयार गर्नु पर्नेछ।मालसामान खरिद गर्दा खरिद ऐन/नियमावलीले तोकेको प्रक्रिया पुरा गरि स्विकृत जिल्ला दररेट अनुसार खरिद गर्नुपर्ने व्यवस्था छ।तर, पालिकाले निम्न फर्म बाट जिल्ला दररेट भन्दा बढी मुल्य राखी खरिद गरेको छ।जुन सम्बन्धित फर्म बाट असुल गरि दाखिला गर्नुपर्ने रु.

| सि.नं. | आपूर्तिकर्ताको नाम | जिल्ला दररेट रु.(प्रति घार) | घार संख्या | खरिद मुल्य रु. (प्रति घार) | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | श्री नविन कृषि तथा पशुपन्छी फर्म, दार्चुला | ८,५००।०० | २० | १२,०००।०० | ७०,०००।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,००० |

९३ **कृषि पकेट क्षेत्र कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रम अन्तर्गत ओखर पकेटमा यो वर्षमा कार्यक्रम, तालिम र ५० प्रतिशत अनुदानमा रू.१२,००,०००। खर्च भएको छ।

पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरी कार्यक्रम सञ्चालन नगरी पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन गरी मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अतः कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

**केहि उद्धाशरणहरु**

| क्र.स. | गो.भौ.नं/मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | २२५-०८२/०३/११ | ओखर पकेट | श्री बालिचन्द्र कृषक समुह | २,२०,०००।०० |
| २ | २२९-०८२/०३/१३ | ओखर पकेट | श्री महामायी कृषक समुह | २,२०,०००।०० |
| ३ | २३७-०८२/०३/१५ | ओखर पकेट | श्री रानी रनेवास अगुवा कृषक समुह | २,२०,०००।०० |
| ४ | २४१-०८२/०३/१६ | ओखर पकेट | श्री रोशनी कृषि फर्म | २,२०,०००।०० |
| **जम्मा** | | | | **८,८०,०००।००** |

९४ **स्वास्थ्यतर्फ**

९४.१ (९४-2081-10-20):

**न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा गत वर्षको मौज्दात २८२ थान र यो वर्ष ५०० थान गरी जम्मा ७८२ थान रहेको छन । यो वर्ष ५०० थान रू.५,००,०००।०० को खरिद गरेकोमा ३१२ जना प्रसुती भएको सोही अनुसार झोला वितरण गरेको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ४७० थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्ने र लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले पालिकाले ध्यान दिनुपर्दछ ।

९४.२ **स्वास्थ्य कार्यक्रम सञ्चालन** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक बर्ष २०८१/८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसङ्ख्या सम्बन्धी कार्यक्रमका लागि जारी सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपियोडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्वन्धी विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ। साथै यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी सोको प्रतिवेदन गर्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष स्वास्थ्य सँग सम्बन्धित निम्नानुसार कार्य गरेकोमा मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मुल्याङ्कन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैन। कार्याविधि अनुसार नियमित अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रम | बजेट रू. | खर्च रू. |
|---|---|---|---|
| २ | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | २८०००० | २८०००० |
| ५ | पोषण कार्यक्रम | ३६८००० | ३६८००० |
| ६ | किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि Active Case Detection तथा slide ढुवानी समेत | ७५००० | ० |
| ७ | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ३३१५००० | २५९३००० |
| ८ | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतता | ३३६००० | ३३६००० |
| ९ | स्वास्थ्य चौकी व्यवस्थापन | ११३००० | ११३००० |
| ११ | समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण एवम् घरदैलो क्षयरोग खोजपडताल कार्यक्रम | १२३००० | १२३००० |
| १२ | किशोरकिशोरी स्वास्थ्य सेवा | ९८००० | ९८००० |
| १३ | अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र कार्यक्रम सञ्चालन | ५००००० | ५००००० |
| १४ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | १००००० | १००००० |
| १५ | महामारी तथा आकस्मिक रोग नियन्त्रण | १००००० | ९९८५१ |
| १६ | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | ८६००० | ८६००० |
| १७ | एच.पि.भी खोप व्यवस्थापन तथा संचालन सम्बन्धि कार्यक्रम | ५३३००० | ५३३००० |
| १८ | परिवार योजना सेवा | ७६००० | ७६००० |
| १९ | जेरियाट्रिक तथा लैगिंक हिंसा व्यवस्थापन कार्यक्रम | ५०००० | ५०००० |
| २० | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम | ११८८००० | ११८८००० |
| २१ | स्थानिय तहतर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | ४५४६००० | २४५९२९६।७५ |
| २२ | जुनोटिक रोगहरू, AMR सम्बन्धि पैरवी तथा अभिमूखिकरण कार्यक्रम,AMR Day,Rabies Day | २०००० | २०००० |
| २३ | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी, रेकर्डिङ तथा रिपोर्टिङका लागि फर्म फरमेट छपाइ क्षयरोग सम्बन्धी कार्यक्रम | १२५००० | १२५००० |
| २४ | इपिडेमियोलोजिकल रिपोर्टिङ्ग | १२००० | १२००० |
| २५ | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ७००००० | ७००००० |
| २६ | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ४८०००० | ४६५००० |
| २७ | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १४८३००० | १४८२९८६।६८ |
| | **जम्मा रू.** | **५८८८८०००।००** | **५५५२२६६१।०५** |

९४.३ **कडा रोग उपचार खर्च** - मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधी उपचारबापत खर्च उपलव्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को बुँदा नं. ४ मा नेपाल सरकारले तोकेको मासिक पाँच हजार

रुपैयाँको दरले यस कार्यविधिमा तोकिएका ४ प्रकारका कडा रोगीहरुको बैङ्क खातामा जम्मा गरिने तर नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आधिकांश स्वामित्व भएका संस्थाबाट रोजगारी वा पेन्सन वा विदेशी सरकारबाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेका व्यक्तिलाई यस निर्देशिका बमोजिमको सुविधा प्रदान नगरिने उल्लेख छ । त्यसैगरी बुदाँ नं. ८ मा मन्त्रालय र प्रदेश सरकारको स्वास्थ्य हेर्ने मन्त्रालयले उपचार खर्च सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्ने व्यवस्था छ । यो वर्ष पालिकाबाट उल्लिखित ४ प्रकारका १३ रोगीहरुलाई मासिक रू.५०००।०० का दरले रू.४६५०००।०० उपचार खर्चवापत भुक्तानी भएको छ । उक्त लाभग्राहीले प्राप्त गरिरहेका उपचारको खर्चको सम्बन्धमा कार्यविधिको बुँदा नं. ८ बमोजिम अनुगमन भएको अभिलेख देखिएन जसले गर्दा बुँदा नं. ४ बमोजिम यस्तो सुविधा पाउने या नपाउने सम्बन्धी परीक्षण गर्न सकिएन । कार्यविधि बमोजिम सम्बन्धित निकायहरुले अनुगमन गर्नुपर्दछ ।

९४.४ **औषधी खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधी पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ती व्यवस्थापन गर्नुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग विभिन्न मितिमा रू.२१,३०,००९।६७ को औषधी पत्रपत्रिकामा प्रकाशन भएको दर रेटलाई आधार मानि सोझौ खरिद गरेको देखिन्छ।

| क्र.सं. | गोभौ | मिति | औषधी आपूर्तीकर्ताको नाम | रकम |
|---|---|---|---|---|
| १ | ७२।०८१।०९।१२ | २०८१।०८।२४ | मेगा मेडिसिन सप्लायर्स | १२३४९९२।६७ |
| २ | | २०८२।०३।०५ | मेगा मेडिसिन सप्लायर्स | ५०००००।०० |
| ३ | २७८।०८२।०३।२१ | २०८२।०३।१७ | मेगा मेडिसिन सप्लायर्स | ९५०२२।०० |
| ४ | ३४।०८२।०३।१७ | २०८१।१०।०३ | एभरेष्ट सर्जिमेड एण्ड सप्लायर्स | २९९९९५।०० |
| **जम्मा रू.** | | | | **२१३०००९।६७** |

- खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको।
- आपूर्ती हुने औषधी डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।
- आपूर्ति भएका औषधी एंवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधीको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको।
- औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको।

तसर्थः औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरू जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

९४.५ **म्याद सकिन लागेका औषधी** - आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समय देखि औषधी Self life को कम्तिमा ३/४ भाग अवधि बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लिखित सबै विवरण खुलाउनुपर्दछ ।औषधीहरु खरिद गर्दा self life विशेष ध्यान दिई भण्डारणमा रहेको औषधीको परिमाणलाई पनि

ध्यान दिनुपर्दछ । पालिकाले यसवर्ष खरिद गरेको देहायका २३ आइटम रू.१७,४५२।०० मूल्यको औषधीहरुको self life expire कम्तिमा ६ महिना वाँकी रहेको देखिन्छ । खरिद गर्दा म्याद सकिने समयलाई ध्यान दिई खरिद गर्नुपर्दछ ।

| क्र स | विवरण | ३ महिना म्याद | ६ महिना भित्र म्याद | परिमाण | एकाई मुल्य | जम्मा रू. |
|---|---|---|---|---|---|---|
| १ | Chlorhexidine Gel 4% (Navi Malam) Tube # | ० | १३ | १३ | २५ | ३२५ |
| २ | Oxymetazoline 0.1% 5 ml Nasal Drop # | ४ | ० | ४ | ८० | ३२० |
| ३ | Zinc Sulphate 20 mg Tablet # | ० | ९०० | ९०० | १ | ५८५ |
| ४ | Benzathine Benzylpenicillin 12 Lac IU Injection | ० | १० | १० | ५० | ५०० |
| ५ | Ceftriaxone 1 g Injection # | ० | १५ | १५ | ६५ | ९७५ |
| ६ | Hyoscine butylbromide 20 mg / ml Injection # | ५ | ० | ५ | २६ | १३० |
| ७ | Combi Kit Mifepristone 200 mg 1 Tab Misoprostol | ३ | ० | ३ | ४६५ | १३९५ |
| ८ | Fluoxetine 20 mg Tablet # | ० | ५० | ५० | ४ | २०० |
| ९ | Metformin 1 g Tablet # | ० | २०० | २०० | ४ | ८०० |
| १० | Thyroxine 50 mcg Tablet | ० | ४ | ४ | २२० | ८८० |
| ११ | Sulphamethoxazole 200 mg / 5ml + Trimethoprim | ० | २ | २ | ३० | ६० |
| १२ | Clove Oil 5 ml Drop # | ० | २६ | २६ | ३९ | १०१४ |
| १३ | Ring Pessary | ० | १० | १० | ० | ० |
| १४ | Glimepiride 1 mg Tablet # | ० | २०० | २०० | ३ | ५०० |
| १५ | Foleys Catheter 10 G | ० | ५ | ५ | ९५ | ४७५ |
| १६ | Chlorhexidine Mouth Wash Solution # | १ | ० | १ | ९८ | ९८ |
| १७ | Levonorgestrel 1.5mg Tablet | ३० | ० | ३० | ८० | २४०० |
| १८ | Foleys Catheter 6 G | ० | १० | १० | ९५ | ९५० |
| १९ | Cloxacillin 125mg/5ml oral suspension # | ५ | ० | ५ | ९० | ४५० |
| २० | Mupirocin 2% w / w 20gm Tube | २ | ० | २ | २७५ | ५५० |
| २१ | Silver Sulfadiazine 0.2% Ointment 15 gm | ० | ७ | ७ | ८० | ५६० |
| २२ | Acetic Acid | ३ | ० | ३ | १३०० | ३९०० |
| २३ | Foleys Catheter 12 G | ५ | ० | ५ | ९५ | ४७५ |
| | Total | | | | | १७५४२ |

९४.६ **म्याद गुज्रेको औषधी** - औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ । कार्यालयले उपलव्ध गराएको औषधी मौज्दात विवरण अनुसार विभिन्न २१ प्रकारका २६४६९ थान औषधीहरु date expired भएको देखियो । म्याद धेरै रहेका औषधी मात्र प्राप्त गरी समयमै उपयोगको व्यवस्था मिलाउनु कार्यालयले ध्यान दिनुपर्दछ ।औषधीको अभिलेख व्यवस्थापन दुरुस्त राखी म्याद गुज्रेका औषधिको समयमै व्यवस्थापन गर्नुपर्दछ । निरिक्षणको क्रममा देखिएका केही औषधीको विवरण निम्नानुसार छन।

| क्र स | विवरण | एकाई | संख्या |
|---|---|---|---|
| १ | RDT for Malaria test kit # | kit | १०० |
| २ | Ferrous Sulphate 60 mg + Folic Acid Tab 0.4 mg Tablet # | tab | २२६०० |
| ३ | RUTF (Ezee Paste Nut) Packet # | pkt | ५४९ |
| ४ | Adrenaline 1:1000 Injection # | ampule | ८१ |
| ५ | Calcium Gluconate 10 ml Injection # | ampule | २१ |
| ६ | Magnesium Sulphate 1 g / 2 ml 50% w / v Injection # | ampule | १४ |
| ७ | Ranitidine 25mg / ml Injection 2ml # | ampule | ९० |
| ८ | Aluminium Hydroxide250 mg + Magnesium Hydroxide 250 mg or | tab | ४०० |
| ९ | Emergency Contraceptive Pills # | tab | २२ |
| १० | Carbamazepine 200 mg Tablet # | tab | १०० |
| ११ | Frusemide 40 mg Tablet # | tab | २० |
| १२ | Ofloxacin 400 mg Tablet | tab | १०० |
| १३ | Cetrizine HCL 5 mg / 5 ml Syrups # | bott | ४० |
| १४ | Determine HIV Test Kits (PMTCT) # | kit | १९६० |
| १५ | Oxygen mask with cannula | pic | २१ |
| १६ | Paracetamol 500mg + Ibuprofen 400 mg Tab | tab | २०० |
| १७ | Oxytocin 5 IU / ml Injection # | ampule | १० |
| १८ | Gamma Benzene Hexachloride & Cetrimide 60ml Lotion | bott | ३० |
| १९ | Chloroquine 250 mg Tablet | tab | १०० |
| २० | Foleys Catheter 8 G | pic | १० |
| २१ | Foleys Cathether with Urobag | pic | १ |
| | **Total** | | **२६४६९** |

९४.७ **ओ.सि.एम.सी. कार्यक्रम अनुदान** - नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट जारी भएको स्थानीय तहबाट कार्यान्वियन गरिने स्वास्थ्य तथा जनसंख्यासम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शन २०८१ एकमुष्ठ अनुदान कार्यक्रम सम्पन्न भए पश्चात सो को बिल भरपाई तथा प्रतिवदेन पालिकामा पठाउनुपर्ने उल्लेख छ । पालिकाले भौ.न. २३८।०८२।०३।१५ बाट एकद्वार संकट व्यवस्थापन केन्द्र (ओ.सि.एम.सि.) को लागि गोकुश्लेश्वर अस्पताललाई रु. ५०००००।०० अनुदान दिएकोमा सो को बिल भरपाई तथा प्रतिवेदन पेश नभएकोले मार्गदर्शनमा उल्लेख भए बमोजिम बिल भरपाई तथा प्रतिवेदनको प्रमाण पेश गर्नु पर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

९४.८ **सुरक्षित प्रसुति सेवा** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतीका आधारमा प्रसुती यातायात खर्च तथा स्वास्थ्य संस्था प्रोत्साहन खर्च र उत्प्रेणा खर्च प्रदान गर्ने व्यवस्था छ । पालिकाले यसवर्ष रू.१८,३२,८००।०० खर्च लेखेको छ । स्वास्थ्य संस्था प्रोत्साहन खर्च र उत्प्रेणा खर्च स्वरुप प्रदान गरेको रू.८,९६,८००।०० को उपयोगिताको अनुगमन गरेको पाइएन । उक्त खर्चको अनुगमन गर्नुपर्दछ ।

| बर्थिङ सेन्टरको नाम | स्वास्थ्य संस्थाको प्रसुति संख्या | प्रसुति यातायात खर्च (रू.) | स्वा संस्था प्रोत्साहन (रू.) | जम्मा (रू.) | संघको गर्भ जाँच उत्प्रेणा खर्च पाउने | | जम्मा (रू.) | जम्मा (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | संख्या | दर (रू.) | | |
| शिखर स्वास्थ्य चौकी | २० | ६०००० | ५०००० | ११०००० | ८ | ६४०० | ६४०० | ११६४०० |
| देथला स्वास्थ्य चौकी | २५ | ७५००० | ६२५०० | १३७५०० | १७ | १३६०० | १३६०० | १५११०० |
| रानिशिखर स्वास्थ्य चौकी | १६ | ४८००० | ४०००० | ८८००० | ३ | २४०० | २४०० | ९०४०० |
| ग्वानी स्वास्थ्य चौकी | ३ | ९००० | ७५०० | १६५०० | ३ | २४०० | २४०० | १८९०० |
| बोहरीगाउँ स्वास्थ्य चौकी | २८ | ८४००० | ७०००० | १५४००० | २१ | १६८०० | १६८०० | १७०८०० |
| गोकुलेश्वर अस्पताल | २२० | ६६०००० | ५५०००० | १२१०००० | ९४ | ७५२०० | ७५२०० | १२८५२०० |
| **जम्मा** | **३१२** | **९३६०००** | **७८००००** | **१७१६०००** | **१४६** | **११६८००** | **११६८००** | **१८३२८००** |

९४.९ **खोपको अवस्था** - पालिकालाई आवश्यक पर्ने खोपको डोज स्वास्थ्य कार्यालय, सुनसरीबाट प्राप्त हुने पालिकाले जनाएको छ । यस आर्थिक बर्षमा पालिकालाई १७५४८ खोप प्राप्त भएको र प्राप्त भएको मध्ये १५३६३ डोजमात्र प्रयोगमा आएको, २०४३ डोज फिर्ता भएको र ७०९ डोज खेर गएको पालिकाबाट उपलब्ध तथ्याङ्कबाट देखिन्छ । खोप फिर्ता गर्दा थप खेरजाने जोखिमलाई मध्यनजर गर्दै खोपको पूर्ण उपयोग गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

| क्र.सं. | खोपको प्रकार | प्राप्त डोज | प्रयोग भएको डोज | फिर्ता भएको डोज | खेर गएको |
|---|---|---|---|---|---|
| १ | B.C.G | ४०८० | ३१४० | ९४० | ३०० |
| २ | Rota | ६८० | ५६१ | | १० |
| ३ | O.P.V | १६१० | १४६० | १५० | ० |
| ४ | F.I.P.V | १४४५ | १३०५ | १४५ | ० |
| ५ | pcv | १२३० | १११० | ११२ | ४ |
| ६ | DPT, Hep-B, Hib | १६०० | १४५० | १५० | ० |
| ७ | M.R | २७४० | २५८० | १५० | ० |
| ८ | J.E | १०९५ | ८९० | २०५ | ३९० |
| ९ | TCV | ७१५ | ५७५ | १३० | ५ |
| १० | TD | ११०० | १०६० | ४० | ० |
| ११ | HPV | १२५३ | १२३२ | २१ | ० |
| | **जम्मा** | **१७५४८** | **१५३६३** | **२०४३** | **७०९** |

९४.१०(३०६-2082-03-04):

**अतिरिक्त समय भत्ता** - अतिरिक्त समय भत्ता भुक्तानी दिँदा अतिरिक्त भत्ता दिन पाउने आधार प्रमाण सहित काम गरेको कागजात पेश हुनुपर्दछ । पालिकाले अतिरिक्त समय भत्ता, नाईट भत्ता, जोखिम भत्तामा गोकुलेश्वर अस्पताललाई रू.२७,५७,३६४।०० खर्च गरेको छ। अतिरिक्त समय काम गरेको प्रमाणित हाजिरी विवरण मात्र समावेश गरेको छ । अतिरिक्त समय काम गरेको र सेवावाट प्राप्त हुने गुणस्तरिय नतिजाको आधारमा हाजिरी प्रमाणित गरेर व्यवस्थित अभिलेख राखी प्रचलित कानुन बमोजिम भुक्तानी दिन सकिने स्पष्ट आधारको प्रमाण भए मात्र अतिरिक्त समय काम गरे वापत भत्ता भुक्तानी हुनु पर्नेमा अस्पतालले सो गरेको देखिएन साथै पालिकाले सोको अनुगमन गरेको पाइएन । पालिकाले अनुगमन गर्नतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९४.११(११५-2081-11-13):

**झोला खरिद** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदानतर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा कार्यक्रमका लागि निकासा भएको बजेटलाई सम्बन्धित कार्यक्रमको लागि खर्च गर्नुपर्ने तथा गत विगतमा जिन्सीमालसामान खरिद गरिसकेको भए यसवर्ष गर्न नहुने उल्लेख छ। शाखाले सोही कार्यक्रमको लागि गत विगतमा झोला खरिद गरेता पनि पुनः कार्यक्रमको लागि २० झोला खरिद गरी रू. ३०,०००।०० (मूअकरसहित) खर्च गरेको छ। कार्यक्रमको लागि खर्च गर्नुपर्ने जिन्सी मालसामान खरिद गरेको कार्य नियमसम्मत मान्न सकिने अवस्था छैन । अतः यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ९५ शिक्षातर्फ

९५.१ **शिक्षकको अभिलेख** - शिक्षा नियमावली, २०५९ को परीच्छेद-३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढ्ुवाको लागी सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिवृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालयस्तरमा संचालन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी यकिन विवरण जिल्ला शिक्षा समन्वय इकाईबाट प्राप्त गरि सोही अनुसार खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले चौमासिक तलब विवरण तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पेश नभएकोले पालिकाबाट विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलब, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन ।अतः पालिकाले शिक्षकहरूको अभिलेख अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्छ ।

९५.२ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यामिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्यांकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसबाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

९५.३ **अनुदानको अनुगमन** - शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा जारी कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ मा भएको व्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रीया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले अन्तर्गतका विद्यालयहरुलाई यो वर्ष निम्नानुसार रू.२१५०६८९१८।५० अनुदान निकासा गरेकोमा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन गर्ने तथा प्रतिवेदन दिने गरेको देखिएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसार नियमित अनुगमन हुनुपर्दछ।

९५.४ **शैक्षिक गुणस्तर** - सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिक बीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधारजस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ ।

९५.५ **नमुना विद्यालय** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले यस वर्ष गोकुलेश्वर माध्यमिक विद्यालय, गोकुले-९ लाई रु.३०,००,०००।०० भुक्तानी दिएको छ । नमुना विद्यालयको लागि विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराएकोमा पालिकाले नियमित रूपमा अनुगमन गर्नुपर्दछ ।

९५.६ **प्रति विद्यार्थी लागतका अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रमअर्न्तगत विद्यालयलाई अनुदान निकासा पश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । यसवर्ष ५१ वटा विद्यालयमा ६८४८ विद्यार्थी रहेकोमा प्रति विद्यार्थी लागतका आधारमा अनुदान रू.१५,८९,४००।०० निकासा भएको छ। सोको उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। अत: कार्यक्रम कार्यान्वियन पुस्तिकाको पालना हुनुपर्दछ।

९५.७ **छात्रवृत्ति सहायता सार्वजनिकिकरण** - नेपालको संविधानको अनुसूची-८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षासम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पांचसय देखि आठ सय जनासम्म र आठसयभन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

९५.८ (२३९-2082-03-15):

**विपन्न लक्षित छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.३.१६ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ । त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यार्थीहरूलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार ५१ विद्यालयका १८५ विद्यार्थीहरुलाई छात्रवृत्ति वापतको रू.६,०००।०० का दरले रू.११,१०,०००।०० निकासा गरेको छ। छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ ।

९५.९

**छात्रवृत्ति** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुकोलागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्क सँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष निम्नानुसार ५१ विद्यालयका १३१७ छात्रा, ८४ जना दलित तथा २३ अपांग विद्यार्थीहरुलाई छात्रवृत्ति वापतको रू.७७०२००।०० निकासा गरेको छ। छात्रवृत्ति रकमको यथार्थ उपयोग सम्बन्धमा पालिकाबाट आवश्यक अनुगमन हुनुपर्दछ।

९५.१० **छात्रवृत्ति वितरणको भरपाईः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ । त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ । श्री मसिना आ.वि. अम्तोली पपरथला वडा नं. 8 का विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई पेश गरेको पाइएन । पालिकाले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई माग गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयको जिम्मेवार व्यक्तिबाट रू ५२०० असुल हुनुपर्ने रू.

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,२०० |

९५.११ **छात्रावृत्ति बढी निकासा** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरेको छ। त्यसैगरी IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई रकम निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट निकासा भएको रकम वितरण गर्दा देहायका विद्यालयमा रू.८४,००।०० बढी निकासा भएको छ। उक्त रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयकोनाम | छात्रा संख्या(१-५) | दलित छात्र संख्या (१-५) | जम्मा | बढि भएको संख्या | छात्रवृत्तिवापत बढी निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री सस्वती आ.वि थामु वडा.न २ | २० | १ | २१ | १ | ४०० |
| २ | श्रीभागरथी आ.वि सेतकला वडा.न ५ | ३६ | | ३८ | १ | ४०० |
| ३ | श्री शैल्यशिखर प्रा.वि उल्लानी वडा.न ६ | ३३ | | ३३ | ३ | १२०० |
| ४ | श्रीलटिनाथ मा.वि तल्चौरा वडा.न ८ | ३६ | | ३६ | १२ | ४८०० |
| ५ | गोकुलेश्वरमा.वि गोकुले वडा.न ९ | ५० | ३१ | ८१ | ४ | १६०० |
| **जम्मा** | | **१७५** | **३२** | **२०७** | **२१** | **८४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४०० |

९५.१२ **फरक दरमा छात्रवृति वितरण** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले आर्थिक वर्ष २०८१।८२ को लागि जारी गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं.२.७.११.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि विभिन्न आधारमा छात्रवृत्तिको दर निर्धारण गरी सोही बमोजिम वितरण गर्नुपर्ने व्यवस्था छ । यसवर्ष पालिकाका ७ विद्यालयले २९४ विद्यार्थीलाई छात्रवृत्तिको दर पुस्तिकाको भन्दा फरक पारी रू.२००, रू.४०० र रू.६०० को दरले रू.१,१७,६००।०० वितरण गरेको पाइयो । विद्यालयले छात्रवृत्ति वितरण गर्दा कार्यान्वयन पुस्तिका व्यवस्था बेगर भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

९५.१३ **शिक्षक दरवन्दी र पदपूर्ती** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिकाअन्तर्गत विभिन्न तहका ५१ वटा सामुदायिक विद्यालयमा १४२ शिक्षक दरवन्दी रहेकोमा १३९ स्थायी शिक्षकको पदपूर्ति रहेको छ। शिक्षक विद्यार्थीको अनुपात हेरी करार शिक्षकको पदपुर्ती गर्नुपर्दछ ।

| तह | दरबन्दी संख्या | पदपूर्ती | | | | | रिक्त | विद्यार्थी संख्या | विद्यार्थी शिक्षक अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | नगर करार | करार | जम्मा | | शैक्षिक सत्र २०८१ | |
| बालविकास | ० | | | १२ | ४२ | ५४ | ० | ७४२ | १:१४ |
| प्रा. वि. | १०७ | १०४ | २६ | ३१ | ३ | १६४ | ० | २९५७ | १:१८ |
| नि, मा. वि. | २० | २० | १६ | ४७ | ० | ८३ | ० | १४२० | १:१७ |
| मा. वि. | १५ | १५ | १२ | २७ | ० | ५४ | ० | १०४३ | १:१९ |
| उ. मा. वि. | ० | ० | ११ | ११ | ३ | २५ | ० | ६८६ | १:२७ |
| **जम्मा** | **१४२** | **१३९** | **६५** | **१२८** | **४८** | **३८०** | **०** | **६८४८** | **१:१८** |

९५.१४ **पालिका शिक्षक तलब** - अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकलाई तलब भत्तावापत सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालन रहेका र कुनै दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई एकमुष्ट अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दी बेगर एवम् दरबन्दी मिलान नगरि समानिकरण अनुदानबाट १२८ शिक्षकलाई रू.२,०९,२८,०००।०० तलब भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले विद्यालय मर्ज तथा शिक्षक दरबन्दी मिलान गर्नुको साथै शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गरी विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दरबन्दी माग गरि विद्यालयको शैक्षिक गुणस्तर कायम राख्नेतर्फ ध्यान दिनुपर्दछ।

९५.१५ **हिमाली छात्रबास अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं ७.२.१.१ स्थानीय तहले भौगोलिक अवस्था, विद्यालय र घरको दुरी, अपाङ्गताको गम्भिरता र समुदायमा उनीहरूलाई अध्ययनका लागि अनुकूल विद्यालय सिकाइ केन्द्र नभएको कारणले घरबाट दैनिक रूपमा विद्यालयमा आउन जान नसक्ने एवम् अध्ययनका लागि विद्यालयले व्यवस्था गरेको आवास तथा संघसंस्था वा अभिभावकले सञ्चालन गरेको होस्टेलमा बस्ने वा डेरामा बसेको भनी सम्वन्धित वडा कार्यालयबाट प्रमाणित भई आएका अपाङ्गता भएका बालबालिकाको सङ्ख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रू.५,०००।०० का दरले १० महिनाका लागि जम्मा रू.५०,०००।०० रकम विद्यालयलाई अनुदान दिने । विद्यालयले यस प्रकारको छात्रवृत्ति रकमबाट उल्लेख भएका लक्षित छात्र छात्राहरूका लागि खाना तथा खाजा, आवास व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने । सो मध्ये व्यक्तिगत सरसफाईका लागि आवश्यक पर्ने सामग्री (जस्तैः साबुन, काइयो, दन्त मञ्जन, बुरूस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रूमाल आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रू.५००।०० का दरले १० महिनाको जम्मा रू.५,०००।०० सम्बन्धित छात्र छात्रालाई भरपाइ गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने । पूर्ण श्रवण दृष्टिविहीनता भई चौबिसै घण्टा अभिभावक वा संरक्षकको सहयोग चाहिने (क) श्रेणीका गैरआवासीय बालबालिका र बहुअपाङ्गता भएका निरन्तर अभिभावकको आवश्यकता पर्ने बालवालिलकालाई समेत यो छात्रवृत्ति प्रदान गर्ने व्यवस्था छ । पालिकाले श्री गोकुलेश्वर माध्यमिक विद्यालय, गोकुले-९ शैल्यशिखरलाई हिमाली आवासिय छात्रावास अनुदान स्वरुप रू.१०,५०,०००।०० प्रदान गरेको छ । विद्यालयले २० जना बालबालिकाहरु छात्रावासमा बसिरहेको विवरण उपलब्ध गराएको छ । विद्यालयले रू.१०,५०,०००।०० को विल भरपाई पेश गरिसकेको छ। कार्यान्वियन पुस्तिका अनुरुप व्यक्तिगत सरसफाइका लागि आवश्यक पर्ने सामग्री प्रति विद्यार्थी मासिक रू.५००।०० का दरले १० महिनाको जम्मा रू.५,०००।०० सम्बन्धित छात्र छात्रालाई भरपाइ गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउनु पर्नेमा विद्यालयले २० जनाको रू.१,००,०००।०० को वितरण भरपाईको प्रमाण पेश गरेको छैन। अतः कार्यान्वियन पुस्तिका विपरित गरेको खर्च प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

९५.१६ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२(क) मा अधिकांश कक्षामा नियम ७७ बमोजिमको विद्यार्थी संख्या नभएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । साथै स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ती भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुदाँ नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिकास्थित ५१ वटा सामुदायिक विद्यालयमा ३३६ जना शिक्षक तथा ६८४८ जना विद्यार्थी रहेका छन । पालिकाले शून्य तथा न्यून विद्यार्थी भएका विद्यालय अन्य विद्यालयमा गाभ्ने वा अन्य प्रक्रिया संचालन गरी शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्दछ । पालिकामा रहेका विद्यालय मध्ये शिक्षक विद्यार्थी अनुपात १:५ देखि १:३१ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गरेको अवस्था देखिन्छ । अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवम् शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ९५.१६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९५.१७ **प्रति विद्यार्थी लागत** - विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्य अध्ययन गर्नुपर्ने व्यवस्था छ । पालिकाअन्तर्गत रहेका ५१ सामुदायिक विद्यालयबाट प्राप्त विवरण अनुसार विद्यालयलाई भएको कूल निकासाको आधारमा प्रति विद्यार्थी लागतको विवरण निम्नानुसार छन । पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाअन्तर्गतका निम्नानुसार २२ सामुदायिक विद्यालय (वाल विकास केन्द्रसमेत) लाई यो वर्ष कूल रू.२१,५०,६८,९१८।५० (पालिका अनुदानसमेत) चालु खर्चको लागि भएको निकासाको आधारमा प्रति विद्यार्थी लागत निम्नानुसार देखियो । प्राप्त विवरण अनुसार श्री लटिनाथ आ.वि धानाखेती वडा.न ३ मा प्रति विद्यार्थी लागत सबै भन्दा धेरै रू.१,२१,३६२।७० र श्रीमालिकार्जनु आ.वि रिम्बाटा वडा.न ८ मा सबै भन्दा कम रू.१०,८३९।०० खर्च देखिएको छ । साथै श्री लटिनाथ आ.वि मटयुल वडा.न ८ मा शून्य विद्यार्थी रहेको छ । प्रति विद्यार्थी लागतमा अस्वभाविक भिन्नता देखिनु मनासिव देखिदैन । अस्वभाविक प्रति विद्यार्थी लागत भएको विद्यालयलाई अन्य विद्यालयहरुमा समायोजन गर्न आवश्यक अध्ययन गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ९५.१७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

९५.१८ (२८४-2082-03-22):

**सेनिटरी प्याड खरिद** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम गर्नुपर्ने र कार्यविधिमा विद्यालयले आफ्ना छात्राहरुको संख्याका आधारमा आवश्यक पर्ने सेनिटरी प्याड स्थानीय तहमा माग गर्ने, पालिकाले शैक्षिक व्यवस्थापन प्रणालीको तथ्याकंसँग भिडाई विद्यालयलाई आवश्यक संख्यामा उपलब्ध गराउने, विद्यालयले प्राप्त सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा राख्ने र विद्यालयले छात्राहरूको नाम नामेसी स्पष्ट खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यहरुको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने व्यवस्था छ । विद्यालयहरुको माग फारम बेगर पालिकाले गत वर्षको मौज्दातको विवरण एकिन नगरी अनुमानित रुपमा बोलपत्र माध्यमबाट श्री आनन्द निर्माण सेवाबाट ४४३०० प्याकेट सेनिटरी (Safety Sanitary २८० mm) प्याड प्रति प्याकेट रू.३१।६४ (मु.अ.कर समेत) का दरले रू.१४,०१,६५२।०० को खरिद गरेको छ । विद्यालयमा अध्ययनरत छात्राहरुको संख्या यकिन नगरिनु, माग फाराम संकलन नगरिनु, आर्थिक वर्षको अन्त्यमा खरिद गरिनु प्रक्रियासँगत देखिएन । खरिद गरिएका सेनिटरी प्याडमध्ये जम्मा ४४३०० प्याकेट

बितरण गरेको विवरणको प्रमाण पेश गरेको छ । पालिका तथा विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरेको नपाइएकोले नियमानुसार अनुगमन गरी सही सदुपयोग भए नभएको यकिन हुनुपर्दछ ।

९५.१९(२७२-2082-03-20):

**सूचना प्रकाशन** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ खरिद गर्दा सूचाना प्रकाशन गर्नुपर्ने विषय उल्लेख छैन । पालिकाले खरिदको बोलपत्रको लागि दार्चुला एडभरटाइजिङ्ग विज्ञापन एजेन्सीलाई बोलपत्र प्रकाशन वापत रू.२,६६,९६२।०० खर्च लेखेको छ। कार्यविधि विपरित खर्च गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | २,६६,९६२ |

९५.२०(२७२-2082-03-20):

**बढी भुक्तानी** - आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ३९ अनुसार खर्चको पुष्ट्याई राख्नुपर्ने व्यवस्था छ। पालिकाले दार्चुला एडभरटाइजिङ्ग विज्ञापन एजेन्सीलाई सूचना प्रकाशन गरेको जनाई खर्च लेख्दा वढी आयातनको रू.६३,०००।०० बढी भुक्तानी गरेको छ । उक्त रकम सम्बन्धित एजेन्सीबाट असुल गर्नुपर्ने रू.

| नाम | विजक नं. | प्रति सिसि दर | भुक्तानी भएको सिसि | भुक्तानी हुनुपर्ने सिसि | बढी सिसि | बढी भुक्तानी (रू.) |
|---|---|---|---|---|---|---|
| दार्चुला एडभरटाइजिङ्ग विज्ञापन एजेन्सी | ०५८ | १४०० | १३५ | ११० | २५ | ३५००० |
| | ०५८ | १४०० | ९० | ७० | २० | २८००० |
| **जम्मा रू.** | | | | | | **६३०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,००० |

९५.२१**मापदण्ड भन्दा बढी वितरण** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.८.१० क्रियाकलाप नं. २.७.१३.२३ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूका १० महिनाका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ वमोजिम एक महिनामा १६ पिस (२ प्याकेट) वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयमा प्याड वितरण गर्दा विद्यार्थी संख्यालाई आधार नमानी दामासाही रुपले संख्याभन्दा बढी १८९८० प्याकेट रू.५,९५,९७२।०० (मूअकरसहित) वितरण गरेको छ । खरिद गर्दा संख्या एकिन नगरी खरिद गरेको तथा सो को भण्डारणको गुणस्तरियताको सुनिश्चित नभएको साथै नियमित अनुगमन नभएको पाइयो। मौज्दातको विवण राखी निरन्तर रुपमा अनुगमन गर्नुपर्ने तथा मापदण्डभन्दा बढी खरिद गरी वितरण गरेको छ । अतः यसतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | छात्राको संख्या | प्याड वितरित संख्या | बढी वितरित संख्या |
|---|---|---|---|---|
| १ | श्री मालिकार्जुन आद्यारभुत विद्यालय थला वडा.न १ | १४ | ४९० | २१० |
| २ | श्री लटिनाथ आधारभुत विद्यालय वारील वडा.न १ | ३२ | ११२० | ४८० |
| ३ | श्री कृष्ण मा.वि बलाच वडा.न १ | ८४ | २९४० | १२६० |
| ४ | श्री सत्य प्रकाश मा.वि देथला वडा.न २ | ८० | २८०० | १२०० |
| ५ | श्री भुमिराज आ.वि तौकी वडा.न २ | ४५ | १५७५ | ६७५ |
| ६ | श्री जलदेवी आ.वि रत्यौडा वडा.न २ | १९ | ६६५ | २८५ |
| ७ | श्री जगन्था आधारभुत लुइटा वडा.न ३ | १८ | ६३० | २७० |
| ८ | श्री लटिनाथ आधारभुत विद्यालय दर्मा वडा.न ३ | २२ | ७७० | ३३० |
| ९ | श्री मालिकार्जनु मा.वि काडपारी वडा.न ४ | १०८ | ३७८० | १६२० |
| १० | श्री भुमिराज आ.वि तल्लोकाडापारी वडा.न ४ | ५१ | १७८५ | ७६५ |
| ११ | श्री लटिनाथ आ.वि र्बमुडै वडा.न ५ | २० | ७०० | ३०० |
| १२ | श्री भागरथी आ.वि सेतकला वडा.न ५ | ४१ | १४३५ | ६१५ |
| १३ | श्री मालिकार्जुन मा.वि आगर वडा.न ५ | १३१ | ४५८५ | १९६५ |
| १४ | श्री पशुति भवव मा.वि ग्वानी वडा.न ६ | ९२ | ३२२० | १३८० |
| १५ | श्री मालिकार्जनु मा.वि मिलमिली वडा.न ६ | ६३ | २२०५ | ९४५ |
| १६ | श्री लटिनाथ आ.वि खोल्सी वडा.न ७ | ८ | २८० | १२० |
| १७ | श्री हुनैनाथ मा.वि दैवथली वडा.न ७ | ४० | १४०० | ६०० |
| १८ | श्री बद्रिनाथ मा.वि बोहरीगाउँ वडा.न ७ | ४५ | १५७५ | ६७५ |
| १९ | श्री लटिनाथ मा.वि तल्चौरा वडा.न ८ | ३० | १०५० | ४५० |
| २० | श्री गलैनाथ मा.वि झरकाडा वडा.न ८ | ९० | ३१५० | १३५० |
| २१ | गोकुलेश्वर मा.वि गोकुले वडा.न ९ | १४९ | ५२१५ | २२३५ |
| २२ | श्री लटिनाथ मा.वि बस्कोट वडा.न ९ | ६६ | २३०० | ९८० |
| २३ | बैतालेश्वर आ.वि नायल नक्तड वडा.न ९ | १८ | ६३० | २७० |
| **जम्मा** | | **१२६६** | **४४३००** | **१८९८०** |

९५.२२ **बढी ग्रेड भुक्तानी** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै पनि विद्यालयले आबश्यक भन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले विद्यालयका शिक्षकहरुको तलब भत्ता अनुदान निकासा गर्दा देहायका विद्यालयका शिक्षकलाई निम्नानुसार बढी रु.४०,६१७।०० भुक्तानी गरेको पाइयो । उक्त बढी निकासा रकम सम्बन्धित शिक्षकबाट असूल हुनुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | नाम | भएको ग्रेड संख्या | हुनुपर्ने ग्रेड | बढी ग्रेड | ग्रेड रकम | भुक्तानी भएको महिना | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सत्यप्राकाश मा वि देथला | उत्तम बहादुर पाल | ४ | ३ | १ | १४५६ | ९ | १३१०४ |
| २ | गलैनाथ मा वि झरकाडा | जयधन जोशी | ७ | ६ | १ | १६२५ | ७।२० | १२४५९ |
| ३ | गलैनाथ मा वि झरकाडा | चन्द्र देव जोशी | ७ | ६ | १ | ११५८ | १३ | १५०५४ |
| **जम्मा रू.** | | | | | | | | **४०६१७।००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,६१७ |

९५.२३ **ICT ल्याब व्यवस्थापन** - कार्यान्वयन पुस्तिका २०८१।८१ मा अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरूप कार्यान्वयन गरे/नगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मावन स्रोत विकास केन्द्रमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले श्री लटिनाथ आधारभूत विधालय बस्कोट-९ लाई ICT व्यवस्थापनका लागि रु.६,५०,०००।०० बजेट निकासा दिएको पाइयो । उक्त बजेटबाट विद्यालयले ICT का सामान खरिद गरेको देखिन्छ । खरिद गरिएको सामान स्पेशिफिकेशन बमोजिम हुनुपर्ने भनी उल्लेख भएकोमा सो बमोजिमको मालसामान आएको खुलाएको बिल र जिन्सी दाखिलामा देखिएन । साथै खरिद गरिएका उपकरणहरु स्पेशिफिकेशन बमोजिम आपूर्ति भएको भनी विद्यालयले समेत परीक्षण गरेको प्रमाण कागजात संलग्न गरी राखेको पाइएन । अतः यस सम्बन्धमा पालिकाबाटै Specification अनुसारको मालसामान आए नआएको अनुगमन गर्नुपर्दछ ।

९५.२४ **पुस्तकालय तथा ICT अनुदानः** २५६।०८२।०३।१८ कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ स्थानीय तहले विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूची तयार गरी सो सूचीमध्येबाट सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने गरी विद्यालयबाट प्रस्ताव माग गर्नुपर्ने, साथै अनुदान प्राप्त विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने, लाईब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तैः पुस्तक र्‍याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्री व्यवस्था गर्न कुल बजेटको २५ प्रतिशतसम्म बजेट सार्वजनिक खरिद ऐनअनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयको प्रस्ताव मूल्याङ्कन गरी देहायका विद्यालयले पुस्तकालय तथा ICT व्यवस्थापनका लागि प्रति विद्यालय रु.६,५०,०००।०० का दरले रू.१९,५०,०००।०० अनुदान उपलब्ध गराएको छ । पालिकाले पुस्तकबाहेक अन्य सामग्रीमा रू.९,४६,०२०।०० खर्च गरेको छ। पुस्तिकाले तोकेको मापदण्ड भन्दा रू.१,३२,७०५।०० बढी खर्च भएको देखिन्छ । उक्त सामानहरू उल्लेखित विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरणको प्रयोजनमा प्रयोग भएको पालिकाले अनुगमन गर्नुपर्ने तथा मापदण्ड भन्दा रू.१,३२,७०५।०० बढी खर्च गरेको छ । अतः पालिकाले निर्देशिकाविपरित खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | रकम (रू.) | २५ प्रतिशतले हुने रकम | २५ प्रतिशत भन्दा बढी खर्च (रू.) | पुस्तकबाहेक खर्च (रू.) |
|---|---|---|---|---|---|
| १ | श्री शैल्यशिखर आधारभुत विद्यालय, उल्लानी-६ | ६५०००० | १६२५०० | ४९७०५ | ४३३००० |
| २ | श्री मालिकार्जुन आधारभुत विद्यालय, थला-१ | ६५०००० | १६२५०० | ८३००० | ५१३०२० |
| ३ | श्री लटिनाथ माध्यमिक विद्यालय, बस्कोट-९ | ६५०००० | ICT ल्याब व्यवस्थापन | | |
| जम्मा रू. | | १९५०००० | | १३२७०५ | ९४६०२० |

९५.२५ **एकमुष्ट अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरुलाई प्रति विद्यालय रु.१० लाख एकमुष्ठ अनुदान दिने तथासोको लागि अनुदान लिने विद्यालयसँग केन्द्रले तोकेअनुसारको ढाँचामा विद्यालय संचालनका लागि करार सम्झौता गर्ने र करार सम्झौता बमोजिम कार्य सम्पादन भए नभएको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्ने उल्लेख छ । पालिकाले देहायका विद्यालयलाई भौ. न. ७३।०८१।०९।२७ समेतबाट कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भएको प्रावधान वेगर रु.४०,००,०००।०० अनुदान निकासा गरेको देखियो। अतः पुस्तिका उल्लेख भएबमोजिम करार सम्झौता र सो बमोजिमको कार्यसम्पादन भएको बिल भरपाई तथा नियमित अनुगमन गर्नुपर्दछ।

| **क्र.स.** | **विद्यालय** | **निकासा** | **विद्यार्थी संख्या** |
|---|---|---|---|
| १ | श्री नवदेव आ.वि काडाँपारी वडा.न ४ | १०००००० | ६३ |
| २ | श्री लटिनाथ आ.वि बन्तोली वडा.न ७ | १०००००० | २४ |
| ३ | श्री मालिकार्जनु आ.वि मल्चौरा वडा.न ८ | १०००००० | ८१ |
| ४ | श्री मालिर्काजुन आ.वि रातीसैनि वडा.न ९ | १०००००० | ४० |
| | **जम्मा** | **४००००००** | **२०८** |

९५.२६ (७१-2081-09-12):

**विद्यालयको लेखापरीक्षण** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभूत तह सञ्चालित विद्यालयहरुलाई रु.१०,०००।०० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५,०००।०० अनुदान दिने व्यवस्था छ। पालिकाअन्तर्गत सञ्चालित ४७ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रु.५४००००।०० अनुदान रकम निकासा दिएको देखियो । पालिकाले विद्यलयबाट प्रतिवेदन प्राप्त गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वियनमा ल्याए नल्याएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

९५.२७ **शैक्षिक गुणस्तर सुदृढीकरण अनुदान** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ अनुसार तोकिएको सुचकाङ्कका आधारमा उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई सिकाई सुदृढिकरणका उच्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख अनुदान दिने उल्लेख छ । पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्व-मुल्याङ्कनको नगरी दामासाही रुपमा देहायका विद्यालयलाई रू.५०,०००।०० का दरले अनुदान निकासा भएको देखियो। पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यहोरा पालना नगरी अनुदान निकासा गरेको नियमसम्मत देखिएन। अतः निर्देशिका बमोजिम खर्च गर्ने परिपाटिको विकास गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | श्री गोगाड आधारभुत विद्यालय, मल्लाथला-१ | ५००००।०० |
| २ | श्री सत्य प्रकाश माध्यमिक विद्यालय, देथला-२ | ५००००।०० |
| ३ | श्री जगनाथ आधारभुत विद्यालय, लुइटा-३ | ५००००।०० |
| ४ | श्री लटिनाथ आधारभुत विद्यालय, दर्मा-३ | ५००००।०० |
| ५ | श्री मालिकार्जुन माद्यमिक विद्यालय, काँडापारी-४ | ५००००।०० |
| ६ | श्री भुमिराज आधारभुत विद्यालय, तल्लोकाडापारी-४ | ५००००।०० |
| ७ | श्री लटिनाथ आधारभुत विद्यालय, ओसिल-४ | ५००००।०० |
| ८ | श्री भागिरथी आधारभुत विद्यालय, सेतकला-५ | ५००००।०० |
| ९ | श्री मालिकार्जुन माध्यमिक विद्यालय, आगर-५ | ५००००।०० |
| १० | श्री मसिना आधारभुत विद्यालय, अम्तोली-८ | ५००००।०० |
| | **जम्मा** | **५०००००।००** |

९५.२८ (२६९-2082-03-20):

**दिवा खाजा** - कार्यक्रम पुस्तिका २०८१/८२ को अनुसूची ४(ख) मा ४ देखि १२ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सुक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसैगरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूहमार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकामा विश्व खाद्य कार्यक्रम मार्फत स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न उपलब्ध गराउने तथा सोको ढुवानी पालिकाले बेहोर्ने गरेको पाइयो । पालिकाले शसर्त अनुदानबाट कुल ५१ विद्यालयका लागि दिवा खाजा ढुवानी वापत रू.१७,१९,१७३।१० विद्यालयको खातामा निकासा गरेको पाइयो । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्बन्धित निकायबाट अनुगमन गरी यससँग सम्बन्धित निकायले सहि सदुपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

९५.२९ **दिवा खाजा अनुगमन** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **६८,०९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

९५.३० **सामुदायिक सिकाई केन्द्रलाई अनुदान** -

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९५.३१ **अनुदानको प्रावधान विपरित खर्च** - कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं २.७.१३.११ मा सामुदायिक सिकाई केन्द्रको संचालन अनुदान निकासाको लागि वार्षिक साधारण सभा भएको, बजेट र कार्यक्रम पास गरेको, लेखापरिक्षण प्रतिवेदन पेश

गरेको लगायतका ५ वटा मापदण्ड पुरा भएको अवस्थामा स्थानीय तहले स्थलगत निरीक्षण पश्चात एकमुष्ट रू.३ लाख अनुदान निकासा गर्ने उल्लेख छ । सामुदायिक सिकाई केन्द्रले परिचालिकालाई देहायका कार्यक्रम संचालन खर्च प्रदान गर्दा कार्यान्वियन पुस्तिकाको प्रावधान विपरित छोटो समय (१ देखि ३ दिनसम्म) का कार्यक्रम गरी रू.५,४०,०००।०० खर्च गरेको छ। कार्यान्वियन पुस्तिका विपरित गरेको रू.५,४०,०००।०० खर्च नियमसम्मत नदेखिको रू.

| क्र.सं. | सिकाई केन्द्र | नाम र थर | कार्यक्रम | खर्च (रू.) |
|---|---|---|---|---|
| १ | गोकुलेश्वर सामुदायिक सिकाई केन्द्र | शारदा खडायत | एकल महिलाहरुका लागि १ दिने अभुमुखिकरण | १६५००० |
| २ | दुर्गा भवानी सामुदायिक सिकाई केन्द्र | हेमन्ती पाल | बचत तथा ऋण परिचालन ३ दिने कार्यक्रम | १६५००० |
| ३ | गोकुलेश्वर सामुदायिक सिकाई केन्द्र | शारदा खडायत | विद्यालयगत अभिभावक शिक्षा तथा नागरिक शिक्षा कार्यक्रम | २१०००० |
| जम्मा रू. | | | | **५४००००** |

| | |
|---|---|
| अनियमित भएको | ५,४०,००० |

९५.३२(७३-2081-09-17):

**विद्यालय सुधार योजना निर्माण** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आधारभूत तहका विद्यालयलाई प्रति विद्यालय रु.१५,०००।०० र माध्यमिक विद्यालयहरुलाई रु.२०,०००।०० का दरले एकमुष्ठ अनुदान दिने उल्लेख छ । यस्तो अनुदान विद्यालय सुधार योजना निर्माण गरेका तथा अद्यावधिक गरेका विद्यालयहरुलाई मात्र उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले पालिकाभित्रका ४७ वटा विद्यालयहरुलाई विद्यालयलाई सुधार योजना निर्माणको लागि रु.७,७५,०००।०० निकासा दिएकोमध्ये देहायका २५ वटा विद्यालयहरुबाट विद्यालय सुधार योजना निर्माण गरी पालिकामा पेश गरेको देखिएन । पुस्तिकामा उल्लेखित व्यवस्था बमोजिम विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गरी विद्यालयले योजना अनुरुपको शैक्षिक सुधार कार्यक्रम गरे नगरेको सम्बन्धमा पालिकाबाट लेखाजोखा हुनुपर्ने साथै ९ विद्यालयले योजना निर्माण गरेको प्रमाण पेश गरेको छैन ।अतः सम्बन्धमा पालिकाको ध्यान जानुपर्दछ ।

| क स | विद्यालयको नाम | तह | विद्यालय सुधार योजना (SIP) |
|---|---|---|---|
| १ | श्री मालिकार्जनु प्रा.वि किडेपातल वडा.न ६ | ०-३ | १५००० |
| २ | श्री लटिनाथ आ.वि खोल्सी वडा.न ७ | ०-८ | १५००० |
| ३ | श्री हुनैनाथ मा.वि दैवथली वडा.न ७ | ०-१० | २०००० |
| ४ | श्री भैरबनाथ आ.वि दोबाटाँ वडा.न ७ | ०-३ | १५००० |
| ५ | श्री मसिना आ.वि अम्तोली पपरथला वडा.न ८ | ०-५ | १५००० |
| ६ | श्री सस्वती आ.वि अम्तोली वडा.न ८ | ०-३ | १५००० |
| ७ | श्री लटिनाथ आ.वि मटयुल वडा.न ८ | ०-३ | १५००० |
| ८ | श्री गलैनाथ बैतालेशवर प्रा.वि नायल वडा.न ९ | ०-५ | १५००० |
| जम्मा रू. | | | **१४००००** |

९५.३३ **पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ । यसरी अनुदान उपलब्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, विद्यार्थीहरुले शैक्षिक सत्रको सुरुवात मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य स्थानीय तहको हुने, जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्धता, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने लगायतका व्यवस्था छ । पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८२ को तथ्याङ्कलाई आधार मानी सामुदायिक विद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका विद्यार्थीको लागि रू.४१२२४०७।९६ अनुदान दिएको जनाएको छ। विद्यालयका सम्पुर्ण विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको पालिकाले अनुगमन गर्नुपर्दछ ।

९५.३४ **भरपाई नभएको** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ। पालिकाले यस आ.व.मा IEMIS मा प्रविष्ट तथ्याङ्क र विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन नगराई IEMIS मा देखिएको शैत्रिक सत्र २०८२ को तथ्याङ्कलाई आधार मानी सामुदायिक विद्यालयतर्फका कक्षा १ देखि १२ सम्मका विद्यार्थीको लागि रू.४१८६६९।०० अनुदान दिएको जनाएको छ । उक्त विद्यालय मध्ये देहायका विद्यालयबाट रू. ४१८६६९।०० रकम बराबरको पुस्तक खरिदको बिल तथा वितरणको भरपाई पेश गरेको पाइएन । विद्यालयमा अध्ययनरत विद्यार्थीको यथार्थ तथ्यांकसँग सत्यापन गराई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रू

| क्र.सं. | विद्यालयको नाम | जम्मा |
|---|---|---|
| १ | श्री मालिकार्जनु मा.वि काडपारी वडा.न ४ | २२१४९७ |
| २ | श्री मालिकार्जनु मा.वि मिलमिली वडा.न ६ | १९७१७२ |
| | **जम्मा रू.** | **४१८६६९** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२४,०६६.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८,५८०.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **७,४५३.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,२२०.८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **३८,४११.६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१२,६५७.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१६,७३४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **१३,७१४.४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२५,६२१.३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **८६,३६६.०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **९,८४१.३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,१८,६६८.३७ |

९५.३५(३०२-2082-03-23):

**बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिने व्यवस्था छ।पालिकाले IEMIS र विद्यालयको हाजिरमा रहेका विद्यार्थिको तथ्याकं यकिन नगरी बिल रकम भन्दा देहायका विद्यालयहरुलाई रू.४६,२९०।०० बढी निकासा दिएको पाइयो। सम्बन्धित विद्यालयहरुबाट बढि भएको निकासा रू. ४६२९०।०० असुल गर्नुपर्ने रू

| **क्र.सं.** | **विद्यालयको नाम** | **पाठ्यपुस्तक जम्मा निकासा (रू.)** | **बिल रकम (रू.)** | **बढी निकासा (रू.)** |
|---|---|---|---|---|
| १ | श्री गोगाड आधारभुत विद्यालय मल्लाथाला वडा.न १ | १४३४९ | १६०९६ | १७४७ |
| २ | श्री जोगेउडा प्रा.वि जोगेउडा वडा.न १ | २१४६८ | २६५७८ | ५११० |
| ३ | श्री हुनैनाथ मा.वि दैवथली वडा.न ७ | ९७७४६ | ९८८२५ | १०७९ |
| ४ | श्री मालिकार्जनु आ.वि मल्चौरा वडा.न ८ | ६०४०७ | ७०६८२ | १०२७५ |
| ५ | श्री गलैनाथ मा.वि झरकाडा वडा.न ८ | १७९६०८ | २०७६८७ | २८०७९ |
| | **जम्मा रू.** | **३७३५७८** | **४१९८६८** | **४६२९०** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५,८३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,२९० |

९५.३६ **पुस्तक खरिद** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१. मा सार्वजनिक विद्यालयमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान प्रदान गर्दा सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागि स्वीकृत दररेटका आधारमा हिसाव गरी अनुदान उपलब्ध गराउने र सो को विल भरपाईको आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका विद्यालयहरुलाई रू. ३७००२३।७३ को पुस्तक खरिद गरेको विल भरपाई बेगर निकासा दिएको पाइयो। उक्त निकासा रकमको विल भरपाई पेश गर्नुपर्ने अन्यथा देहायका विद्यालयका सम्बन्धित व्यक्तिबाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | जम्मा (रू.) |
|---|---|---|
| १ | श्री लटिनाथ आधारभुत विद्यालय वारील वडा.न १ | ८६३६६.०३ |
| २ | श्री मालिकार्जनु मा.वि मिलमिली वडा.न ६ | १९७१७१.५४ |
| ३ | श्री लटिनाथ मा.वि तल्चौरा वडा.न ८ | ८६४८६.१६ |
| | **जम्मा रू.** | **३७००२३.७३** |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२९,३४७.९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **५७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-४** को निर्णयले रू **२७,२३७.२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-३** को निर्णयले रू **१६२,६६५.३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,७०,०२३.७३ |

## ९६ सामाजिक सुरक्षातर्फ

९६.१ **वर्गगत सामाजिक सुरक्षा खर्च** - यस पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत यस बर्षमा इन्भेष्टमेन्ट मेगा बैङ्कमार्फत रू.८,९७,६२,७४३।०० वितरण गरेको विवरण उपलब्ध गराएकोमा वर्गगत सामाजिक सुरक्षा भत्ता वितरणको विवरण निम्नानुसार छन। वितरित रकमको अनुगमन गर्नुपर्दछ।

| क्र स | विवरण | संख्या | निकासा रकम (रू.) | वितरण गरेको संख्या | वितरण गरेको रकम (रू.) | फिर्ता रकम (रू.) |
|---|---|---|---|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक भत्ता | १३९५ | ६२७६३०६६ | १३९५ | ६२७६३०६६ | ११९७ |
| २ | जेष्ठ नागरिक भत्ता (दलित) | १२९ | ४१५३५४४ | १२९ | ४१५३५४४ | |
| ३ | जेष्ठ नागरिक एकल महिला | १४६ | ५०८७२९६ | १४६ | ५०८७२९६ | |
| ४ | विधवा | ३०९ | ९५२५४६० | ३०९ | ९५२५४६० | |
| ५ | पूर्ण अपाङ्गता भत्ता | ५१ | २३५४३६६ | ५१ | २३५४३६६ | |
| ६ | अति अशक्त अपाङ्गता भत्ता | १६८ | ४१६२८२२ | १६८ | ४१६२८२२ | |
| ७ | दलित बालबालिका | २८० | १७१६१८९ | २८० | १७१६१८९ | |
| | **जम्मा (रू.)** | **२४७८** | **८९७६२७४३** | **२४७८** | **८९७६२७४३** | |

९६.२ **त्रैमासिक वितरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकामा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तर्फ ९ वडाका लाभग्राहीको खातामा भत्ता रकम जम्मा गर्न इन्भेष्टमेन्ट मेगा बैङ्कमार्फत प्रथम त्रैमासिकमा रू.२,२०,४०,५२५।०० दोस्रो त्रैमासिकमा रू.२,२१,२९,४००।०० तेस्रो त्रैमासिकमा रू.२,२३,२४,९७९।०० र चौथो त्रैमासिकमा रू.२,३३,२५,३९५।०० समेत रू.८,९८,२०,२९९।०० निकासा गरेको छ। सो वितरित रकमको अनुगमन गर्नुपर्दछ।

| वडा नं. | प्रथम त्रैमासिक (रू.) | दोस्रो त्रैमासिक (रू.) | तेस्रो त्रैमासिक (रू.) | चौथो त्रैमासिक (रू.) | जम्मा खर्च (रू.) |
|---|---|---|---|---|---|
| १ | २६५८२५८ | २६३८३५९ | २६४५६५२ | २७९८०५३ | १०७४०३२२ |
| २ | २३१३३०३ | २४०९२०७ | २४२४७५३ | २५७७६३८ | ९७२४९०१ |
| ३ | १६७३७३९ | १६६७६९९ | १६७३५६३ | १७७५००७ | ६७९०००८ |
| ४ | २२२५४२९ | २२११५७७ | २२७५७६३ | २३९४९७१ | ९१०७७४० |
| ५ | १८५०४३० | १८२३९७६ | १८५११३८ | १९०६८४२ | ७४३२३८६ |
| ६ | २६००४२१ | २६५७७३६ | २६७५३४७ | २८८३९१० | १०८१७४१४ |
| ७ | २२५९८८८ | २२५७१९५ | २२७२१२६ | २३४१६७८ | ९१३०८८७ |
| ८ | २५२१०३८ | २५०१३१६ | २५१७३९२ | २५८३२२४ | १०१२२९७० |
| ९ | ३९३८०१९ | ३९६२३३५ | ३९८९२४५ | ४०६४०७२ | १५९५३६७१ |
| **जम्मा रकम (रू.)** | **२२०४०५२५** | **२२१२९४००** | **२२३२४९७९** | **२३३२५३९५** | **८९८२०२९९** |

९६.३ **मृतकको खातामा भत्ता निकासा** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। पालिकाले विभिन्न वडाको लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा बैंकबाट प्राप्त भरपाईमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो । पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अद्यावधिक गरि मृत्यु भएका तथा विवरण अद्यावधिक नगराएका लाभग्राहीको लगत कट्टी गरी बैंकलाई रकम निकासा गर्नुपर्नेमा आ.व. २०८१।८२ मा देहायका मृत्यु भएका व्यक्तिको खातामा समेत रू.२८,०२२।३० जम्मा गरेको छ । अत: मृत्यु भएका व्यक्तिको खातामा निकासा भएको रू.२८,०२२।३० सम्बन्धित खाताबाट फिर्ता ल्याई संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

| क्र.सं | नाम | वडा नं. | परिचय नं. | नागरिकता नं. | बढी निकासा |
|---|---|---|---|---|---|
| १ | तुलसी देवी डागा | ५ | २०१००२१२०६४५२ | २३६९ | ८०० |
| २ | गोविन्द सिह डागा | ५ | २०१०११२००५०३५ | २४० | १२०० |
| ३ | कलावति बिष्ट | ६ | २०५५१२०९००४०४ | ७२९ | ४१३३ |
| ४ | धौले धामी | ६ | २००५१२०३०२८२३ | ४५१ | २४०० |
| ५ | खेट्टी देबी धामी | ६ | २०२११२११००६९१ | ८५५ | १४९० |
| ६ | हरिकृष्ण जोशी | ७ | १९९५१२३१९३२३७ | १८८१ | ५३३ |
| ७ | कौशा जोशी | ७ | २०००१२३३२११५८ | २२४३ | १३३ |
| ८ | विष्णु दत्त जोशी | ८ | २०१११९०३०१८४८ | ५०८८ | १०८०० |
| ९ | अम्बा दत्त जोशी | ८ | १९९५१२३१९२७४२ | ५०५० | ४६६७ |
| १० | मने कोलेनी | ९ | २००४०१०१३६३९८ | १३१९ | १७३३ |
| ११ | धनपती देवी विष्ट | ९ | १९९७०२१५०३५६६ | ७२३०२६२१ | १३३ |
| **जम्मा रू.** | | | | | **२८०२२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,०२२.३ |

९६.४ **निष्क्रिय खाता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.न.६७ मिति २०८१।६।६ अनुसार २०७९ श्रावण १ भन्दा पहिले सामाजिक सुरक्षा भत्ताका लागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पुर्ण विवरण माग गरी रकम फिर्ता गर्नुपर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्तभन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता इन्भेष्टमेन्ट मेगा बैङ्कमार्फत भुक्तानी गर्दै आएको छ । इन्भेष्टमेन्ट मेगा बैङ्कबाट प्राप्त विवरण अनुसार Parking खातामा रहेको रू.७,१५,९२७।०० भौचर नं. ८४२४८९०९ बाट फिर्तामा गरेको पाइयो । साथै पत्र संख्या २९७-२०८२-८३-०६ अनुसार यस बैंकमा २२५ जनाको निष्क्रिय खाता रहि सो खाताहरुमा रू.४,६६,०६५।७० रहेको देखिन्छ। उक्त निष्क्रिय खातामा रहेको रकम व्याज सहित एकिन गरी संघीय कोषमा फिर्ता गरेको प्रमाण पेस गर्नुपर्ने रू.

| क्र.सं. | बैंकको नाम | निष्कृय खाताको संख्या | रकम (रू.) |
|---|---|---|---|
| १ | इन्भेष्टमेन्ट मेगा बैङ्क | २२५ | ४६६०६५।७० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६६,०६५.७ |

९६.५ **ग्राहक पहिचान अद्यावधिक** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ। बैँकले पालिका बाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के-कति लाभग्राहीको खाता अध्यावधिक भई सक्रिय भए र के-कति निस्क्रिय रहेका छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राही बुझे नबुझेकोमा यकिन हुन नसक्ने र खाता दोहोरो पर्न जाने भएकोले बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अद्यावधिक गर्नुपर्दछ।

**पारदर्शिता** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघ संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थासमेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा कार्यालयले उल्लिखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लिखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

**अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले सो कार्य गरेको पाइएन। यसतर्फ पालिका ध्यान जानुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **डण्डीको बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ बिल कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । ठेक्का नं.SMN/NCB/Works/04/2079/80 पालिकाको प्रशासकिय भवन निर्माण अन्तर्गत डण्डीको भुक्तानी गर्दा ९११७ केजि रू.१६०।०० को दरले रू.१४,५८,७२०।०० निर्माण व्यवसायी चाँदनी नमस्कार जे.भि.लाई बढी भुक्तानी भएको पाइयो । कुनै आइटममा डण्डीको औषत तौल वास्तविक भन्दा फरक राखेको, जोडजम्मा गर्दा फरक पारेको र खपत हुने डण्डी संख्या भन्दा बढी खपत देखाएको देखिन्छ । अतः सम्बन्धित निर्माण व्यवसायीबाट मूअकर सहित रू १६४८३५३।०० असुल गर्नुपर्ने रू. | १६,४८,३५३ |

| क्र.सं. | आइटम | भुक्तानी दिएको के.जी. | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी भएको के.जी. | कैफियत |
|---|---|---|---|---|---|
| १ | Footing 1 | १४६४. | १३३१.२८ | १३२.७२ | |
| २ | floor Beam | ३९.८२ | १९.९१ | १९.९१ | |
| ३ | Slab | १४९ | ६२.७ | ८६.३ | |
| ४ | Slab | ४४६ | १२४.३७ | ३२१.६३ | |
| ५ | footing of Gate | २४८.२३ | १९९.०८ | ४९.१५ | |
| ६ | Staricase | ४८६०.४४ | ४२३२ | ६२८.४४ | |
| ७ | beam | २०७१४.४५ | २२४९३.३६ | १७७८.९१ | |
| ८ | plinth beam | ३३२० | ३१६२.६६ | १५७.३४ | |
| ९ | Tie Foundation Beam | ३४५९.०३ | ३२९४.३१ | १६४.७२ | |
| १० | footing | ३३७१.३६ | २४७२.४३ | ८९८.९३ | |
| ११ | Slab | १९८५४.७४ | १८९२८.१९ | ९२६.५५ | |
| १२ | Gate footing | १४६४.४१ | १०९९.६८ | ३६४.७३ | |
| १३ | Guard post construction | १५० | १३६.५ | १३.५ | |
| १४ | Total sum different from BOQ | १२४१७७.६८ | १२०७५१.८५ | ३५७४.१७ | वास्तविक जोडजम्मा र BOQ मा उल्लेख भएको परिमाणबीच फरक |
| | **बढी भुक्तानी के.जी.** | | | **९११७** | |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : शैल्यशिखर नगरपालिका, दार्चुला , शैल्यशिखर नगरपालिका , दार्चुला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भोजराज भट्ट | २०८२-१०-०६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शेर बहादुर बुढा | २०८१-२-२ | २०८१-५-१८ |
| लेखा प्रमुख | शेर सिंह बिष्ट | २०८०-११-६ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २६,८६४,८९३.८ | ५,४८३,५११.७ | ७,२६६,९०४.८६ | ० | ० | १,३९२,८३२ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४१,००८,१४२.३६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १५,२६९,८१७.८६ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | १,६४८,३५३ |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २७,३८६,६७७.५ |

## अनुसूची - २

## बेरुजु दफा १० सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेटनिकाय) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्वअनुदान र अन्य प्राप्ति | | | | | | |
| ११००० | कर | ९,०२,४९,३४७.०५ | ० | ९,०२,४९,३४७.०५ | ८,१४,०८,२५४.५१ | ० | ८,१४,०८,२५४.५१ |
| १३००० | अनुदान | ४७,१०,७५,७५८.६५ | ० | ४७,१०,७५,७५८.६५ | ४१,९२,९८,३१४.४९ | ० | ४१,९२,९८,३१४.४९ |
| १४००० | अन्यराजस्व | ९८,३२,९२१.३७ | ० | ९८,३२,९२१.३७ | ५५,५४,०४५.१६ | ० | ५५,५४,०४५.१६ |
| १५००० | विविधप्राप्ति | ६,७५,०१७.०० | ० | ६,७५,०१७.०० | ५,२५,४००.०० | ० | ५,२५,४००.०० |
| क | **कुलजम्मा प्राप्ति** | ५७,१८,३३,०४४.०७ | | ५७,१८,३३,०४४.०७ | ५०,६७,८६,०१४.१६ | | ५०,६७,८६,०१४.१६ |
| ३ | चालु | ४१,९१,४५,२६६.०४ | ० | ४१,९१,४५,२६६.०४ | ३९,६८,१०,५०३.२५ | ० | ३९,६८,१०,५०३.२५ |
| २१००० | पारिश्रमिक / सुविधा | २१,४८,७२,७८६.१० | ० | २१,४८,७२,७८६.१० | २३,७४,७३,४५८.९० | ० | २३,७४,७३,४५८.९० |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १२,९८,८८,७४०.२२ | ० | १२,९८,८८,७४०.२२ | १४,२६,९२,१३६.०१ | ० | १४,२६,९२,१३६.०१ |
| २५००० | सहायता (Subsidy) | ४,५३,२३,९४१.०० | ० | ४,५३,२३,९४१.०० | ४१,९५,०००.०० | ० | ४१,९५,०००.०० |
| २६००० | अनुदान | १,८१,८७,५३२.०४ | ० | १,८१,८७,५३२.०४ | ० | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ५०,८२,३२६.६८ | ० | ५०,८२,३२६.६८ | ६६,४९,९१०.३४ | ० | ६६,४९,९१०.३४ |
| २८००० | अन्यखर्च | ५७,८९,९४०.०० | ० | ५७,८९,९४०.०० | ५७,९९,९९८.०० | ० | ५७,९९,९९८.०० |
| ४ | पूंजीगत | १५,९८,७७,४३९.४० | ० | १५,९८,७७,४३९.४० | ११,३३,७३,९०७.०७ | ० | ११,३३,७३,९०७.०७ |
| ३१११० | भवनतथा संरचना | ३,२४,३८,६४१.२६ | ० | ३,२४,३८,६४१.२६ | २,२७,४९,७५३.३१ | ० | २,२७,४९,७५३.३१ |
| ३११२० | सवारीसाधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | १,३३,८५,२५१.३७ | ० | १,३३,८५,२५१.३७ | २१,६४,५८४.०० | ० | २१,६४,५८४.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | २०,७४,४२९.१७ | ० | २०,७४,४२९.१७ | ४,९६,३९५.०७ | ० | ४,९६,३९५.०७ |
| ३११५० | सार्वजनिकनिर्माण | ११,१०,२६,१००.१३ | ० | ११,१०,२६,१००.१३ | ८,७१,७२,८९९.५९ | ० | ८,७१,७२,८९९.५९ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ९,५३,०१७.४७ | ० | ९,५३,०१७.४७ | २,४९,५१५.८८ | ० | २,४९,५१५.८८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३११७० | पूँजीगतसुधार खर्च | ० | ० | ० | ५,४०,७५९.२२ | ० | ५,४०,७५९.२२ |
| ख) | **कुलजम्मा भुक्तानी** | ५७,९०,२२,७०५.४४ | | ५७,९०,२२,७०५.४४ | ५१,०१,८४,४१०.३२ | | ५१,०१,८४,४१०.३२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | -७१,८९,६६१.३७ | | -७१,८९,६६१.३७ | -३३,९८,३९६.१६ | | -३३,९८,३९६.१६ |
| घ) | **धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | ६७,९१,९७७.३५ | | ६७,९१,९७७.३५ | १,९६,८६१.५६ | | १,९६,८६१.५६ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | १७,०४४.५८ | | १७,०४४.५८ | -१,४४,२३९.६५ | | -१,४४,२३९.६५ |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | -३,९७,६८४.०२ | | -३,९७,६८४.०२ | -३२,०१,५३४.६० | | -३२,०१,५३४.६० |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | १,०८,८९,६१६.८२ | | १,०८,८९,६१६.८२ | १,४७,५८,३१८.५७ | | १,४७,५८,३१८.५७ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | | | |
| ज) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | १,०४,९१,९३२.८० | | १,०४,९१,९३२.८० | १,१५,५६,७८३.९७ | | १,१५,५६,७८३.९७ |

## बेरूजु दफा १६ सँग सम्बन्धित विवरण - अनुसूची -४

| सि.नं. | कार्यक्रम | खर्च शिर्षक | श्रोत | खर्च |
|---|---|---|---|---|
| १ | ओमशान्ती वृद्धाश्रम करार कर्मचारी तलब | २२४१३ | राजस्वबाँडफाँड - संघीय सरकार | २,२४,०००.०० |
